# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ४८ पूर्णाङ्क ९७ २०७५ जेठ २१ गते सोमबार Monday, June 4, 2018 पृष्ठ ८ मूल्य रू. १०।-


## महँगी थोपर्दै ओली सरकार

काठमाडौँ । आर्थिक वर्ष २०७५/७६ को बजेट भाषणलगत्तै व्यवसायीहरूले उपभोक्ताको ढाड सेकिने गरी मूल्यवृद्धि गरेका छन् । बजेट भाषणसँगै भन्सार शुल्क र करको मात्रा बढेको भन्दै दैनिक उपभोग्य वस्तुको मूल्य भारी मात्रामा बढाइएको छ । त्यसमाथि ओली नेतृत्वले शनिबार मात्र पाँचौ पटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेपछि दैनिक उपभोग्य वस्तुको मूल्य आकाशिएको छ ।

आफूलाई वाम तथा कम्युनिस्ट सरकार भनेर नथाक्ने केपी शर्मा ओली नेतृत्वको सरकारले सय दिन गुजार्दै गर्दा पाँचपटकसम्म पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ भने दैनिक उपभोग्य वस्तुको भाउ दिनदिनै आकाशिदै गएको छ । पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिएसँगै दैनिक उपभोग्यवस्तुको भाउ अकाशिदै आएको छ । पछिल्लो बजेट भाषणसँगै अकाशिएको महंगीलाई नेपाल आयल निगमले गरेको पेट्रोलियम पदार्थको मूल्यवृद्धिले आगोमाथि घ्यूको काम गरेको छ। र, आम नागरिकमाथि महंगी थुपारिएको छ ।

जेठ ३ गते मात्र पेट्रोल, डिजेल र मट्टीतेलको मूल्यवृद्धि गरेको नेपाल आयल निगमले १९ जेठमा फेरि मूल्य बढाएको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घट्दा स्थानीय बजारमा समायोजन नै नगरी अटेरी गर्दै आएको निगमले मूल्य ...बाँकी ८ पेजमा

# ‘दलाल पुँजीपतिवर्गलाई संरक्षण गर्ने बजेट’

● वर्गदृष्टि संवाददाता



काठमाडौँ । केपी शर्मा ओली नेतृत्वको ‘वाम सरकार’का अर्थमन्त्री डा. युवराज खतिवडाले सदनमा प्रस्तुत गरेको १३ खर्ब १५ अर्बको बजेटको अहिले चौतर्फीरूपमा आलोचना तथा टिप्पणी भइरहेको छ । अर्थमन्त्री खतिवडाले मंगलबार सार्वजनिक गरेको बजेटलाई राजनीतिक नेतृत्व तथा अर्थविद्हरूले यथास्थितिवादी तथा निरन्तरताको बजेट भनेर टिप्पणी गरेका छन् । यो बजेटमार्फत् ओली नेतृत्वको सरकारले जनतालाई सपना देखाएजस्तो स्थायित्व र समृद्धि हासिल नहुने दावी पनि प्रस्तुत भइरहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य‘किरण’ले वर्गदृष्टिसँग कुराकानी गर्ने क्रममा बजेटबारे सोधिएको प्रश्नमा भन्नुभएको छ, “समाजवादमा जाने बजेट पुँजीवादका विरुद्ध संघर्ष गर्ने खालको हुनु पर्दछ। यो बजेट राष्ट्रिय पुँजीवादको सम्म पनि विकास गर्ने खालको छैन । उदारीकरण, निजीकरणको सम्पूर्ण प्रक्रियालाई बढवा दिंदै बहुराष्ट्रिय कम्पनीहरूको संरक्षण गर्ने खालको छ । बजेटले विश्व व्यापार संगठन, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोषबाट लगानी ल्याएर दलाल तथा नोकरशाही पुँजीपतिवर्गलाई संरक्षण गरेको छ ।”

बजेटबारे नै महासचिव किरण भन्नुहुन्छ, “यति ठूलो व्यापारघाटा छ, लाखौलाख युवाहरू विदेशिएका छन्, देशका सबै नदीनाला कौडीको मूल्यमा बेचिएको छ, अनि विकासतर्फ २३ प्रतिशत र साधारण खर्चतर्फ ७७ प्रतिशत बजेट विनियोजन गरेर कसरी यो सरकारले आर्थिक समृद्धि हासिल गर्न सक्छ ? यी सब हावादारी कुरा हुन् । साधारण सुधार त हिजो पञ्चायतले पनि गरेको थियो, बहुदलको बेला कांग्रेसहरूले पनि गरेका थिए । यसभन्दा यो सरकारले नयाँ र गुणात्मक रूपमा केही पनि गर्ने देखिदैन ।”

बजेटकै सन्दर्भमा पूर्वप्रधानमन्त्री तथा अर्थमन्त्री समेत रहेका नयाँ शक्तिका संयोजक डा. बाबुरामले एक राष्ट्रिय दैनिकलाई आइतबार दिएको अन्तर्क्रियामा भन्नुभएको छ, “यो बजेट न पुँजीवादी त, न त समाजवादी । यसमा ‘क्रोनी क्यापिटलिज्म’ र काँठे पुँजीवाद छ । आफूलाई कम्युनिस्ट समाजवादी भन्ने मान्छेले यस्तो विकृति र ‘क्रोनी क्यापिटलिज्म’को पक्षपोषण गर्नु विडम्बना हो ।”

भट्टराईले क्रोनी क्यापिटलिज्मको चरित्रबारे व्याख्या गर्दै भन्नुभएको छ, “चुनावमा पपुलिस्ट नारा अघि सारेर भोट बैंक सुरक्षित गर्ने र सत्तामा पुगेपछि त्यसको विरुद्ध काम गर्ने ‘क्रोनी क्यापिटलिज्म’को चरित्र हो । नोरशाही पुँजीवाद (क्रोनी क्यापिटलिज्म), काँठे पुँजीवादको विशेषता भनेकै सीमित राज्यसत्ताका केही मानिसको आड लिने, अवैद्य तरिकाले नाफा आर्जन गर्ने, त्यसले नीति निर्माणमा असर गर्ने र थप नाफा बढाउँदै लैजाने हो ।”

भट्टराई भन्नुहुन्छ, “ओली दाहालले नाम कम्युनिस्ट पार्टी राखे पनि कार्यक्रम र चरित्रमा कहिँ पनि कम्युनिज्म छैन । बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली अपनाउने, अर्थतन्त्रमा पनि राज्य र निजी क्षेत्रको भूमिका हुने भइसकेपछि अब कम्युनिस्ट भनिराख्नु आवश्यक छैन । उहाँहरूले ब्राण्डका लागि मात्र कम्युनिज्म भनिरहनु भएको छ, त्यसले एउटा भ्रम मात्र सिर्जना गरेको छ ।”

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेल ‘बजेट २०७५/०७६ को सामान्य चिरफार’ शीर्षक लेखमा लेख्नुहुन्छ, “१३ खर्ब १५ अर्ब १६ करोड १७ लाख विनिमय गरिएको बजेटमा चालु खर्चमा ८ खर्ब ४५ अर्ब ४४ करोड छुट्ट्याइएको छ भने पुँजीगत खर्च ३ खर्ब १३ अर्ब ९९ करोड निर्धारित गरिएको छ। यसबाट के देखिन्छ भने विकास तर्फ कुल बजेटको २३ प्रतिशत मात्र छुट्ट्याइएको छ र चालु खर्चमा भने ७७ प्रतिशत छ । जब विकास गर्ने बजेटको हिस्सा नै यति थोरै छ भने विकास कसरी हुन्छ ? समृद्ध नेपाल कसरी बन्न सक्दछ ?”

व्यापारघाटा आकासिनु, बजेटमा प्रति सांसदलाई ४ करोड बाँडिनु, शिक्षा र स्वास्थ्य क्षेत्रमा निजीकरण, व्यापारीकरण र माफियाकरणलाई बढवा दिनु आदिले सरकार दलाल ...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादी बर्दियाको सेक्रेटरीमा लोकेश निर्वाचित

बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) बर्दियाको जिल्ला अधिवेशन सम्पन्न भएको छ। सम्पन्न अधिवेशनले लोकेशलाई जिल्ला सेक्रेटरीमा निर्वाचित गरेको छ । शनिबार सम्पन्न अधिवेशनको उद्धाटन सत्रलगत्तै बसेको बन्द सत्रले ११ पूर्ण र ४ वैकल्पिकसहित १५ सदस्यीय प्रस्तावित कमिटि निर्वाचित गरेपछि बसेको पहिलो बैठकले सेक्रेटरीमा लोकेशलाई निर्वाचित गर्दै पाँच सदस्यीय जिल्ला सचिवालय समेत निर्माण गरेको छ। दुईजना पछि थप्ने गरी विष्णु र भुकम्पलाई सचिवालयमा राखिएको छ ।

नयाँ निर्वाचित कमिटिको पहिलो बैठकले पार्टीको प्रदेश अधिवेशनलाई लक्षित गर्दै पार्टी, देजमो, जवस/मोर्चाका सांगठानिक अभियानलाई तीव्रता दिने, जिल्लाको बढैयाताल गाउँपालिकामा पर्ने सीमा क्षेत्रमा भारतीय पक्षबाट भएको सीमा अतिक्रमणका विरुद्धमा जेठ २६ गते सीमा स्थलमै कार्यक्रम गरी विरोध प्रदर्शन गर्ने, खेतीको ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीको नवलपुर सेक्रेटरीमा न्यूजर्ज निर्वाचित

नवलपुर । नेकपा (क्रान्तिकारी माओवादी) नवलपुरको प्रथम जिल्ला सम्मेलन सम्पन्न भएको छ । १८ जेठमा सम्पन्न सम्मेलनले न्यूजर्जलाई सेक्रेटरीमा निर्वाचित गरेको छ। पार्टी पिविएम तथा ४ नं. प्रदेश सचिव श्यामको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनले २५ पूर्ण र ६ वैकल्पिक गरी ३१ सदस्सीय जिल्ला समिति निर्वाचित गरेको हो ।

सम्मेलनको उद्धाटन सत्रको अध्यक्षता न्यूजर्जले गर्नुभएको थियो भने सञ्चालन चेतनले गर्नुभएको थियो । सम्मेलनलाई स्वागत विन्दुले गर्नुभएको थियो। सम्मेलनमा पार्टी केस तथा नवलपुर इन्चार्ज अनुकूललगायतका नेताहरूको उपस्थिति रहेको थियो । सम्मेलनलाई प्रमुख अतिथिलगायतले शुभकामना दिनुभएको थियो ।

## आइकोरको सदस्य बन्दै देजमो



काठमाडौँ । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य‘किरण’ र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलसँग जर्मनीको एमएलपिटी (मार्क्सिसिस्ट लेनिनिस्ट पार्टी अफ डचल्याण्ड) का केन्द्रीय सचिवालय सदस्य र केन्द्रीय सदस्य तथा पार्टी प्रकाशन विभागका सदस्यसँग भेटवार्ता सम्पन्न भएको छ । किरब तीन घण्टा...बाँकी ८ पेजमा

## पूर्वजनमुक्ति सेनाको माग सम्बोधन भएन

काठमाडौँ । देश गणतन्त्रमा आउँदासम्म ऐतिहासिक भूमिका निर्वाह गरेको पूर्वजनमुक्ति सेनाको जीवनयापनलाई लिएर २०७५/०७६ को बजेटले कुनै पनि सम्बोधन गरेको छैन । बजेट आउनुपूर्व नै नेता तथा सरकार प्रमुखहरूलाई ज्ञापनपत्र दिएर त्यो अमूल्य योगदान वापत उनीहरूको मागहरूको सम्बोधन गर्न पटकपटक स्मरण गराउँदै आएका थिए । तर ‘खोला तर्‍यो, लौरो बिर्सियो’ भने झैं अहिलेको बजेटमा पूर्व जनमुक्तिसेनाको कुनै पनि सम्बोधन भएन ।

बहिर्गमित पूर्वजनमुक्ति सेना नेपालले आफूहरूमाथि अन्याय भएको भन्दै यसको केन्द्रीय सङ्गठन समिति नेता तथा सरकार प्रमुखहरूलाई ज्ञापनपत्रबुझाएको थियो । ज्ञापनपत्रमा आफूहरूलाई स्वेच्छिक अबकासप्राप्त जनमुक्ति सेनासरह राज्यले एकमुष्ठ रकम उपलब्ध गराउनुपर्ने, सोका लागि आर्थिक वर्ष २०७५/०७६ को बजेटमै उक्त रकम विनियोजन गरिनुपर्ने, योद्धाहरूको स्वास्थ्योपचारको व्यवस्था गरिइनुपर्ने, बहिर्गमितहरूका लागि स्वदेशमा नै रोजगारीको व्यवस्था गरिइनुपर्ने, ती सबैलाई देशमा परिवर्तनका लागि गरेको योगदान खुल्ने गरी परिचयपत्र दिइनुपर्ने आदि कुराहरूको माग गरिएको थियो ।

सिङ्गो देश र जनताको मुक्तिको सपना देखेर बलिदानको विराट् पटाङ्गिनीमा ‘असल्ट’ लाइनमा को जाने भनी तछाड्मछाड् गर्ने यी होनहार युवाहरू ठूलो विस्मयका साथ आज आफैलाई प्रश्न गरिरहेका छन् । देशमा आज ‘वाम’ सरकार छ । ‘वाम सरकार’का वर्तमान प्रधानमन्त्री ओली तथा तात्कालीन सुप्रिमो प्रचण्डले तिब्बत र दिल्लीबाट नेपालमा रेल घुमाउने बाचा गरिरहेका छन् । तर यो वाचा जनताका...बाँकी ८ पेजमा

## पत्रकारसँगको भेटघाट अन्तर्क्रियामा देजमो अध्यक्ष



काठमाडौँ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले पछिल्लो विकसित घटनाक्रमसँगै पत्रकारसँगको भेटघाट र अन्तर्क्रियालाई तीव्रता दिनुभएको छ । अध्यक्ष गजुरेलले आइतबार मूलधारका भनिएका छापा, इलेक्ट्रोनिक तथा अनलाइन मिडियामा कार्यरत विट हेर्ने पत्रकारहरूसँग भेटघाट अन्तर्क्रिया गर्नुभयो ।

काठमाडौंको डिल्लीबजारस्थित होटल भोजनगृहमा आयोजित पत्रकार भेटघाटमा विभिन्न २५ वटा मिडियामा कार्यरत ...बाँकी ७ पेजमा

## कर्मचारी संयन्त्र भर्सेस सङ्घीय ढाँचा

काठमाडौं । नेपालको कर्मचारी संयन्त्र हालको सङ्घीय संरचना र तदनुरूप बाँडफाँड गरिएको जिम्मेवारीलाई लिएर सन्तुष्ट छैन । सिङ्गो केन्द्रीय संचना अन्तर्गत पेशामा बहाल भएको, तर अहिले खण्डखण्डमा जिम्मेवारी दिएर पठाउँदा उनीहरूलाई खल्लो अनुभूत भएको छ । यसका केही तर्कपूर्ण र सोचनीय पक्षहरू पनि छन् ।

पहिलो, उनीहरूको केन्द्रसम्म पुग्ने र हुने पहुँचलाई सङ्घीयताले ब्रेक गरिदिएको छ । कुनै पनि कर्मचारीको उपल्लो ओहदासम्म पुग्ने लक्ष्यहुनु वा रहनु कसैका लागि घाटाको कुरा होइन । यो त अझ योग्यहरूको प्रतिस्पर्धाबाट देश र जनताले सुयोग्य कर्मचारी पाउनसक्ने सम्भावना पनि हो । तर स्थानीय, प्रदेश र सङ्घीय गरी तीनतहको सरकार हुने भएपछि स्थानीय स्थानीयमै सीमित, प्रदेश प्रदेशमै सीमित र केन्द्रको केन्द्रमै हालिमुहाली रहने परिपाटीलाई वर्तमान संरचनाले स्थापित गर्दै छ । यसबारे गम्भीरताका साथ सोचिनु पर्छ ।

दोस्रो कुरा, सङ्घीय संरचनाले ‘ए’, ‘बी’ र ‘सी’ गरी तीन तहका कर्मचारी निर्माण गर्दै छ । समान शैक्षिक तथा अन्य योग्यता र काम कार्यान्वयनमा कुशलता भएपनि श्रेणीगत पद्धतिको प्रक्रियामा कर्मचारीलाई हालेको छ । यसले कर्मचारीको मनोबल गिराएको छ र भविष्यका संभावनाहरूमा अबरोध खडा गरिदिएको छ ।

तेस्रो कुरा, यो श्रेणी विभाजनले पक्कै पनि कर्मचारीले देश र जनताको सेवा गरेवापत् प्राप्त गर्ने सेवासुविधामा भिन्नता ल्याउने वा तलमाथि गराउने छ । यसले कर्मचारीको मनोभावना उत्साहित र प्रगतिउन्मुख गराउन बल पुर्‍याउँदैन ।

चौथो कुरा, कर्मचारीले आफूले सोचे वा विचार गरे अनुरूपको बजेट स्थानीय तथा प्रादेशिक सरकारसँग नहुने भएकाले घाम तापेर बस्ने वा ‘हुन त हो, तर बजेट छैन’ भनेर मुख निन्याउरो पारेर दिन बिताउनु पर्ने अवस्था आउने देखिन्छ । यसरी ‘काम पनि नहुने र फूर्सद पनि नहुने’ अवस्थामा उनीहरूले आफूहरू निकम्मा जागीरे हुनुपर्ला कि भनी सोच्न पनि थालेका छन् ।

पाँचौ कुरा, स्थानीय सरकार र प्रादेशिक सरकारमा कर्मचारीको शैक्षिक तथा अनुभवको योग्यता र निर्वाचित प्रतिनिधिहरूको शैक्षिक तथा अनुभवको योग्यता (सत्ता सञ्चालनका सन्दर्भमा) केही बेमेल हुने भएकाले पनि कर्मचारीहरू काममा जान उत्साहित छैनन् । नीति, योजना तथा काम कार्यान्वयनको सन्दर्भमा समान सोचको तह (लेबल अफ अन्डरस्ट्यान्डिङ) नभए सहकार्यमा जटिलता पैदा हुन्छ । र, हुँदै पनि गएको छ ।

अब लोकसेवा ...बाँकी ८ पेजमा

## बजेट २०७५/०७६ को सामान्य चिरफार

नयाँ संविधान अनुसार आयोजित तीन तहका निर्वाचनलाई प्रभाव पार्नका लागि तत्कालिन एमालेले दिएको चुनावी नारा- “समृद्ध नेपाल र सुखी नेपाली”ले नेपाली मतदातालाई निकै प्रलोभनमा पार्न सफल भयो । यसमा नाकावन्दीका समयमा “भारतका अगाडि नझुक्ने” भ्रम दिएका ओली “वाम एकता” र “एउटै कम्युनिस्ट पार्टी बनाउने” कुरा समेत थप गरे पछि नेपाली मतदातालाई थाङ्नामा सुताउन राम्रोसँग सफल भए । सबैका सबै किसिमका आवश्यकता पूरा गर्ने आश्वासन बाँडेर सत्तामा आएको ओली नेतृत्वको यो सरकारले प्रस्तुत गर्न लागेको आर्थिक वर्ष २०७५/०७६ को बजेटप्रति धेरैको चासो हुनु स्वभाविक थियो । बजेटमा उनीहरूलाई भोट हालेका सबैले चुनावका बेलामा बाँडेका आश्वासनका पुलिन्दा फेला पार्न सकिने छ भन्ने ठूलो आशाका साथ यो बजेटको प्रस्तुतीलाई हेरिरहेका थिए । यो बजेट चालु संसदका दुबै सदनमा प्रस्तुत भएको थोरै दिन मात्र भएको छ । बजेट बारे जनताको जिज्ञासा अझै पनि कायमै छ । बजेटका सबै पाटापक्षका विषयमा यो सानो लेखमा व्याख्या गर्नु त संभव छैन,

**पश्चिमी संस्कृतिको बढ्दो प्रभाव र रोजगारीका निमित्त युवाहरूको विदेश पलायनको समस्या आदि कारणले गर्दा बृद्धबृद्धाको आफ्ना सन्ततिबाट हेरचाह नभएर उनीहरूको अन्तिम कालको जीवन ज्यादै कष्टकर भएका विभिन्न प्रकारका घटनाका विषयमा सञ्चार माध्यममा दिनदिनै पढ्न र सुन्न पाइन्छ**



● सी पी गजुरेल ●

तथापि केही महत्वपूर्ण पक्षमा मात्र केन्द्रीत हँदै यो लेख तयार पार्ने प्रयत्न गरिएको छ।

***“समृद्ध नेपाल र सुखी नेपाली”को नारा- हावादारी***

नेपाललाई समृद्ध बनाउने र नेपालीलाई सुखी बनाउने कुरा स्वागत योग्य हो । तर, जनता ठग्नका लागि त्यसको प्रयोग गर्न थालियो भने त्यो निन्दनीय हुन्छ। नेपाललाई समृद्ध बनाउने र नेपालीलाई सुखी बनाउने काम एकै वर्षमा मात्र सम्भव हुँदैन, यो पनि सत्य हो । तर, यस दिशामा अघि बढियो वा बढिएन भन्ने कुरा यसै वर्षको बजेटले पनि संकेत गर्दछ । यसका निमित्त बजेटमा त्यस प्रकारको योजना ठोस रूपमा आउनु पर्दथ्यो । त्यो कतै पनि छैन ।

१३ खर्ब १५ अर्ब १६ करोड १७ लाख विनिमय गरिएको बजेटमा चालु खर्चमा ८ खर्ब ४५ अर्ब ४४ करोड छुट्ट्याइएको छ भने पुँजीगत खर्च ३ खर्ब १३ अर्ब ९९ करोड निर्धारित गरिएको छ। यसबाट के देखिन्छ भने विकास तर्फ कुल बजेटको २३ प्रतिशत मात्र छुट्ट्याइएको छ र चालु खर्चमा भने ७७ प्रतिशत छ । जब विकास गर्ने बजेटको हिस्सा नै यति थोरै छ भने विकास कसरी हुन्छ ? समृद्ध नेपाल कसरि बन्न सक्दछ ? यो बजेट केवल कर्मचारी, सेना, प्रहरी, शिक्षक, मन्त्री, सांसद, अन्य जन प्रतिनिधि आदिको तलव, भत्ता र सुविधाको र यस्तै यस्तै निरन्तर चल्दै आएका चिजहरूको व्यवस्था मिलाउने काम मात्र गर्न सक्दछ । यसको अर्थ यो चाहिँ राज्यले गर्ने नहुने काम हो, यो राज्यको जिम्मेवारी भित्र पर्दैन भन्न खोजिएको कदापि होइन ।

तर, यो बजेटले समृद्धि ल्याउन नसक्ने सङ्केत चाहिँ अवश्य गरेको छ । अझ बजेट वक्तव्यमा ८ वा ९ प्रतिशतको अथवा दुई अङ्कको आर्थिक बृद्धि दर हासिल गर्ने कुरा गर्नु हास्यास्पद छ । हाम्रा अर्थविद्हरू भुटानको आर्थिक सम्पन्नताको वखान गरेर कहिल्यै थाक्दैनन् । यसमा उनीहरूले ध्यान दिन बिर्सेको विषय के हो भने भुटानको बजेट विनिमय गर्दा पुँजीगत खर्च ५१ प्रतिशत छुट्ट्याइएको पाइन्छ ।

**सांसदहरूलाई ४** ...बाँकी ८ पेजमा

## सम्पादकीय

# गणतन्त्रका १० वर्ष

देश गणतन्त्र भएको दशवर्ष पुगिसकेको छ । यो संसदीय आवधिक निर्वाचनका हिसाबले दुईवटा निर्वाचन र दुईवटा संसदीय सरकारको कार्यकाल हो । तथापि देशमा भएको सङ्क्रमणकालको अन्त्य हुन गणतन्त्र घोषणापछि पनि दशवर्ष लाग्यो । यो अवधि आशङ्का, अन्यौलता र दिशाहीनताको अबधि रहन गयो । तर आधा दर्जनभन्दा बढि सङ्क्रमणकालीन सरकारहरू यही समयावधिमा बन्दै र भत्कदै गरे ।

अहिले देशमा संसदीय निर्वाचन सम्पन्न भई 'वामपन्थी' हरूको एकमना सरकार बन्न पुगेको छ । यसलाई इतिहासकै सर्वाधिक शक्तिशाली सरकार करार गरिएको छ । यसका वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीलाई शक्तिशाली प्रधानमन्त्रीको उपमा दिइएको छ । उनी र उनको सरकारले ल्याएको नीति तथा कार्यक्रम र त्यस लगत्तैको बजेटमा 'समृद्ध नेपाल र सुखी नेपाली' को नारा सार्वजनिक गरेको छ ।

देशमा रहेको अभाव र गरीबीका कारण यो सरकारको नारामा जनताले साच्ची नै समृद्धिको आशा गरेका छन् पनि र नेपाली सुखी हुनुपर्ने परिकल्पना पनि साँचेका छन् । आखिर केले बन्छ त समृद्ध नेपाल र केले बनाउँछ त सुखी नेपाली ? राज्य सञ्चालनका सही नीति, असल शासन, प्रतिवद्ध नेताहरू, विदेशी शक्तिको निर्देशन र हैकमको अन्त्य, आत्मनिर्भर अर्थतन्त्र, मेहनती जनता, स्वदेशमा रोजगार, देश निर्माणमा युवा, प्राकृतिक संशाधनको भरपूर प्रयोग, दीगो विकासका रणनीति, शासक र जनताबीचमा असीम विश्वास आदि कुराले देशलाई समृद्ध र नेपालीलाई सुखी बनाउँछन् । त्यो सुख गणतन्त्र भन्ने व्यवस्थाले दिन्छ कि त भन्ने बझाइ जनताको देखिन्छ । तर बितेका दशवर्ष र अहिले भर्खरै पनि हेर्दा ती कुराहरू केवल भन्न र देखाउनका लागि मात्र हुन् भन्ने कुरा साबित हुँदे गएका छन् । देशमा चलेको जनयुद्धले सामन्तवादको जराहरू उखेलेर फ्याकिँदियो । र, बिना जराको संसदीय राजतन्त्र ढल्न पुग्यो । अनि घोषणा गरियो संसदीय गणतन्त्र ।

तर दशवर्षसम्म जीवनको आहुति दिएर सामन्तवादी राजतन्त्रका जरा हल्लाइदिएको जनमुक्ति सेनालाई संसदीय गणतन्त्रका बाधकका रूपमा कलङ्कित गरियो । अनि बिघटन गरियो । देशको असी प्रतिशत भूभागमा शासन गर्दाका बखत गरिएका निर्णयहरू, जो सामन्तवाद अन्त्यका लागि साधक थिए, ती सबै खारेज गरिए । वृहत् शान्ति सम्झौताका बखत गरिएका लिखित सहमतिहरू एकपछि अर्को उल्ट्याउँदै लगिए । अहिले पछिल्लो चरणमा आएर सत्य निरूपण तथा मेलमिलाप आयोगलाई निकम्मा बनाएर आफूखुशी सडकसडकमा कानूनको व्याख्या गरिने गरिएको छ ।

वास्तविक गणतन्त्र स्थापनाका लागि झोला र डोकोमा रेडियो बोकेर प्रचार गर्नेहरू पाखा लगाइएका छन् । शाही शासनका विरुद्ध बन्दुक बोक्नेहरू नेल पहिरिएर अझैं पनि हिरासत र जेलमा ' ज्यानमाराको आरोपमा' सास्ती बेहोरिरहेका छन् । पहिलो संविधान सभा, जो मात्र केही अलि बढि समावेशी र समानुपातिक थियो, को हत्या नै गरिएको छ । गणतन्त्र स्थापनाका लागि नेतृत्व गरेको माओवादी पार्टीको ठूलो हिस्सालाई सुधारवादी प्रतिक्रियावादी कित्तामा बिलय गरिएको छ । र, देशमा स्थापित गणतन्त्रको संरक्षकत्व विदेशीको हातमा सुम्पिएको छ । देशमा समृद्धि ल्याउने डङ्का पिट्ने दुईतिहाइ मत पाएको वाम भनिएको सरकार उनै विदेशी संरक्षकका अगाडि नाङ्गै मूलबाटोमा लम्पसार परेको छ ।

२०७२ सालमा भूकम्प गई सिङ्गो देशमा कोलाहल मच्चिइरहेका बेला नाकाबन्दी गरेर नेपाली जनजीवन निकै अस्तव्यस्त बनाउने अमानवीय र संवेदनाहीन मोदीलाई जनस्तरमा नागरिक अभिनन्दन गर्न लगाइएको छ । सारा असमान सन्धिसम्झौताहरू आँखा चिम्लिएर अनुमोदन गरिएको छ । देशभित्र सामाजिक फासीवादको अभ्यास गरिँदै छ र सिङ्गो देशलाई सिक्किमीकरणको दिशामा अघि बढाइएको छ ।

भारतीय प्रधानमन्त्री मोदीले एउटा थोत्रो पानी जहाज डेन्टिङ्पेन्डि गरी कलकत्ताको बन्दरगाहमा खडा गरिदिने भनेपछि त्यस वापत् नेपालका ६ हजार नदीनालाको सबै पानी डोलाएर भारत पठाइदिने बाचा गरिएको छ उनका समकक्षी ओलीबाट । निर्वाचनका बखत वृद्धभत्ता ५हजार बनाइदिन्छु भनेका ओलीले उल्टै भत्ता कटाएका छन् वृद्धवृद्धा स्वास्थ्य बिमाको नाममा । शिक्षामा पचास प्रतिशतले बजेट कटौती गरेर देशको भविष्य अन्धकारमा पारिएको छ ।

जनतामाझ गरेका ससाना बाचा पनि पूरा गरेका छैनन् एकमना सरकारका हर्ताकर्ता प्रम ओलीले । सरकारको सानो आकार बनाउँछु भनेर हाँक दिदै आएका ओलीले सबैभन्दा ठूलो आकारको सरकार बनाउँदै छन् । तुइनका ठाउँमा झोलुङ्गे पुल बनाउने ओलीका सपना हावामा बिलाउन पुगेका छन् । बनाउँदिन भनेको उपप्रधानमन्त्रीमा दर्जनौंको सङ्ख्यामा पुऱ्याउँदै छन् । साना कुरामा यति झुठ बोल्ने ओलीले गरेका ठूल्ठूला वाचा कति हावादारी हुनसक्लान् ? जनता हाँस्न थालेका छन् ।

गणतन्त्रका दशवर्षहरूमा देशमा भएको सबैभन्दा ठूलो उपलब्धी बहुमतको सरकार गठनलाई मान्ने हो भने सिङ्गो देशलाई यसरी सिक्किमीकरणको दुर्घटनातिर डोऱ्याइँदै छ । जनता जागृत हुन जरुरी छ ।


## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# बजेट : पुरानोको निरन्तरता र सङ्घीयता विरोधी



सीताराम तामाङ

**विषय प्रवेश**

संसदीय चुनावमा झण्डै दुईतिहाई बहुमत ल्याएको आफूलाई कम्युनिस्ट भन्ने नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सरकारको तर्फबाट अर्थमन्त्रीले आर्थिक वर्ष २०७५/०७६ को बजेटलाई समाजवादको प्रस्थान विन्दुको बजेट हो भनेर प्रस्तुत गरेका छन् । आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत, सुदृढ, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रको निर्माण गर्ने उद्देश्यका साथ यो कम्युनिस्ट भन्ने सरकारको प्रथम पटक पूर्णरूपेण हेरी, जाँची, बुझी निर्माण गरी जारी गरिएको बजेट हो । यस्तो कम्युनिस्ट भनिएको सरकारको समाजवादोन्मुख बजेटको विषयमा जिज्ञासा, चर्चा र परिचर्चा हुनु स्वभाविकै हुन्छ र बजेट जारी गरिएको केही दिन पछिसम्म विविध क्षेत्रमा स्टेकहोल्डरहरू र विज्ञरुले चर्चा, परिचर्चा गरिरहन्छन् । अनि अन्त्यमा चित्त बुझाउँछन् : बजेट त राम्रै थियो, खोई कार्यान्वयन होला र ! !

यहाँ हामी पनि यो सरकारले प्रस्तुत गरेको बजेटको बारेमा छलफल गर्दैछौ तर अर्कै तरिकाले ! के यो बजेट कम्युनिस्ट सरकारको समाजवादोन्मुख बजेट हो ? यो बजेटको घोषित "उदेश्य" र "कार्यदिशा" मा ब्यक्त वैचारिक धरातल र वर्गीय आधारलाई कसरी बुझ्ने ? विगतका काङ्ग्रेसी-एमाले, एमाले-माके-राप्रपा, माके-नेका-राप्रपाका बजेटहरू भन्दा कति फरक ? यो बजेटले गर्ने श्रोत परिचालन र खर्च-लगानी नीतिले कुन वर्ग र क्षेत्रको हित गर्छ ? र, देशको अर्थतन्त्रलाई कुन दिशातर्फ डोऱ्याउला ? यिनै विषयमा सङ्क्षिप्त छलफल गरिनेछ ।

२) **वैचारिक धरातल** : अर्थमन्त्रीको बजेट कार्यक्रमले राज्यको आवधिक योजनाभित्रको एक वर्षे विकास कार्यक्रमलाई मात्र व्यक्त गर्दैन, बरु त्यो राज्यसत्ताको आर्थिक आधारको पनि प्रतिविम्वन गर्दछ र त्यो सत्तालाई बलियो बनाउने प्रयास गर्दछ । नेपाली समाज अर्धसामन्ती, अर्ध-उपनिवेशिक तथा नव-उपनिवेशिक अवस्थामा रहेको छ । र, दलाल-नोकरशाही पुँजीपतिवर्ग र पराजित सामन्तवर्गले राज्यसत्तामा हालीमुहाली गरेको अवस्था छ । यहाँका संसदवादी दलहरूको उक्त राज्यसत्ता बलियो बनाउन अहिलेको प्रतिगामी संविधान अन्तर्गत निर्वाचनको खेलमा यो पटक एमाले र माकेको कथित वामपन्थी गठबन्धले बहुमत ल्याई सरकार चलाउने जिम्मेवारी पाएको छ ।

यो सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" बनाउने नारा दिएर बुर्जुवा संसदीय व्यवस्था अन्तर्गत "लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद" निर्माण गर्ने (संविधान २०७२) सपना बाँड्ने काम गरेको छ । नेपाली काङ्ग्रेसको उद्देश्य पनि यही हो- "लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद" । यस दृष्टिकोणले आ.व. २०७५/०७६ बजेटको उद्देश्य स्वर्ग हिंडेको र कार्यदिशा नरक पुऱ्याउने देखिन्छ । बजेटको उद्देश्य "आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार तयार गरी समुन्नत, सुदृढ, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रको निर्माण गर्ने" छ । त्यस उद्देश्य परिपूर्तिका लागि "चरम गरीबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने, उच्च आर्थिक बृद्धिसँगै न्यायपूर्ण वितरण गर्ने, आदि कुराहरू उल्लेख छन्, जुन सपना राजा महेन्द्र र वी.पी. कोइरालादेखि के.पी. ओलीले समेत बाँडेका छन्, विद्यमान आर्थिक-सामाजिक संरचना अन्तर्गत (क्यअष्य-भ्अयलफष्अ यचकबतष्यल) अन्तर्विरोधी र असम्भव छन् ।

जहाँसम्म बजेटको कार्यदिशाको कुरो छ "लोक कल्याणकारी राज्यव्यवस्था स्थापना गर्ने, आर्थिक असमानता अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्ने समाजवादी सिद्धान्त र निजीकरणको सिद्धान्तसँगसँगै कार्यान्वयन गर्दै जाने देखिन्छ, जुन कार्यदिशाबाट शोषणरहित समाज बनाउन सकिन्छ भनेर महेन्द्र, वी.पी. र मनमोहन समेत अघि बढेका थिए, पूर्णतः असफल थियो । त्यही कार्यदिशा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले अपनाएको छ, त्यो कमरेडहरूको "गोरु गाडा चढेर अमेरिकाको यात्रा" हो, पूरा हुन असम्भव छ । बुर्जुवा पुँजीवादी संसदीय व्यवस्थाको पक्षपाती "बहुदलीय जनवाद"लाई बलियो बनाउन ल्याइएको यो बजेटको वैचारिक धरातल खिचडीवाद (Missmachism) हो, भ्रममा पुर्न आवश्यक छैन ।

३) **बजेट : उही मुलीको सिन्की, उही मुलीको चाना** !

पृथ्वीनारायण शाहदेखि केन्द्रिकृत हिन्दू सामन्तवादी अर्थतन्त्रले सुगौली सन्धिदेखि अर्ध औपनिवेशिक स्थिति पनि बेहोर्नु परेको नेपालले सन् १९५० पछि झनै परनिर्भरता भोग्दै आएको छ । राजा महेन्द्रको भूमिसुधार कार्यक्रमपछि अर्ध-सामन्ती भूमिसम्बन्धका कारण आर्थिक गत्यावरोध, अल्पविकास, गरीबी, बेरोजगार (अर्ध तथा छद्म) र न्यून औद्योगिक विकासका कारण व्यापार र वित्तीय पुँजीको आडमा दलाल, पराश्रित र विकृत विकासले देशलाई अरु पराधीनतातर्फ धकेलेको छ । पराधीन अर्थतन्त्रलाई प्रतिबिम्बित गर्ने बजेटको आधारभूत संरचना हुकुमी राजतन्त्र, संवैधानिक राजतन्त्र र समाजवादोन्मुख गणतन्त्रसम्म यथावत छ ।

कुल बजेटमा विदेशी ऋण र अनुदानको अनुपात पञ्चायत कालमा (२०४५/०४६), काङ्ग्रेस काल (२०५१/५२), एमाले काल (२०५२/५३) र अहिलेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को कालमा क्रमशः ४१ प्रतिशत, ३७ प्रतिशत, ३६ प्रतिशत र ३८ प्रतिशत देखिन्छ । राष्ट्रपति विद्यादेवी भण्डारीले सङ्घीय संसदमा पेश गरेको २०७५/०७६ को नीति तथा कार्यक्रममा ५ वर्षभित्रमा दुई अङ्कको वृद्धिदर कायम गर्ने, ५ वर्षमा प्रतिव्यक्ति आय दोब्बर बनाउने, ५ वर्षभित्र रोजगारीका लागि विदेश जानु नपर्ने, कृषि उत्पादन ५ वर्षमा दोब्बर पुऱ्याउने, १० वर्षमा नेपाललाई मध्यम स्तरको आय भएको मुलुकमा स्तरोन्नति गर्ने लगायतका महत्वकाङ्क्षी विकास-निर्माणका कार्यक्रमहरू रहेको छ ।

अर्थमन्त्रीले उक्त नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न १३ खर्ब १५ अर्ब १६ करोडको बजेट बिनियोजन गरेका छन् । त्यसमध्ये प्रशासनतर्फ ६४.३ प्रतिशत र विकासतर्फ २३.९ प्रतिशत विनियोजित छ । पञ्चायती कालदेखि गणतान्त्रिक कालसम्म विकास खर्च (पुँजीगत खर्च) २०-२५ प्रतिशत रहेको छ । विकासतर्फको यति थोरै पुँजीले राष्ट्रपतिको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने कुरा भन्न लागि भन्दिएको कार्यान्वयन हुने कुरो होइन । विकासले गति लिनका लागि विकासको कुल बजेटको ४० प्रतिशतभन्दा माथि जरुरी छ भन्ने कुरा अर्थमन्त्रीले बुझेको हुनु पर्दछ ।

यसरी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को २०७५/०७६ को बजेटको आय-व्यय दुवैको संरचना पञ्चायती सरकारको, राजासहितको संसदीय सरकारको र हालको गणतान्त्रिक सरकारको बीच तात्विकरूपले एउटै हुनुको अर्थ यिनका वर्गीय आधार मूलतः एउटै हुनु हो र स्वार्थ पनि एउटै रहनु हो । ट्रेडमार्क जे नामको भएपनि पश्चगामी संविधानलाई शिरोपर र कार्यान्वयन गर्ने गराउने सबै पार्टीहरू "उही मुलीको सिन्की, उही मुलीको चाना" हुन, स्वर्गको सपना बेचेर नरकको बाटो खन्नेहरू हुन् ।

**आर्थिक समृद्धिको कुरो**

कुलो खन्दैमा खोलाको पानी हिँड्दैन, पानी हिंड्ने कुलो खन्नु पर्दछ र मात्रै खेती सपार्न सकिन्छ । पश्चगामी संविधानका निर्मातामध्ये एक नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सरकारको यो बजेट कार्यक्रम सङ्घीयताविरोधी पूर्व सरकारहरूकै सोचको निरन्तरतामा आएको छ । नेपाल जस्तो अर्ध-सामन्ती तथा अर्ध उपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थाको मुलुकको प्राकृतिक श्रोतसाधन विस्तारवादी भारतलाई बुझाएर, दक्षिणतिरको सीमाना खुल्ला राखेर र वैदेशिक शक्तिहरूसँगको असमान सन्धि, सम्झौता र सहमति गरेर गरिएको वा गरिने आर्थिक समृद्धिको कुरा "पानी बिनाको पोखरीमा माछा पाल्ने" जस्तै हो ।

बजेट पढ्दा लाग्ने कुरो के हो भने रकमीले काइते पाराले लेखेको मोहीको खेत खोस्ने तल्सिङको पक्षको तमसुक जस्तो जहाँसम्म ५ वर्षभित्र दुई अङ्कको वृद्धिदर र प्रतिव्यक्ति आय दोब्बर बनाउने कुरो छ, असम्भव प्रायः छ । सन् १९९० पछिको नेपालको आर्थिक बृद्धिदर औसत ४ प्रतिशत रहिआएको छ । मौसमले साथ दिंदा खाद्यान्न उत्पादनमा वृद्धि भएको अवस्थामा कुनै कुनै वर्ष आर्थिक ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

# नेकपा स्क्वायर

कैलुब्राह

गणितमा ए गुणा ए बराबर ए स्क्वायर हुन्छ । कोष्ट बाहिरको अङ्कले कोष्ट भित्रको अङ्कलाई गुणा गरेर आउने परिणामलाई त्यसको उत्तर मानिन्छ । जस्तै २ (२) बराबर ४ हुन्छ । किनकि यो भनेको $२^२$ हो । अहिले नेपाल मण्डलको एउटा स्वघोषित नामधारी कम्युनिस्ट पाटी अर्थात् सत्ताधारी कम्युनिस्ट पाटी त्यस्तै भएको छ । सत्ताधारी कम्युनिस्ट पाटीको नामको नयाँ न्वारान भएर निर्वाचन आयोगमा पञ्जिकृत पनि भइसकेको छ । नेपाल कम्युनिस्ट पाटी (नेकपा) । यसको पहिलाको नाम चाहिँ नेकपा अण्डरलाइन थ्यो' । अहिले नेकपा (नेकपा) भयो । नेकपा अण्डरलाइन हुनु भन्दा अगाडि दुइटा नेकपा थिए । एउटा नेपाल कम्युनिस्ट पाटी (एमाले) र अर्को नेपाल कम्युनिस्ट पाटी (माओवादीकेन्द्र) । यी दुवैलाई छोटकरीमा भन्दा र लेख्दाखेरी नेकपा (एमाले) र नेकपा (माके) भनिन्थ्यो र लेखिन्थ्यो पनि । यी दुइटा पाटी मिल्ने भएपछि दुवैले कोष्ट भित्रको पुच्छर हटाए । त्यसपछि यिनले नाम राखे नेकपा अण्डरलाइन र त्यसको दर्ता श्रेस्ता पनि कायम गरे । जसरी कसैको घरमा नयाँ बच्चा जन्मियो भने पुरेत बोलाएर वा आफै त्यो बच्चाको नाम राखिन्छ र केही समयपछि त्यसलाई सम्बन्धित क्षेत्रको स्थानीय निकायमा गएर पञ्जिकरण गरिन्छ । त्यसैगरी राजनीतिक दलको हकमा नयाँ दल जन्मियो भने त्यसको नाम राखेर जन्मेको कागजपत्रसहित निर्वाचन आयोग नाम गरेको निकायमा गएर पञ्जिकृत गर्नु पर्छ । यो सबैले जानेमानेकै कुरो भयो । यिनीहर्ले पनि त्यो काम गरे गराए ।

यो कैलुब्राह कुनै समयमा हाइस्कूलको गणित पढाउने मास्टर थ्यो' । त्यसैले यसलाई सानोतिनो हिसाब किताव निकाल्न आउँछ । सत्ताधारी राजनीतिक दलको पनि गणितमा हिसाब निकाल्न मन लागो । त्यसपछि हिसाबैमा यसको नतिजा के हुँदो र'छ त भनेर देखाउने जमर्को गरिएको छ ।

पहिला कुरो गरौं नेकपा स्क्वायर कि भयो ? जस्तो कि हामीले पहिला पूरा नाउँ नेपाल कम्युनिस्ट पार्टीलाई छोटकरीमा भन्दा र लेख्दा नेकपा मात्रै भन्थ्यौं र लेख्थ्यौं । यसरी दुइटा पाटी मिलेर एउटा बन्दा नेकपा नेकपा राखे । त्यो पनि एउटा बाहिर अर्को कोष्ट भित्र । गणितको नियमअन्सार बाहिरको अङ्कले कोष्टको अङ्कलाई गुणान गरिन्छ । बाहिरको अङ्क वा अक्षर र भित्रको अङ्क वा अक्षर फरक भयो भने फरक उत्तर आउँछ । यदि बाहिरको अङ्क वा अक्षर र कोष्टभित्रको अङ्क वा अक्षर एउटै भयो भने त्यसलाई छोटकरीमा लेख्दा एउटा अङ्क लेखेर स्क्वायर दिने चलन छ । हो, त्यसैले सत्ताधारी पाटीको नाउँ पनि बाहिर र भित्र एउटै भएकाले त्यो पनि नेकपा स्क्वायर हुन गएको हो । यसलाई थप बल पुऱ्याउने अर्को पनि कारण छ । कुनै पनि पार्टीमा अध्यक्षको पद एक थान मात्रै हुन्च । यो त नेपाल मण्डलदेखि संसारको कुरा एउटै हो । तर यो पाटीमा अध्यक्षका पद पनि दुई थान छ । दुई थान अध्यक्ष छन् । यहाँ पनि अध्यक्ष स्क्वायर भयो । अध्यक्ष नै स्क्वायरमा भएकोले पाटी पनि स्क्वायरमै रहन गयो । यो संयोग मात्रै हैन । जानिबुझी सोची विचारी गरिएको काइदा हो ।

आर्को कुरा पार्टीलाई पाटी किन भनियो ? यसको पनि कारण छ । पार्टी भनेको निश्चित विचार, सिद्धान्त, लक्ष्य र उद्देश्य लिएर विधि विधान बनाएर तलदेखि माथिसम्मका सदस्यस्हरूको बराबरी हक र अधिकार बनाएर विधिसम्मत तरिकाले तलबाट चुनिँदै माथिल्ला जिम्मेवारीमा पुग्ने पद्दतीअन्सार चल्ने निश्चित सङ्गठन हो । नेकपा स्क्वायरमा यो सबै कुरालाई गोली मारेर गोलमालमा सङ्गठन चलाउने र कस्तो पाटी बनाउने, कस्लाई कुन जिम्मेवारी दिने आदि इत्यादि कुराको छिनोफानो लगाउने अधिकार अध्यक्ष स्क्वायरलाई मात्रै भएकाले पनि यसलाई पार्टी नभनेर पाटी भन्नु नै उपयुक्त हुन्छ । पाटीमा बास बस्नका लागि कुनै पनि जात, धर्म, पेसा, लिङ्ग, उमेर, क्षेत्रले छेक्दैन । पार्टी त निश्चित विचार, लक्ष्य, उद्देश्य लिएर एउटै वर्गको प्रतिनिधित्व भएको हुन्छ । तर नेकपा स्क्वायरमा त्यो पनि छैन । आफूलाई कम्निस भन्छन् तर त्यहाँ कम्निस र नकम्निसहरू पनि अटाएका छन् । सङ्गठन पनि बैठकै बस्न नसकिने गरी आमसभा गर्नु पर्ने खालका छन् । त्यसैले यो पार्टी हैन पाटी नै हो । त्यहाँ आउने जानेको लर्को लागिरहन्च । आउने आउँचन् जाने जान्चन् जे गर्न पनि छुट छ । जीवनमा कहिल्यै कम्निसको कखरा पनि नपढेका बरू कम्निसलाई न्वारानदेखिको बल लगाएर गाली गर्ने, दमन गर्ने गरेका मनुवाहरू पनि ठूलठूला पदमा आसिन भएका छन् । त्यसैले पनि यो पार्टी हैन पाटी नै हो । अव उप्रान्त यो नेकपा स्क्वायरलाई सबैले पाटी भन्नु नै मुनासिव ठहर्च ।

स्क्वायर वाला अध्यक्षले जनयुद्ध सुरू हुनु भन्दा पहिला आधार वाला अध्यक्षको पाटी नेकपा एमालेलाई प्रतिक्रियावादी पाटी भन्थे र उसलाई वर्गीय दुश्मन भनेर उसित आफ्नो पाटीका नेता कार्यकर्तालाई उकासेर लड्न लगाए । पछि जनयुद्धलाई टुकुचामा ल्याएर आफैले सेलाउँदै सतगत गरेपछि आफू त्यही प्रतिक्रियावादी सरकारको पर्धानमन्तरी खाए । आफैले प्रतिक्रियावादी भनेको पाटीले धोका दिएर सरकारबाट उछुट्टाइदिएपछि फेरि टुँडिखेलमा देशैभरीबाट कार्यकर्ता उरालेर छ दिनसम्म देशै ठप्प पारेर त्यसका विरुद्ध लडे । त्यसबेला त झन् अब एमाले भन्ने पाटी पाहाडको टुप्पोबाट खोज्नुपर्ने भनेर जन्मेदेखि सिकेका गाली शब्दका बर्षा गरे । घुम्दै फिर्दै रुम्जाटार पुगेर अहिले आफैले प्रतिक्रियावादी भनेको पाटीसित टाउको, शरीर, हातखुट्टा, मन मुटु सबै जोडेर एउटै पाटी बनाए । कोष्ट बाहिर पुरानो प्रतिक्रियावादी र कोष्टभित्र नयाँ प्रतिक्रियावादीको गुणान भयो । नेकपा (नेकपा) इजिकल्टु नेकपा स्क्वायर अर्थात् प्रतिक्रियावादी (प्रतिक्रियावादी) इजिकल्टु प्रतिक्रियावादी स्क्वायर भयो । एउटा प्रतिक्रियावादीले अर्को प्रतिक्रियावादीलाई गुणन गर्दा आउने गुणनफल महाप्रतिक्रियावादी वा घोर प्रतिक्रियावादी हुन्छ ।

हिजो एमालेले आफूलाई कम्निष्ट पाटी भन्थ्यो तर अर्को कम्निष्ट पाटी माओवादीलाई आतङ्ककारी भनेर सिआइडि सुराकी गऱ्यो । आफ्नो वर्ग मिल्ने पाटी काङ्ग्रेससँग मिलेर संसद, सरकारमा बस्यो र आतङ्ककारी विधेयक ल्याउन मदत गऱ्यो । माओवादी नेताको टाउकाको मोलमोलाई गरेर दमन गऱ्यो । यदि ऊ कम्निष्ट हुन्थ्यो भने अर्को कम्निष्टलाई त सघाउनु पर्थ्यो । माओवादीले पनि एमालेलाई प्रतिक्रियावादी भन्यो र उसका विरुद्ध लडेर आफ्नो व्यवस्था ल्याउन कार्यकर्तालाई उकास्यो । यदि एमालेलाई कम्निष्ट मानेको भए त दुवै मिल्नु पर्थ्यो । तर यी दुई जारभतार जस्ता भए । जस्ले जहाँ भेट्छ सिध्याउने । ठिक त्यसैगरी आज यिनीहरू दुबै प्रतिक्रियावादी बनेका छन् र एउटै विचार, सिद्धान्त, लक्ष्य, उद्देश्य मिलेर वर्ग पनि एउटै भएको हुनाले एउटै पाटी बनाए र अर्को कम्निष्ट पार्टीलाई दमन गरेका छन् । यसले पनि गणितको सिद्धान्तअन्सार प्रतिक्रियावादी इन्टु प्रतिक्रियावादी इजिकल्टु प्रतिक्रियावादी स्क्वायर भयो । जोडफलमा महा प्रतिक्रियावादी या घोर प्रतिक्रियावादी भयो । सबैलाई चेतना भया । नहुन्यालाई दमन गरेर सिध्याया ।

२० जेठ २०७५

kailubraha73@gmail.com

# रूप र सार दुवै अर्थमा माओवादी केन्द्रको एमालेमा विलय नै हो



## ❑ मोहन वैद्य 'किरण', महासचिव– नेकपा (क्रान्तिकारी माओवादी)

**क्रान्तिकारी माओवादीले एमाले र तत्कालिन माओवादी केन्द्रलाई यिनीहरू कम्युनिस्ट होइनन् भन्दै गर्दा त्यही नाममा चुनाव जितेर आई सरकार बनाएका छन्। यिनको वर्ग चरित्र के हो ?**

अहिलेको राज्यसत्ता दलाल पुँजीपति वर्ग, नोकरशाह पुँजीपति वर्ग र सामन्त वर्गको राज्यसत्ता हो। यो सरकारको मुख्य काम भनेको यो राज्यसत्ताको संरक्षण र सेवा गर्नु हो । दोस्रो कुरा, अहिलेको संविधानमा गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समानुपातिकता, समावेशिता जस्ता कतिपय कुराहरू सकारात्मक र केही प्रगतिशील भए तापनि समग्रमा र सारतत्वमा यो संविधान संसदवादी संविधान नै हो । यो संविधानले त्यही नोकरशाही पुँजीपति, दलाल पुँजीपति र सामन्त वर्गको राज्यसत्तालाई संरक्षण गर्छ ।

एमाले र माकेको गठबन्धन चुनावको बेलामा बन्यो र अहिले उनीहरू एकताबद्ध भएर गए । उनीहरूले यो संविधानलाई संस्थागत गर्न दृढतापूर्वक कार्यान्वयन गर्ने भनेर प्रतिवद्धता जनाएर अघि बढिरहेका छन् । यस अर्थमा उनीहरू वर्तमान संविधान र पार्लियामेन्ट्री व्यवस्थाको संरक्षण गर्ने तत्वहरू हुन् । उनीहरूको चरित्र मूलरूपमा सामन्ती दलालहरूको राज्यसत्ताको संरक्षण गर्ने चरित्र बनेर गयो । नाम र रूपमा जे सुकै भएपनि जनताले उनीहरू कम्युनिस्ट हुन् भनेर भोट दिए । वामपन्थी भनेर भोट दिए । सोझासाझा जनता भ्रममा परेर झुक्किए । अब जनताले बुझ्दै जाने छन् ।

**ओली सरकारको शय दिनको गतिविधिलाई कसरी नियाल्नु भएको छ ?**

यी शय दिनहरूमा भारतसँगको सम्बन्धको कुरा नै आउँछ । प्रधानमन्त्री ओलीजी भारत जानु भयो । भारतीय प्रधानमन्त्री मोदी नेपाल आउनु भयो । समकक्षी दुई प्रधानमन्त्रीहरूले केही सम्झौता र सहमति गरे पनि । सतहमा यो परिघटनालाई हेर्दा नयाँ सम्झौता त केही पनि गरिएको देखिएन, तर पनि पुराना असमान सबै सन्धिसम्झौताहरूलाई चाहिँ ठीक छ भनी सदर गरे । सन् १९५० लगायतका सबै असमान सन्धिसम्झौताहरूलाई ठीक छ भनेर आए ।

सबै कम्युनिस्टहरूले भन्ने गरेको कुरा के हो भने गरिने सन्धिसम्झौता नेपाली जनता र राष्ट्रको हितमा हुनु पर्छ । कुनै दिन उनीहरूले पनि यी कुरा भन्ने गरेका थिए। कोशी सम्झौता, गण्डक सम्झौता र पञ्चेश्वरदेखि महाकाली सम्झौतासम्मको ती सबैले विरोध गरेका थिए पनि । तर अहिले ओके गरेर आए ।

महाकालीलाई एमालेले फ्रिज बनाएका थिए । माओवादी केन्द्रमा रहेका साथीहरूले हामी माओवादीमा सँगैहुँदा विरोध नै गर्दै आएका थियौं। ती सबै सम्झौतालाई अहिलेका नेकपामा गएका सबैले ओके गरे । अपर कर्णाली र अरुण तेस्रोको कुरा गिरिजाले संसदलाई छलेर ल्याएको हो, त्यो पनि ओके भनी शिलान्याश समेत् गरे । यस्ता असमान सन्धीसम्झौता सबैको आँखा चिम्लिएर अनुमोदन गरेपछि यो राष्ट्रिय स्वाधीनताको पक्षमा गम्भीर प्रकारको घात नै भयो ।

मोदीले आफ्ना सेनाहरूलाई मुस्ताङसम्म पुऱ्याए । जनकपुरमा ओली चाहिँ राजस्थानी ड्रेसमा सामेल भए । फेरि त्यही मधेशका मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा हाम्रै संविधानले मधेशलाई मुक्ति दिएन भने। इन्डियाका आजादले मोदी गएर एकदम ठीक गरे भने, सुष्मा स्वराजले मोदीले हाम्रा इन्डियनलाई राम्रोसँग कन्भिन्स गरे भन्ने खालका कुराहरू गरे । नेपाली झण्डा बिगारेर राखेको कुराहरू आए। यी सबै कुराहरूले नाकाबन्दीको बेला बनेको ओलीको राष्ट्रवादको साख ध्वस्त भयो । यी सबै परिघटनाहरूलाई हामीले सिसिलेवार रूपमा हेर्नु पर्दछ ।

**सरकारको नीति कार्यक्रम तथा बजेटलाई समाजवादउन्मुख भनी प्रचार गरिएको छ । तपाईंलाई यथार्थता के हो जस्तो लाग्छ ?**

सरकारलाई नियाल्ने अर्को परिघटना भनेको नीति, कार्यक्रम तथा बजेट नै हो । उनीहरूले नीति तथा कार्यक्रममा आर्थिक क्रान्तिलाई केन्द्र भागमा राखेर ल्याएका छन्। तर यो बजेट आर्थिक क्रान्तिलाई टेवा दिने खालको छ या छैन हामीले त्यहाँ हेर्नु पर्छ। केवल सपना देखाउने खालका कुराहरू भएका छन्। अरु केही सुधारका कुराहरू भएका छन्, यी त ठीकै होलान् पनि । नेपालीहरूको प्रतिव्यक्ति आय दोब्बर गराइन्छ र देशको आम्दानी डबल बनाइन्छ भनेर उनीहरूले ५ वर्षसम्मको रणनीतिक कुराहरू गरेका छन् । यस्ता सुधारका कुराहरू त पञ्चायत कालमा पनि गर्ने गर्दथे । अलिअलि बहुदलले पनि गरेको थियो। थोरै सुधारका काम त जसले पनि गर्छ नै।

तर पनि यी सुधारका कुराहरू मात्र पनि लागू गर्न सकिन्छ कि सकिदैन भनेर थुप्रैले प्रश्न गरिराखेका छन् । कार्यान्वयनका लागि पैसा कहाँबाट जुटाउने हो। खास आधारहरू नै छैनन् । आशङ्का व्याप्त छ । कम्युनिस्टहरूले गर्ने भनेको आर्थिक क्रान्ति नीति तथा कार्यक्रम र बजेटमा पनि गुणात्मक रूपमा ल्याउन सक्नु पऱ्यो नि। नयाँ अध्याय, नयाँ युग सुरु भयो भन्नेहरूले गुणात्मक कार्यक्रमहरू ल्याएको खोइ ?

यो बजेटले मूल रूपमा दलालपुँजीपति वर्ग र यहाँको सामन्त वर्गको संरक्षण गर्छ । उपल्लो वर्गकै संरक्षण गर्दछ। तल्लो वर्गको हकहितको निमित्त केही पनि गर्दैन । किसान मजदुरहरूको निम्ति यसले के पो कार्यक्रमहरू ल्याएको छ र ? व्यापार घाटा कसरी कम गर्ने, बेरोजगारी कसरी हटाउने, विदेशिएका लाखौंलाख युवाहरूलाई कसरी फर्काउने कुनै कार्यक्रम नै छैन । यो तरिकाले हुँदैन । धेरैले यसबारेमा आलोचना गरिसकेका छन् । मात्रात्मक रूपमा केही परिवर्तनका कुरा भए पनि गुणात्मक छलाङ् हान्ने किसिमका कार्यक्रमहरू चाहिँ छैनन् । समाजवादमा जाने भन्ने कुरा त छोडिदिऔं ।

समाजवादमा जाने बजेटले पुँजीवादविरुद्ध सङ्घर्ष गरेर जाने हो । नीति कार्यक्रम तथा बजेटमा राष्ट्रिय पुँजीवादको विकासम्मका कुरा पनि छैनन् । बरु पूरै उदारीकरण, निजीकरणको प्रक्रिया, मल्टिनेशनल कम्पनीहरूको संरक्षण गर्ने खालका कुराहरू छन् । डब्लूटिओका कुराहरू छन्, विश्व व्यापारका कुराहरू छन्, विश्व बैंकका कुराहरू छन्, अन्तर्राष्ट्रिय मुद्राकोषसँग जोडिएका कुराहरू मात्र छन् । यिनै संघसंस्थाहरूबाट लगानी भित्र्याउने कुराहरू छन्। यस्ता खालका निजीकरण तथा व्यापारीकरणका कार्यक्रम भित्र्याएर कसरी गुणात्मक सुधार हुन सक्ला ? यसले त पुरानै ढङ्ग र परिपाटीको संरक्षण गर्छ। त्यसकारण सरकारका शय दिन भारतीय प्रधानमन्त्री मोदी र यो बजेटलाई हेर्दा छर्लङ्ग देखिन्छ ।

**संविधान संशोधन गर्ने शर्तमा अहिले संघीय समाजवादी फोरम २–बुँदे सहमति गर्दै सरकारमा सहभागी भएको छ। भारतीय प्रधानमन्त्री मोदी आउँदाको विवाद र घटनाक्रमका बीचमा फोरम सरकार जानुको कारण के होला ?**

यसको बारेमा यो नै हो भनेर अहिले नै किटान गरेर बोल्न सकिदैन । हिजो एमालेले संविधान संशोधनको कुरा दृढतापूर्वक विरोध गरेको थियो । हिजो माओवादीकेन्द्रले संविधान संशोधन गर्न सकिन्छ भनेको थियो । तिनीहरूकै बीचमा मत मिल्दैन थियो । उपेन्द्र यादवहरूले पनि एमालेलाई पूरै विरोध गरेका थिए । यो देख्दादेख्दै उपेन्द्रजी सरकारमा किन र कसरी आए ? दुई-बुँदे सहमति पनि गरे । उनीहरूका पनि सीमाहरू त होलान् । सरकारमा नजाने हो भने पार्टी चलाउन गाह्रो पर्छ पनि होला । सरकारी पक्षको कुरा के थियो भने उनीहरूलाई जसरी पनि ल्याउनु पर्छ । अब कसरी संशोधन गर्छन् हेर्न बाँकी छ ।

हाम्रो सन्दर्भमा यो संविधान संशोधन गरेर देश र जनताको पक्षमा आमूल परिवर्तन पनि हुँदैन र संविधानको पछि लागेर आमूल परिवर्तन पनि हुनेवाला नै छैन। यहाँ चोर दुलाहरू छन्, ती चोर दुलाहरूबाट के के गर्ने हुन् भन्ने आशङ्काहरू पनि छन्।

**माओवादी केन्द्र र एमालेको एकता हो कि बिलय ? तपाईंलाई माओवादी केन्द्रको एमालेमा बिलय हो जस्तो लाग्दैन ?**

यो रूपमा त एकता नै हो । दुईटा छुट्टाछुट्टै नामका पार्टी एउटै नाम बनाएर गए । त्यस कारणले त्यो रूपमा त एकता नै हो । तर हामीले रूपमा मात्र होइन, कुनै पनि पार्टीको एकता हुँदा सारमा पुगेर हेर्नुपर्ने हुन्छ । पहिले जनयुद्धकालमा लामो समयदेखि लड्दै आउँदा एमालेविरुद्ध नेकपा माओवादी कसरी लडेको थियो । नेकपा माओवादीले एमालेलाई प्रतिक्रियावादीकरण भनेको हो । प्रचण्डजीले पनि त्यही भन्दै आएको कुरा हो । त्यसकारण एकदम गद्दार र संशोधनवादी गुट, जनयुद्धको बेलामा सेना परिचालन गर्नका निम्ति सरकारलाई उक्साउने, प्रतिकारमा उत्रन पनि तयार भएको पार्टी यो पार्टी कसरी क्रान्तिकारी भयो ? उनीहरू त बदलिएकै छैनन् ।

आखिर बदलियो को त भन्दाखेरि माओवादीबाट माकेहुँदै जाँदा माके नै धरै बदलिदै गयो । यो प्रक्रिया हेर्दा माकेको एमालेमा बिलय हो । एमाले बदलिएकै छैन । उहीं ठाउँमा छ । माकेले माओवाद छाडिदियो । मार्क्सवाद-लेनिनवाद मात्र मानेको छ। जनयुद्ध र त्यसको मर्मबोध मात्र पनि छाडे अब । संसदीय व्यवस्था, प्रतिस्पर्धा, आवधिक निर्वाचनको कुरा त एमालेले पहिल्यैदेखि भन्दै र गर्दै आएको हो।

जनयुद्ध र क्रान्तिका कुरा उनीहरूसँग कहीं कतै पनि बाँकी रहेन अब । यसले राजनीतिक रूपमा माकेको एमालेमा बिलय भएको नै निष्कर्षमा पऱ्याउँछ । रूप वा नामको कुरामा मात्र हेर्ने होइन, नीति र सारमा हेर्ने हो । रूपमा मात्र होइन, सारमा पनि माओवादी केन्द्र आफ्नो जनयुद्ध कालदेखिको राजनीति सम्पूर्ण परित्याग गरेर एमालेको विचार र रणनीतिमा छिरेको छ । यस अर्थमा त रूप र सार दुवैमा विलय नै हो ।

**माकेको एमालेमा बिलयपछि नेपाली कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारीहरूका अगाडि के कस्ता चुनौती र संभावना खडा भएका छन् ?**

यो एउटा गम्भीर चुनौति हो । क्रान्तिले एउटा ठूलो धक्का खाएको छ । अर्कोतिरबाट दक्षिणपन्थी अवसरवाद एकदम प्रवल भएर आएको छ। अहिले देशको हर्ताकर्ता तिनै छन्। तिनी सत्तामा छन् । तिनीहरूले नेपाली कांग्रेसले गर्ने काम गरिरहेका छन् । संसदीय व्यवस्थाको संरक्षण गर्ने, त्यसैलाई एकदम महान् भनेर फलाक्ने गरेका छन्। नाम मात्र कम्युनिस्टको, तर काम गर्दा कांग्रेसको गरिरहेको छ ।

सम्भवतः एउटा कुरा के पनि हो जस्तो लाग्छ भने पुरानो व्यवस्थालाई धेरै भ्रमित पारेर राख्न गाह्रो पर्ने भयो । नेपालमा अब संसदीय व्यवस्था नाङ्गिइसक्यो । कांग्रेसहरूलाई लिएर संसदीय व्यवस्था बचाउन सकिन्छ भन्ने वैदेशिक प्रक्रियावादीलाई भित्रैदेखि नै लाग्यो। यो विस्तारवादी षड्यन्त्र त होइन भन्ने पनि देखिन्छ । कांग्रेस नाङ्गिसके पछि कम्युनिस्टको सरकारभन्दा अरु त दुनियाँले आँखै देख्न नचाहने भयो । कुरा के पनि हो भने नेपालमा कांग्रेसको विकल्प कम्युनिस्ट मात्रै छ। त्यसकारण यिनीहरूलाई ल्याउँदा खेरि केही वर्ष थेग्न सकिन्छ होला भन्ने विदशी प्रतिक्रियावादीलाई लाग्न सक्छ । यो सोचबाट नेपालमा कम्युनिस्ट भनिनेहरूलाई अघि ल्याएको हो भन्ने लाग्छ। यो साम्राज्यवादी, विस्तारवादी षड्यन्त्र अन्तर्गत छ भन्ने लागेको छ । त्यसकारणले पनि यो एउटा गम्भीर प्रकारको चुनौति हो ।

यसको सामना कसरी गर्न सकिएला त ? पहिलो कुरा, हामी क्रान्तिकारीहरूले यो सरकार साँचो अर्थमा कम्युनिस्ट होइन, बरु संसदीय हो भनेर लगिएको प्रचारात्मक आन्दोलनलाई राम्रो तरिकाले जनताको बीचमा पुऱ्याउनु पर्दछ । र, वैचारिक रूपमा नाङ्गेझार पार्नु पर्दछ । दोस्रो कुरा, यिनीहरूले केही बजेट मार्फत् केही सुधारका प्रक्रिया वा कुराहरू गरिरहेका छन् ।

अहिले हाम्रो अगाडि भनेको राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्याहरू छन् । यी समस्याहरूको समाधान यिनीहरूले गर्न सक्दैनन् भन्ने खालको कुरा बिस्तारै गएर जनताले सजिलै बुझ्ने देखिन्छ । राष्ट्रियताकै गम्भीर कुराहरू छन् । यो हल गर्न सक्दैनन् । बरु थप राष्ट्रिय आत्मसमर्पण गर्छन्, यिनीहरूले । तेस्रो कुरा, अन्तरविरोधहरू छन्- प्रतिपक्ष र सत्ताधारीहरूको बीचमा । यी तमाम प्रकारका अन्तरविरोधहरू सत्ताको क्रममा चर्किंदै जान्छन् ।

कांग्रेसीहरूले एमालेमाकेको सरकारलाई राष्ट्रघाती र लम्पसारवादी भनिरहेका छन्। राष्ट्रिय लम्पसारवाद त केही कांग्रेसीहरूको मुखमा झुण्डिरहेको छ । कांग्रेसले भन्ने गरेको लम्पसारवाद कस्तो होला ? अर्को अन्तरविरोध भनेको वाम भनिने मान्छेहरू देश र जनताको लागि भलो चाहने छैनन् । उनीहरू त कसरी आफ्नो दुनो सोझ्याउने, कसरी कमाउने भन्ने सोचमा तल्लिन छन् । कमाउन खोज्नेहरूको बीचमा त झन् बढि अन्तरविरोध पैदा हुन्छ ।

यिनीहरू संघीयताका चर्का कुरा गर्छन् । तर बजेट बनाउँदा संघीयता विरोधी बनाउँछन् । सत्ताधारी पार्टीकै मान्छेले विरोध गरिरहेका छन् बजेटको । संघीय संसद, प्रदेश र स्थानीय यी तिनवटाको अधिकारक्षेत्र कहाँ कहाँ हो ? राजनीतिमा कहाँकहाँ हो, अर्थतन्त्रमा कहाँकहाँ हो, योजना बनाउँदा कहाँकहाँ हो, वनजंगल नदीनाला को कसका हिस्सामा पर्ने हो ? आदि कुराहरू छन्

अरुण तेस्रोको उद्घाटन केन्द्रले गर्न मिल्ने कि नमिल्ने ? शिल्यान्यास गरेर यी दुईवटाले १ नं. प्रदेशको अधिकार किन लिने ? अपर कर्णाली कसको हो, केन्द्र कि ६ नं. प्रदेशको ? सङ्घीयता आउने कुरा बुझ्दाबुझ्दै यी कुरा किन गरिएको हो ?

बजेटको कुरा आउँदा अहिले बजेटलाई कतिपयले एकात्मक भनिरहेको छन् । बजेटको केन्द्रीकरण छ भन्ने कुरा त आइहाल्यो । अझ स्वायत्त प्रदेश भन्ने त छदै छ। संघीयताको अझै पनि अत्तोपत्तो छैन ।

यो बेला हामीले संगठनलाई बलियो बनाउनु पर्छ। सबै क्रान्तिकारी कम्युनिस्टहरूलाई गोलबन्द गर्ने अनि राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका समस्याहरूलाई लिएर फेरि आन्दोलनको तयारी गर्दै अघि बढ्नुपर्छ । हामी अगाडि बढ्दे जाँदा नयाँ जनवादी क्रान्तिको तयार हुँदै जान्छ । यो तयारीको प्रक्रियालाई अगाडि बढाउँदे गऱ्यौं भने यसको प्रक्रिया पूरा हुँदै जान्छ ।

प्रजातन्त्रको कुरा गर्नेले शान्तिपूर्ण विरोध प्रदर्शन गर्दा सबैलाई धरपकड गरे। विरोध प्रदर्शन पनि गर्न नपाउने लोकतन्त्र कस्तो खालको होला ? यसले त फेल खायो नि त । यिनीहरूलाई डेमोक्रेसी के हो, पोलिटिक्स के हो थाह छैन। जे मन लाग्यो त्यही प्याच्च बोलि हाल्ने, भनिहाल्ने। त्यो कतिसम्म मान्छेले सहन सक्छन् ? घमण्डले एकदम चुर पनि छन् !

राष्ट्रका प्रमुख भएपछि नम्र हुने हो कि हिजोका महाराजाधिराजहरू जस्ता। प्रधानमन्त्रीको बोली हिजोको महाराजधिराज जस्तो पो छ । हामीले हेर्दै गइरहेका छौं । कुनै बेलामा शक्तिमा आएकाहरू फेरि पछि ओह्रालो लाग्दै जान्छन् ।

**चुनौतिको यो घडीमा छरिएर रहेका विभिन्न क्रान्तिकारी कम्युनिस्ट घटकहरूलाई गोलबन्द गर्ने अभियानको नेतृत्व पनि गरिरहनु भएको छ। कत्तिको प्रगति भएको छ ?**

त्यसमा हाम्रो कुराकानीहरू भइ नै रहेको छ। तर त्यो सबै प्रारम्भिक अवस्थामा नै छ। अहिले नै ठूलै प्रगति भइहाल्ला भन्ने पनि सोचिएको छैन । टुटफुटको प्रक्रियाबाट गुज्रिएका मान्छेमा बेग्ला बेग्लै खालका बिचारहरू हुँदै र जन्मदै जान्छन् पनि । तर पनि हाम्रो यो क्रान्तिकारी एकताको अभियान निरन्तर रूपमा जारी रहने छ। एकतिरबाट हामीले आफ्नो पार्टीलाई बलियो बनाउँदै लैजान्छौं । अर्कोतिर एकताको आशा र प्रक्रिया पनि अघि बढिरहन्छ ।

माथिल्लो तहका नेतादेखि कार्यकर्ताहरूको पंक्तिसम्मले राम्रो तरिकाले मेहनतका साथ काम गर्दै गऱ्यौं भने त्यो एउटा विशाल पंक्ति आबद्ध हुँदै जान्छ। हामीले देखेका छौं जनयुद्धको बेलामा एउटा विशाल पंक्ति आएको थियो । नेताहरू नआए पनि कार्यकर्ताहरूको विशाल पंक्तिको भेल नै आएको थियो। त्यो संभावना फेरि पनि प्रवल नै छ । हामी आफ्नो संगठनलाई पनि सुदृढ गर्दै अगाडि बढ्दै छौं।

**पार्टीको संगठन सुदृढीकरण अभियान अन्तरगत युवा लक्षित कार्यक्रमहरू पनि भइराखेका छन्। अभियानले राखेका लक्ष्यहरू कत्तिको पूरा भइराखेका छन् ?**


यसको समग्र रूपमा मूल्याङ्कन गरी सकिएको छैन। हाम्रो केन्द्रीय समितिको बैठक छिट्टै बस्दैछ। यसको मूल्याङ्कन त्यति बेला नै गर्ने छौं। देशव्यापी अभियान चलिराखेको छ। केन्द्र प्रदेश, जिल्ला, नगर र गाउँहरूमा सङ्गठन निर्माण तथा परिचालनका कामहरू भइराखेका छन् । हामीहरूको जहाँजहाँ जनआधारहरू छन्, त्यहाँ कार्यक्रमहरू भव्यताका साथ सम्पन्न हुँदै गइराखेका छन्। हामीहरू सङ्गठनको जराहरू स्थानीय स्तरका गाउँगाउँ वडावडासम्म लैजान चाहन्छौं। हाम्रो प्रयत्न जारी छ। यसका लागि सम्पूर्ण जनवर्गीय संगठन र मोर्चाहरूलाई परिचालन गरिरहेको छौं। हामसम्म मात्रात्मक प्रगतिहरू सतहमा देखिसकेका छन् यी उपलब्धिहरूलाई संश्लेषित गरेर अर्को चरणको अभियानलाई गुणात्मक रूपमा सम्पन्न गर्ने प्रयत्न गर्ने छौं।

**विगतमा सञ्चालन गरिएको जनयुद्धको उताराधिकारीको रूपमा क्रान्तिकारी माओवादी मात्र छ । माकेको एमालेकरण भइसकेपछिको स्थितिमा शहीद परिवार, घाइते अपाङ्ग र बेपत्ता तथा तिनका परिवारहरूलाई कस्तो खाले भरोसा दिलाउन सक्नुहुन्छ ?**

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास हेर्दा दक्षिणपन्थी अवसरवाद र क्रान्तिकारी मार्क्सवादी दुईधारबीच संघर्ष चल्दै आएको छ । हिजो हामीसँगै रहेका क्रान्तिकारीहरू पनि दक्षिणपन्थी अवसरवादमा परिणत हुँदै नवप्रतिक्रियावादमा पतन भएका छन् । यस्तो अवस्थामा जनयुद्ध, विद्रोह र आन्दोलनहरू जुनजुन बेला जनताले गरे यी सबै धाराहरूको उत्तराधिकारी तथा एकमात्र क्रान्तिकारी शक्तिको रूपमा बाँकी रहेको हाम्रो पार्टी क्रान्तिकारी माओवादी हो । झापा विद्रोहको धारा एमाले हुँदै सिद्धियो । जनयुद्धको एउटा समूह पनि अवसरवादमा पतन भइ सिद्धियो । अब बाँकी रहेका हामी क्रान्तिकारी माओवादी पुष्पलालदेखि हालसम्मका क्रान्तिकारी धाराको प्रतिनिधित्व गर्ने ठाउँमा बाँकी रहन पुगेका छौं ।

अहिले तत्काल घाइते, अपाङ्ग, शहीद परिवार र बेपत्ता परिवारलाई हामीले यो वा त्यो दिन्छौं भन्न सक्दैनौं, तर घाइते, अपाङ्ग तथा बेपत्ताहरूले जुन सपना साकार पार्नका लागि आफूलाई वलिवेदीमा होमे, मुक्तिको त्यो जगलाई हामीहरू निष्ठाका साथ अगाडि बढाउँछौं । उनीहरूको त्याग वीरताको उच्च मुल्यांकन गर्दै अघि बढ्ने छौं । एउटा मात्रै उदाहरण लिऔं बालकृष्ण ढुंगेलले आफू रिहा भइसकेपछि मुक्तिका लागि लडिएको त्यो महान् जनयुद्धलाई महाअपराध जस्तो करार गर्दै मलाई राजामहाराजाहरूको हातबाट गरिने जीवनदान दिइएको जस्तो गरी जेलमुक्त गरिएको छ, यो ठूलो विडम्वनाको कुरा हो भनेका छन् । कुरो ठीकै पनि हो कि सबै क्रान्तिकारी योद्धा र आन्दोलनहरूको सच्चा उत्ताराधिकारी आज सत्तासिन रहेका शक्तिहरू नै हुन्थे भने आज यो स्थितिको सिर्जना हुन सक्ने थिएन ।

# नेपालको राजनैतिक इतिहास र वर्तमान : संक्षिप्त सिंहावलोकन



● पुष्पगोपाल श्रेष्ठ ●

सदिऔंदेखि भन्नुको मतलब (अर्थ) विशेषतः बृटिश साम्राज्यवाद (इष्ट इन्डिया कम्पनी) सँग सुगौली सन्धि गरेदेखि यता नेपालका सत्तासीनहरूले नेपालको राष्ट्रिय-स्वाधीनता, जनजीविका र जनसरोकारका अत्यन्तै सम्वेदनशील विषय वस्तुमाथि निर्लज्ज ढङ्गले खेलवाड गर्दै, आफ्नो स्वार्थसिद्ध गर्न विदेशी शक्तिसामु बिना हिच्किचाहट प्रायजसो लम्पसार पर्दै आइरहेको स्थिति देख्नमा आउँछ । वीर पूर्खाका सन्तानहरू कतिपय त अवोध बालकहरूद भैं अचेतन अवस्थामा सामन्ती सोचमा डुबेर ‘भगवान भरोसा’ भन्दै निधारमा हत्केला राखेर भोक्राएर बसिरहेको स्थितिको भझल्को पनि आउने गर्छ । तर, यसो भनेर आजसम्म नेपाली भूमिभित्र कुनै पनि नेपालका नेपालीहरू राजनैतिक रूपले र अरु कुनै पनि रूपले (अर्थमा) पराधीन भएर गुम्सेर वा गुलामी (गरेर) जीवनयापन गर्नु परेको इतिहास छैन । नेपालको इतिहासमा स्वतन्त्र सार्वभौमसत्तासम्पन्न, भूअखन्ड नेपाली भूमिमाथि साम्राज्यवादीहरूले बेलाबखत गिद्धे दृष्टि गाड्नु मात्र होइन, अपितु नेपाली भूमिमाथि आफ्नो अधिपत्य जमाउने कुचेष्टाका साथ सैनिक आक्रमणमा समेत नउत्रेका हैनन्, उत्रेकै हुन् । हाम्रा पूर्वज वीरवीराङ्गनहरूको देशभक्ति र आफ्नो मातृभूमि नेपालको लागि आत्म वलिदानीपूर्ण जुझारु साहसिक प्रत्याक्रमण सामु टिक्न नसकी लुते कुकुरले भैं आफ्नै कण्डामुनि शीर लुकाई कुक्कुक्क परी भागेको र भगाइ पठाएको हाम्रोसामु जिउँदो इतिहास छ ।

नेपालको गौरवपूर्ण इतिहासलाई धज्जी-उडाउँदै महत्वाकाङ्क्षी राजा पृथ्वीनारायण शाहदेवले आफ्नो महत्वाकाङ्क्षी इरादा पूरा गर्न अनैतिक तौरतरिकाका अनेकौं छलकपटपूर्ण नीति अपनाई, नेपाली भूमिभित्र आन्तरिक उपनिवेश खडा गरी, नेपालका सम्पूर्ण आदिवासी जनजातिहरूको राजनैतिक, आर्थिक, सामाजिक तथा धार्मिक जस्ता सम्पूर्ण नैसर्गिक अधिकारहरू बलजफ्ति हनन् गरी शोषण, दमन र उत्पीडनको हथ्कन्डा मच्चाई आफूले सिर्जना गरेको आन्तरिक उपनिवेशिक एकात्मक केन्द्रिकृत राज्यसत्तालाई दरिलो र दीगो पारी टिकाइ राख्न, नेपाली अनुहारका ती जो आफ्नो व्यक्तिगत स्वार्थको निमित्त नेपाल राष्ट्र र राष्ट्रियताको स्वतन्त्र अस्तित्वलाई त्याग्न तयार पद, प्रतिस्ठा र सम्पत्तिको निमित्त हुरुक्क हुने लोभीपापी मानसिकताका खस बाहुन क्षेत्री समुदायभित्रका जो कोही जमात् तथा गुरूपुरेतहरूलाई साथ लिएर एकछत्र निरङ्कुश तानाशाही शासन कायम गरी नेपाल राष्ट्र र राष्ट्रियतालाई अस्तव्यस्त पारेका थिए ।

त्यसैगरी जङ्गबहादुर राणा (कुँवर) ले पनि उही शाहवंशीय राज्य-सत्ताको धरातलमा टेकी बृटिश साम्राज्यवादको ताबेदारी गर्दै नेपालमा आफ्नो जहानियाँ निरङ्कुश तानाशाही शासन लादेर १०४ वर्षसम्म नेपाल र नेपालीलाई दोहन गरी पूरै मोज-मस्तिकासाथ ऐयासी जीवनयापन गर्दैआएका थिए । शाहवंशीय कब्जामा रहेको नेपालको राज्यसत्ता खोस्न सफल राणा शासक वर्गले, तत्कालिन नेपाली समाजमा अत्यन्तै गहनरूपले भित्रैसम्म जरा गाडेर बसेको अध्यात्मवादी छाप अर्थात् राजा भनेको विष्णुका अवतार (साक्षात् परमेश्वर, नारायण देवता) हुन् भन्ने अध्यात्मवादी मनोभावनामा ठेस नपर्ने गरी बडो चलाकीपूर्ण तरिका अपनाई, राजा (राजतन्त्र) लाई मात्र देखावटीको रूपमा श्री ५ महाराजाधिराज सरकार भन्ने शब्द अलङ्कार यथावत् कायम राखी शाहवंशीय राजाहरूलाई भित्रभित्रै पूर्णरूपले सुरासुन्दरीहरूको पूर्ण-विलासिताको महाजालमा फसाई, राज्यको शासन-सत्ता पूरै कब्जा गरी नेपाली आम जनतामाथि मनोमानी ढङ्गले शोषण, दमन र उत्पीडनको बल-वृत्तामा मनोमानी तरिका अपनाई निरङ्कुश तानाशाही शासन लाद्न सफल जनहानियाँ राणा शासनका अन्तिम सरकार प्रमुख मोहन शमशेरको पालासम्म आइपुग्दा अन्ततः जनताको आक्रोशसामु नतमस्तक भई घुँडा टेक्न बाध्य हुन पुगेका थिए ।

यद्यपि २००७ सालमा भएको सशस्त्र जनक्रान्ति नेपाली काँग्रेसको नेतृत्वमा भएको थियो भनी भन्ने गरे तापनि, त्यति बेलाको राजनैतिक वस्तुस्थिति नियाली हेर्ने हो भने नेपाली काँग्रेस त जनक्रान्तिको अग्रभागमा देखिएको मात्र हो कि भन्ने आभाश मिल्न आउँछ । किनभने, भित्री कारक तत्व त अर्कै देख्नमा आउँछ । अर्थात् नेपालका निरङ्कुश तानाशाही शाहवंशीय तथा जहानियाँ राणा तानाशाही सरकारहरूको अतिशय दमन, शोषण र उत्पीडनमा परी आजित भई बसेका आम जनसमुदायमा, ती निरङ्कुश तानाशाही सरकारहरूविरुद्ध निर्भिकताका साथ राजनैतिक क्रान्तिको ज्वालामा लामबद्ध पार्न राजनैतिक चेतना जगाउन महान वीर शहीद गंगालाल, धर्मभक्त, शुक्रराज शास्त्री र दशरथचन्दहरू जस्ताले खेलेको क्रान्तिकारी भूमिकाबाट प्रभावित र प्रशिक्षित भई नेपालमा विकसित हुँदै आइरहेको राजनैतिक वस्तुस्थितिको फाइदा उठाउने दुराशयपूर्ण मानसिकताका साथ नेहरूले बडो चलाकीपूर्ण तौरतरिका अपनाउँदै क्रान्तिकारी आँधिबेहरी उठ्न उठ्नै लागेको स्थितिलाई नेहरूले आफ्नो अनुकूल हुने गरी लपेट्न सफल भएको प्रष्ट देखिन आउँछ ।

ब्रिटिश साम्राज्यवादी जंजिर (उपनिवेश) मा जकडिएर बस्न बाध्य भारत, दोस्रो विश्वयुद्धताका चलेको उपनिवेशवाद विरुद्ध हावाहुरी र भारतीय राष्ट्रवादी भगतसिं र सुभाषचन्द्र वोस जस्ता सपुतहरूको त्याग, तपस्या र आत्मबलिदानीपूर्ण क्रान्तिकारी भूमिकाको राप र तापबाट जागृत भारतीय जनता, महात्मा गान्धिका साथ सशक्त रूपले संघर्षमा उत्रेर प्राप्त भएको उन्मुक्तिबाट टाउको उठाई, चतुर भारतीय जवाहरलाल नेहरूले आफूलाई ब्रिटिश साम्राज्यवादको अघोषित उतराधिकारीको रूपमा प्रस्तुत गर्दै, भारतीय विस्तारवादी नीति नेपालमाथि लाद्ने दुराशयपूर्ण सोचकासाथ, नेपालको राजदरबार (नारायण हिटी) भित्र जहानियाँ राणा सरकारले शाहवंशीयदराजा त्रिभुवन वीर विक्रम शाहदेवलाई सुरासुन्दरीहरूको महाजालभित्र कैद गरिराखेकालाई उन्मुक्ति दिलाउने नाउँमा आफ्नो दूराशयपूर्ण स्वार्थ सिद्ध गर्न राजा त्रिभुवनलाई, भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूले वास्तविक राजा हुनुको इच्छा जगाउन गोप्य मन्त्रणासाथ, एक विशेष भारतीय दूतलाई राजदरबारभित्र प्रवेश गराई, राजा त्रिभुवनलाई प्रशिक्षित तुल्याई गुपचुप काठमाण्डौंको लैनचौरस्थित भारतीय राजदुतावासमा शरणार्थीको रूपमा शरण लिन लगाई तत्पश्चात् दिल्ली रमाना गराई, नेपालमा उठेको क्रान्तिकारी जनउभारबाट त्रसित बनी निरीह बन्न पुगेका श्री ३ मोहन शम्शेर जवरालाई दिल्ली दरबारमा बोलाई, धुर्त्याइपूर्ण सान्त्वनाका थपथपाइमा लठ्ठपारी धूर्त नेहरूले आफ्नो दूराशयपूर्ण धुर्त्याइँ मनोकमना पूरा हुने गरी, श्री ५ त्रिभुवन र नेपाली काँग्रेसको रोहवरमा श्री ३ मोहन शम्शेर जबरा र भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूबीच आफू अनुकूल १९५० को असमान सन्धिलाई, मैत्री सन्धिको नामाकरणका साथ सम्पन्न गरी गराई, २००७ मा नेपाली काँग्रेसको नेतृत्वमा भएको भनिएको जनक्रान्तिलाई यसरी बीचैमा अलपत्र पारी तुहाएका थिए ।

त्यसै गरी दिल्ली दरबारभित्र भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको नीतिनिर्देशन र उनकै रोहवरमा निर्माण गरिएको जनक्रान्तिको अन्तरिम सरकारको प्रधानमन्त्री मोहनशम्शेर तथा गृहमन्त्रीमा विश्वेश्वरप्रसाद कोइरालालाई पदभार सम्हाल्ने गरी तोकेका थिए । गृहमन्त्रीको कार्यभार सम्हाल्न पुगेका कोइराला, सामन्तीहरूको चाप्लुसी अर्थात् राजा त्रिभुवनले आफूसँग दर्शाएको मित्रवत् व्यवहारबाट प्रफुल्लित भई राणाकालिन निर्माण गरी सिंहदरबार भित्र आफ्नो शान्ति सुरक्षाको निमित्त तैनाथ गरिराखेको विजुली गार्ड नाम गरेको सेनालाई सिंहदरबारबाट नारायणहिटी राजदरबारमा स्थानान्तरण गर्ने तरखरमा सक्रियतासाथ लागि परिरहेका गृहमन्त्री कोइरालालाई, प्रधानमन्त्री मोहन शमशेरले सचेतता अपनाउन भनेका थिए- “मलाई भम्टिने (खाने) बाघले, पछि तिमीलाई पनि खान बेर मान्दैन” भनी सम्झाउँदा सम्झाउँदै पनि सुनेको नसुने भैं गरी, जबर्जस्त सिंहदरवारस्थित ती सम्पूर्ण सेनालाई नारायणहिटी राजदरवारमा स्थानान्तरण गरेको भोलिपल्ट, आफू पहिले पहिले जस्तै दरबारभित्र प्रवेश गर्न खोज्दा उही सेनाले आफूलाई दरबारभित्र प्रवेश गर्न रोकेको कुरा राजा त्रिभुवनलाई जाहेर गर्दा, राजाबाट अत्यन्तै सहज ढङ्गले सम्झाउँदै भने- “यो कुनै ठूलो कुरा होइन, यो त नियमको सिलसिलावत कुरा मात्र हो” भन्ने कुरा सुनेपछि कोइराला आफू चीरनिन्द्राबाट ब्युँभे भैं भस्केर, आफूले आफैलाई कोच्दै भने ‘आफूले आफ्नै खुट्टामा बञ्चरोले हान्न पुगेछु’ भनी सुसाउन थालेको कुरा सुन्ने उनकै निकटस्थ अनुयायीहरूले त्यो गहिरो कुरा बुझे वा बुझेनन् उनीहरूमै निहित रहे ।

नेपाली काँग्रेसले वी.पी. कोइरालालाई जननेता मानिआएकाको त्यो अदूरदर्शितापूर्ण कार्यबाट आफ्नो स्थिति मजबुत भइसकेको तिर मध्यनजर राख्दै, महेन्द्रले आफ्नो बाबु राजा त्रिभुवनले दिल्लीबाट घोषणा गरेको- “नेपालमा अब संविधानसभाको चुनाव गराई, निर्वाचित संविधानसभाबाट सरकार निर्माण गरी राज्य सञ्चालन गरिने छ ।” त्यो घोषणालाई समेत लत्याएर, महत्वाकाङ्क्षी महेन्द्रले पुनः राज्यसत्ता आफ्नो कब्जामा लिए पश्चात्, नेपालका विशेषतः संसदवादी राजनैतिक नेताहरूलाई एकपछि अर्को गर्दै पालैपालो गरी प्रधानमन्त्रित्वमा मन्त्रिपरिषद् गठन गर्दै, पद र प्रतिस्ठाका लोभीपापी राजनैतिक नेताहरूलाई, महेन्द्रले आफ्नो स्वार्थअनुरूप राज्य सञ्चालन गर्न लगाई, ती सबका सबलाई जनताको नजरबाट गिराई फेरि पनि शाहवंशीय राज्यसत्ता कायम् गर्ने तरखरमा सक्रियतापूर्वक लाग्दै थिए ।

शाहवंशीय तथा जहनियाँ राणा सरकारहरूबाट देशमा हुँदै आएको शोषण, दमन र उत्पीडनबाट प्रताडित नेपाल र नेपाली जनसमुदायलाई स्वतन्त्र र मुक्तिको लागि समयसापेक्ष ढङ्गले २०१४ सालमा नेपाल कम्युनिस्ट पार्टी र नेपाली काङ्ग्रेसबीच संयुक्त मोर्चा निर्माण गरी, देशव्यापी सत्याग्रहको माध्यमबाट सशक्त रूपले सङ्घर्षमा उत्रिई, महत्वाकाङ्क्षी राजा महेन्द्रलाई घुँडा टेकाई संसदीय चुनाव गराउन बाध्य पारेका थिए । नेपालमा पहिलो पल्ट भएको संसदिय चुनावमा नेपाली काँग्रेसले बहुमत प्राप्तगरी वी.पी. कोइरालाको अध्यक्षतामा संसदीय सरकार (बहुमतीय मन्त्रिपरिषद्) गठन गर्न सफल भएका थिए । तर, बहुमत प्राप्त काँग्रेसीजनहरूको अदूरदर्शिता अर्थात् देशको वस्तुगत स्थितिप्रति जिम्मेवार बनी गम्भीरतासाथ ध्यान केन्द्रित गरी, विकासशील पक्षभित्रका अन्तरविरोधहरू ठम्याएर समस्टिगत रूपमा देशको वस्तुगतस्थितिसँग मेल खाने गरी राष्ट्रिय कार्यनीति (कार्यविधि) लाई व्यवहारतः कार्यान्वयन गर्न सक्नु पर्थ्यो । त्यसो नगरी पूरै हचुवा तालले आफूले अङ्गीकार गर्दैआएको ‘काल्पनिक समाजवाद’को बेगमा उडेर विकासशील पक्षलाई बेवास्ता गरी पूरै अव्यवहारिक ढङ्गले कार्यान्वयनमा जुट्न पुग्नुकै कारण राजा महेन्द्रभित्र जलिरहेको कोपभाजनमा घ्यू थप्ने काम हुन पुग्यो । र, २०१७ पौष १ मा प्रजातन्त्रको हत्या हुन पुग्यो ।

प्रजातन्त्रको नाउँमा बडो मुस्किलले प्राप्त भएको प्रजातन्त्र अत्यन्तै छोटो समयावधिभित्र त्यो पनि आफू प्रजातन्त्रवादी भनी दाबी गर्ने दाबेदारहरूकै कमी-कमजोरीबाट नेपालमा प्रजातन्त्रको हत्या हुन पुग्यो । त्यसपछि देशमा पञ्चायती कालरात्रीले सिर्जना गरेको त्रासदीपूर्ण कहालीलाग्दो (स्थितिबाट देश र जनतालाई मुक्ति र स्वतन्त्रताको पक्षमा, त्यो २०१७ सालको घटनापछि विभिन्न समुहमा विभाजित क्रान्तिकारी कम्युनिस्ट पक्षधरहरूले आ-आफ्नो सोच र स्थितिअनुरूप आन्दोलन उठान गर्ने प्रयासरत मध्ये एक माले समुह २०२८ सालमा सिङ्गो नेपालमा राजनैतिक हलचल मच्चिने गरी भापाबाट सशस्त्र सङ्घर्ष (वर्ग सङ्घर्ष) मा उत्रेका थियो । तर, केही समयको अन्तरालपछि त्यसै समुहका अधिकांश व्यक्तित्वहरू आधुनिक सशोधनवादमा पतन हुन पुगे । खासमा भन्नुपर्दा यस्तो हुनु कुनै अनौठो र आश्चर्य मान्नुपर्ने कुरो होइन । यसले नेपालको कम्युनिस्ट अन्दोलनमा केही नकारात्मक असरत पार्‍यो नै । फेरि पनि देशमा कम्युनिष्टिक प्रभाव विकसित हुनुमा कुनै रुकावट आएन र सुस्त सुस्त विकसित भइ नै रहे ।

यसरी देशमा कम्युनिष्टिक प्रभाव बढ्दो स्थितिबाट त्रसितभई २०१७ सालको घटना लगतै विदेश पलायन भई प्रवासमा जीवनयापन गर्दै आएका काँग्रेसीजनहरू २०३२, २०३३ सालतिर ‘राष्ट्रिय मेलमिलाप’को नारासँगै राजाको गर्धनमाथि मेरो गर्धन भन्दै स्वदेश फिरेर, कम्युनिस्ट गतिविधिमाथि आँखा चिम्लेर खनिदै, निर्दलीय पञ्चायती व्यवस्थालाई परोक्ष रूपले साथ दिन पुगेका थिए । तर, यसरी लामो समय बितिसक्दा पनि आफूले सोचेअनुरूप राजा र राजतन्त्रबाट सकारात्मक सहयोग र सद्भाव जस्ता कुनै कतैबाट पनि विश्वासको स्थिति सिर्जना हुनुको उल्टो आफूलाई आत्मासमर्पणका राजनैतिक दबाब बढ्दै आउनुबाट आजित भई, अन्ततः २०४६ सालमा नाकको चालले वाम मोर्चासँग संयुक्त मोर्चा गठन गरी पहिलो जनआन्दोलनमा उत्रेका संयुक्त मोर्चा, जनआन्दोलन उत्कर्षतिर लम्किँदै गर्दा यिनीहरू आफै त्रसित बनी रातारात जनआन्दोलनलाई तुहाई दलगत स्वार्थ पूर्तिखातिर, आन्दोलनकारी जनतालाई धोका दिएर राजतन्त्रसँग धोकापूर्ण सम्झौतामा उत्रेर फेरि पनि देश र जनतालाई, २०३७ को जन्मतसंग्रहमा सुधारिएको पञ्चायती व्यवस्था नाउँ गरेकोलाई बडो चलाकीपूर्ण ढङ्गले लाद्न ल्याए जस्तै गरी संवैधानिक राजतन्त्र बहुदलीय प्रजातान्त्रिक संसदीय व्यवस्था नाउँ गरेको उही पुरानो एकात्मक केन्द्रिकृत राज्यसत्ता कायम गर्न, नयाँ संविधान निर्माण गरी २०४८ सालमा गरेको आमचुनावमा नेपाली काँग्रेसले बहुमत प्राप्त गरी गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्न पुगे ।

नेपालको राजनीतिमा कोइराला परिवार हाबी बन्दै आउनुसँगसँगै देशको निमित्त यो अर्को दुर्भाग्य नै भन्नुपर्ला, किनभने यिनीहरूबाटै नेपालको जलसम्पदा भारतलाई सुम्पिने कामको सुरुवात भए । अर्थात् सर्वप्रथम मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि कोशी सुम्पिए भने, वी.पी. कोइरालाले गण्डक, यसै गरी गिरिजाप्रसाद कोइरालाले पनि त्यसै गरे । ‘महाकाली’ सुम्पिने काममा पहिलोपल्ट कम्युनिस्टको नाउँमा कालो धब्बा लाग्ने गरी, मार्क्सवादको बाक्लो खोल ओढी, कम्युनिस्ट पार्टीको साइनबोर्ड भुण्ड्याई, हँसिया र हथौडा अङ्कित भन्डा फहराई जनतालाई दिग्भ्रमित पार्न माहिर एमाले अग्रस्थानमा उभिन पुगेको थियो । जसमा प्रष्ट रूपले विशेषतः केपी ओली देख्नमा आएका थिए ।

नेपालमा युगौंदेखि शोषण, दमन र उत्पीडनको कुचक्र चलाई आफ्नो मोज-मस्तिको निमित्त मनोमानी ढङ्गले सञ्चालन गर्दैआइरहेका ती राजारजौटाहरूको साम्राज्य (राज्यसत्ता) विरुद्ध आमजनतालाई राजनैतिक रूपले जागरुक बनाई, प्रजातन्त्रको लडाइ लड्न कम्मर कसेर अग्रसर हुनुभएका हाम्रा अग्रज वीर शहीद महापुरुषहरूको अभिलाषामाथि दूराशयपूर्ण कुदृष्टि गाडी, आफ्नो निहीत व्यक्तिगत स्वार्थ अनुकूल हुनेगरी विदेशी प्रभु विशेषतः भारतीय विस्तारवादको उपदेश, नीति र निर्देशनलाई नेपाल र नेपालीको मुक्ति र स्वतन्त्रताको नाउँमा आफू सत्तासीन हुन पुग्ने मार्गदर्शनको रूपमा आँखा चिम्लेर ग्रहण गर्दै, स्वाभिमानी, न्यायप्रेमी स्वतन्त्रकामी नेपालका नेपालीहरूको थाप्लोमा जबरजस्त लाद्न ल्याइपुर्‍याएको संसदीय व्यवस्था विरुद्ध २०५२ फाल्गुण १ गतेबाट क्रान्तिकारी धारको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) अत्यन्तै दूरदर्शितापूर्ण नीति अपनाई नयाँ जनवादी क्रान्ति (दीर्घकालीन जनयुद्ध) शान्दार रूपले उद्घोष गरी युद्ध मैदानमा उत्रियो ।

क्रान्तिकारी कम्युनिस्टहरूले जनयुद्धको दौरानमा, देशको ८० प्रतिशत भूभाग कब्जा गरी, संसदीय सत्तासिनहरूलाई पूरै प्यारालाइज (पक्षघात) बनाई आफ्नो लक्ष्य र उद्देश्यअनुरूप निरन्तर अगाडि बढिरहेको जनयुद्ध, दुखदायीपूर्ण तरिकाले पछिल्तिर धकेल्न पुगे । यसो पछिाल्तिर धकेल्न पुग्नु खासमा भन्नुपर्दा यसको मुख्य कारण निम्न पुँजीवादी सोच नै हो । अर्थात् दीर्घकालिन जनयुद्धभित्र सुरुदेखि नै भनेजस्तो प्रमुख नेतृत्व प्रचण्ड र बाबुरामबीच नेतृत्वका लागि तीव्र हानथाप हुँदै आइरहेको स्थिति थियो । यस्तै स्थितिमा प्रचण्ड स्वयम्को नेतृत्वमा खारा आक्रमण नराम्ररी पराजित भई ठूलो नोक्सानी बेहोर्नपर्नुबाट मानसिक रूपले बिचलित तर, पानिमाथि ओभानो बन्न र बनाउन सिपालु निम्न बुर्जुवा प्रवृत्तिका ती दक्षिणपन्थी नवसंशोधनवादी चङ्गुलमा फस्दै गइरहेका प्रचण्ड र धेरै पहिलेदेखि भारतीय विस्तारवादको खेलौना (चेस बोर्डको गोटी) बन्दै आइरहेका बाबुराम भट्टराईबीच मित्रता गाँस्ने यो नै एउटा भरपर्दो र गतिलो सेतु बन्न पुगेका थिए । जुन सेतुको बलबुतामा टेकेर दुवैजना भारतको दिल्ली दरबारमा पुगेर भारतीय विस्तारवादसामु ‘भारतलाई अहित हुने कुनै काम कुरो गर्ने छैनौं’ भनेर वर्गीय तथा राष्ट्रिय आत्मसमर्पण गर्न भ्याए । तत्पश्चात् दुवैको भित्री मकसद पार्टीलाई सुधारवाद तथा संसदवादको दिशातिर लैजाने प्रश्नमा एक रूपता कायम् हुन पुग्यो । यो कुरो उनीहरूले २०६० जेष्ठमा पार्टीको केन्द्रीय समितिको पूर्ण बैठकमा प्रचण्डद्वारा नयाँ जनवादी क्रान्ति (दीर्घकालिन जनयुद्ध) विरुद्ध “२१ औं शताब्दीमा जनवादको विकास” भन्ने प्रस्ताव प्रस्तुत गरेको थियो भने पार्टीमा चल्दै आएको दुईलाइन सङ्घर्षको एक उत्कर्षका रूपमा बाबुराम भट्टराईद्वारा २०६१ मंसिर १५ मा अन्तर पार्टी छलफलका मूलभूत विषयहरू” शीर्षकको प्रस्ताव तथा २०६१ कार्तिक २६ को असहमति पत्र प्रस्तुत भएको थियो ।

त्यस विषयलाई लिएर बाबुराम लगायत्का नेताहरूलाई पार्टीबाट निष्कासित पनि गरिएको थियो । तर, यी दुईको मित्रताको गाँठो कसिँदै गइरहेको प्रभावमा परी २०६२ मा चुनवाङमा केन्द्रीय समितिको बैठक बसी (जतिखेर क्रान्तिकारी धारकाका मोहन वैद्य ‘किरण’ र सीपी गजुरेल लगायत् अन्य कतिपय नेता तथा कार्यकर्ताहरू आन्तरिक तथा बाह्य षड्यन्त्रको जालमा परी भारतीय कारागारमा अत्यन्तै कष्टकर जीवनयापन गर्दै थिए) चलाकीपूर्ण तौरतरिका अपनाई बडो नाटकीय ढङ्गले तिनीहरूमाथि गरिएको पार्टी कारवाही फिर्ता लिनुको सँगै उनीहरूलाई दिइएको पहिलेकै जिम्मेवारी कायम् गरी, जनयुद्धको लक्ष्य र उद्देश्य जनताको जनवादी गणतन्त्र (जनवादी राज्य) लाई रद्दीको टोकरीमा फालेर लोकतान्त्रिक गणतन्त्रको नीति पारित गरे पश्चात् दिल्लीमा गई भारतीय विस्तारवादको रोहवरमा सात संसदीय दलसँग, (विघटित संसदलाई व्युँभाई त्यसै मातहत काम गर्ने) गरी १२-बुँदे सम्भौता पत्रमा हस्ताक्षर गरी आएलगतै जनयुद्धको जगमा उठेको जनउभारमा उभिएर “बृहत् शान्ति सम्भौताको नाउँमा” नयाँ जनवादी क्रान्ति (जनयुद्ध) लाई सहज रूपले गला निमोठी पछाडि धकेल्न पुगेका थिए ।

त्यसै गरी ज्ञानेन्द्र शाहभित्र पनपनाइरहेको बालमनोविज्ञान अर्थात् २००७ सालको राजनैतिक घटना क्रममा, राजा त्रिभुवन वीरविक्रम शाहदेव राजगद्दि त्यागेर आफ्नो बालबच्चासहित भारत पलाएन भएपछि, त्यति बेलाको व्याप्त आध्यात्मवादी सोचअनुसार ‘राजा’ भनेका साक्षात् परमेश्वर विष्णुको अवतार हुन भन्ने जनधारणालाई, जहानियाँ राणा शासक वर्गले नकार्न सक्ने स्थिति थिएन । र त ४ वर्षिय बालक ज्ञानेन्द्र आफ्नो मामाको घरमा छुटेकालाई ल्याई, राजा त्रिभुवन भारत पलायन भई रिक्त रहन गएको राजगद्दीमा वैदिक विधि पुर्‍याई ४ वर्षीय बालक ज्ञानेन्द्र शाहलाई राज्यारोहण गराई राजसिंहासनमा विराजमान गराएका थिए । त्यही बेलादेखि ज्ञानेन्द्रमा परेको बालछाप नै बालमनोविज्ञानको रूपमा पनपनाउँदै आएका घमण्डी ज्ञानेन्द्र शाह, राजा विरेन्द्रको वंशै नाशहुने गरी षड्यन्त्रात्मक ढङ्गले घटेको राजदरबार हत्याकाण्डपछि वैदिक नीतिअनुसार राज्यारोहण गरी राजगद्दीमा आसिन तानाशाह राजा ज्ञानेन्द शाह बालमनोविज्ञान र घमण्डीको चुङ्गलबाट माथि उठ्न नसक्नु र उनका आफ्नै वरिपरि भुमिरहेका बुद्धिजीवी र राजनीतिक सल्लाहकार भन्नेहरू पनि उही नोकरशाही मनोबृत्तिका हुनुको सँगै अदूरदर्शी राजनैतिक परामर्शमा लिनभई जीहजुर सरकार भन्दै आफ्नो स्वार्थ सिद्ध गर्नमै तल्लिनहरूको घेराबन्दीभित्र आफ्नै घमण्डमा चुरभई बसेका राजा ज्ञानेन्द र उनका दहिच्युरे सल्लाहकार जमातले समेत, उता संसदीय दलका नेताहरूको मनोदशा र सत्ता-लिप्सालाई पटक्कै बुझ्न नसक्नुको कारण, सदियौं लामो इतिहास बोकेको शाहवंशीय राजतन्त्रलाई, शाहवंशका अन्तिम राजा बनी, आफूसमेत् शाहवंशीय राजतन्त्रलाई ध्वस्त पारी राजगद्दि त्यागेर बाहिर निस्कन बाध्य बन्न पुगेका थिए ।

शताब्दीऔं लामो समयसम्म गहिरो गरी जरा गाडी बस्न सफल शाहवंशीय राजतन्त्र गाम्राङ्गुम्रुङ ढलिसक्दा पनि पृथ्वीनारायण शाहका अघोषित उतराधिकारीहरू यी संसदीय दलका नेता र कार्यकर्ता तथा संसदीय भाषमा दुब्न पुगेका नामधारी कम्युनिस्टहरू पनि उही संसदीय दलहरूकै पदचाप पछ्याउँदै शाहवंशले खडा गरेको एकात्मक केन्द्रिकृत राज्यसत्ता कायम गरी, नेपालको हिमाल, पहाड, तराई र भित्रीमधेशका जनतालाई, काठमाण्डौं उपत्यकाभित्र केन्द्रीकृत गरी कृषिप्रधान देशमा कृषि विकास गर्नुको सट्टा कृषि उपज नै ठप्प हुने गरी, कृषि-प्रधान देश नेपालका कृषकहरूलाई आफ्नो जन्मथलो (गाउँघरमा) बसी खान नसक्ने स्थिति सिर्जना गरी, तड्पाई तड्पाई काठमाण्डौं भ्याली (उपत्यका) भित्र केन्द्रित हुन बाध्य तुल्याएका थिए । त्यसमा पनि अभ, हाम्रो मित्र राष्ट्र रुस तथा चीनले स्थापना गरिदिएका कलकारखानाहरू कवाडीको भाउमा बिक्रि गरी देशका युवा जन-शक्तिलाई खाडी मुलुकमा कामको खोजीमा भौंतारिन बाध्य तुल्याउनुका साथै हाम्रा अग्रज पुस्ताले निर्माण गरेर स्थापना गरी छोडेर गएका पुरातात्विक तथा ऐतिहासिक धरोहरहरू लगायत् नेपालको पुरातात्विक सहर कान्तिपुरी नगरको सुन्दरता नै नस्ट हुने गरी, बिना योजना काठमाण्डौं भ्यालिभित्र जहाँतहिं जथाभावि घर-टहराहरू निर्माण गरी गर्न लगाई सुन्दर नगरलाई डम्पिङसाइटमा परिणत गर्न भ्याइ नै सके ।

नेपाली जनमानसमा पर्दै आइरहेको कम्युनिष्टिक प्रभावको फाइदा उठाउन मार्क्सवादको बाक्लो खोलले ढाकेर, कम्युनिस्ट पार्टीको साइनबोर्ड भुन्ड्याई, हँसिया र हथौडा अङ्कित भन्डा फहराई सोभासिधा जनतालाई दिग्भ्रमित पार्न सिपालु, राष्ट्रघाती नामधारी कम्युनिस्टहरू माओवादी केन्द्र र एमाले मिलेर वामपन्थी गठबन्धन र कम्युनिस्टहरूको एकताको हौवा खडा गरेर, वामपन्थी गठबन्धनको नाउँमा अत्यधिक (बहुमत) भोट हासिल गरी बहुमतीय सरकार गठन गर्न सफल वर्तमान सरकार प्रमुख केही समयअघि प्रधानन्त्रीको हैसियतले भारत भ्रमण गरी फर्केका के.पी. ओलीले पहिले भएगरेका राष्ट्रघाती सम्भौताहरू तदारुकताकासाथ अक्षरशः कार्यान्वयन गर्ने र फेरि नेपाललाई अर्को दूरगामी असर पर्ने गरी भारतीय विस्तारवादीको महत्वाकाङ्क्षी परियोजनाअनुरूप नेपाल-भारतबीच जलमार्गसँग जोड्ने सहमति कायम गरी, आफ्नो धूर्त्याइपूर्ण नीतिभित्रको नक्कली राष्ट्रवादी अडानलाई आफैले नाङ्गेभार पारेर फर्केका छन् । हुन त यो उनको नक्कली राष्ट्रवादी अडानलाई आफैले नाङ्गेभार पारेर फर्केका छन् । हुन त यो उनको नक्कली राष्ट्रवादी अडान आफू प्रधानमन्त्री हुनु अघि नै भारतीय विदेशमन्त्री नेपाल आउँदा उदाङ्गो पारिसकेका थिए । अहिले पेरि त्यो बाँकी बचेको नक्कली राष्ट्रवाद आपैले च्यातचुत पारी अर्को राष्ट्रघाती जलमार्ग सहमति कायम गर्ने सहमति पत्रमा हस्ताक्षर गरी आएका छन् । यसैगरी देशमा वर्तमान सरकारको घोषित नीति, अर्थात् बिनाआधार समाजवादको विकासको भ्रम छर्दै यहाँको आदिवासी जनजाति विशेषतः नेवार जातिलाई यहाँ (काठमाण्डौं भ्याली) बाट उठिवास मात्र हैन, पूरै घरवार-बिहीन सुकुम्बासी सर्वहारामा परिणत गरी, खेदिपठाउन, विकासको नाउँमा फास्ट ट्र्याक र सडक विस्तार जस्ता अनेकन जाल बुनी योजनाबद्ध ढङ्गले कम्मर कसेर अगाडि बढ्न लागिपर्न थालेका छन्, यी नामधारी कम्युनिस्ट भनाउँदा एमाले र माओवादी केन्द्र ।

वर्तमान नेपालको राज्यसत्तामा फरेवीहरूको भुन्ड, अर्थात् दलाल नोकरशाही पूँजीवादी तथा सामन्तवादीहरूको कब्जामा रहिआएको अर्धसामन्ती तथा अर्ध-औपनिवेशिक नवऔपनिवेशिक राज्य व्यवस्थामा, हाल लोकतान्त्रिक गणतन्त्र नाउँ गरेको उहि पुरानो संसारमा अफाफ्सिद्ध भइसकेको संसदीय व्यवस्था नै हो । जस्लाई, क्रान्तिकारी कम्युनिस्टहरूले नेपालमा कायम रही आएको अर्धसामन्ती तथा अर्ध-औपनिवेशिक नऔपनिवेसिक अवस्थाबाट मुक्त गर्न देशमा अधुरो रहिरहेको नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा ढालेर, नयाँ जनवादी राज्यसत्ता स्थापना गरी समाजवादतर्फ अगाडि बढ्न, वर्तमान सन्दर्भमा विगतमा भएका विभिन्न जनआन्दोलन, सशस्त्र सङ्घर्ष र मुख्यतः महान् जनयुद्धको आधार तथा अनुभवमाथि गहन रूपले ध्यान केन्द्रित गर्दै नेकपा (क्रान्तिकारी माओवादी) को प्रथम राष्ट्रिय सम्मेलनबाट पारित ‘नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशा’लाई आत्मासात् गरी जुझारु ढङ्गले कार्यक्षेत्रमा उत्रनु र उतार्नु आजका क्रान्तिकारी कम्युनिस्टहरूको नैतिक दायित्वलाई हृदयङ्गम गरी, सिङ्गो पार्टी आजको आवश्यकता अनुरूप, ती छरिएर रहेका सम्पूर्ण क्रान्तिकारी कम्युनिस्ट, देशभक्त तथा वामपन्थीहरू सबलाई समय सापेक्ष ढङ्गले ध्रुवीकृत र एकताबद्ध पारी जुझारु ढङ्गले नयाँ जनवादी क्रान्तिको तयारीमा जुट्नुले, देशका तमाम् शोषित पीडित आमजनता आशावान्वित बनी जुर्मुराउन थालेको आभाषले देश र जनताको मुक्ति र स्वतन्त्रताको सुखद अनुभूति प्रतित हुन आएको छ । यस सुखद अनुभूतिलाई क्रान्तिकारी कम्युनिस्टहरूले केही गरेर पनि गुम्न दिनु हुँदैन । यसका लागि हरहमेशा क्रान्तिकारी सचेतता अपनाइरहनु नितान्त जरुरी छ ।

*(प्राविधिक कारणवश प्रस्तुत लेखको केही हरफ छुट्न गएको हुँदा पुनः प्रकाशित गरिएको हो । -सं.)*

# विश्व अहिले बहुध्रुवीय बन्दै गइराखेको छ

## रूस-चीन लगायतका देशहरू सम्मिलित ध्रुव बढी आक्रामक र अर्को ध्रुवको नाइके अमेरिका निकै रक्षात्मक बन्दै गैराखेको देखिन्छ ।



❑ इन्द्रमोहन सिग्देल (वसन्त)

**नेपालमा वर्तमान ओली सरकारको मौलिक कुटनीतिक सोच र अनुभवहरू नभएको भनी सर्बत्र आलोचना भैरहेको छ। देशको कुटनीतिक मामिलामा नेपालले कुन-कुन कुरामा बढी ध्यान पुऱ्याउनु पर्छ होला ?**

कुनै पनि देशको कुटनीतिको आधार भनेको त्यस देशको राष्ट्रियहित र त्यस अनुसारको परराष्ट्र नीति हो। सम्बन्धित देशले आफ्नो परराष्ट्र नीतिको आधारमा अर्को देशसँग कुटनीतिक सम्बन्ध कायम गर्ने गर्दछ । तर, हाम्रो देशमा अहिलेसम्म स्पष्ट रूपमा परिभाषित गरिएको परराष्ट्र नीति नै बनेको छैन । सत्ताबाहिर हुँदा राष्ट्रहितका चर्काचर्का कुरा गर्ने र अरुसँग तदनुसारको कुटनीतिक पहलको माग गर्ने र आफू सत्तामा पुगेपछि विदेशीहरूसँग लम्पसार पर्ने र राष्ट्रिय हितलाई बिर्सने नेपालको कुटनीतिक परम्परा नै बन्न गएको छ । वर्तमान ओली सरकारको सन्दर्भमा पनि यही कुरा सत्य हो । अनुभवले आंशिक भूमिका खेल्छ, तर त्यो कहिल्यै पनि निर्णायक हुन सक्दैन । अनुभवको कमी होइन, ओलीको राष्ट्रिय आत्मसमर्पणवाद नै उनीमाथि भएको आलोचनाका पछाडिको मूल कारण हो ।

विदेशी शक्ति राष्ट्रहरूसँग विभिन्न सन्दर्भमा गरिएका असमान सन्धिहरूका कारण नेपालले राष्ट्रिय सरोकारका विषयमा स्वतन्त्र निर्णय गर्ने अधिकार गुमाएको छ । सन् १८१६को सुगौली सन्धिपश्चात बेलायती साम्राज्यवादको उत्पीडनमा परेको नेपाल भारतसँग भएको १९५०को सन्धी पछि भारतीय विस्तारवादद्वारा नियन्त्रित छ। १९५०को सन्धिका साथै भारतसँग गरिएका सूरक्षा, जलस्रोत, व्यापार, पारवहन लगायतका सम्पूर्ण असमान सन्धिहरू यथावत रहुञ्जेल नेपाली शासकवर्गको लम्पसारवादी चरित्र र नेपालमाथि भारतीय शासकवर्गले गर्ने बिस्तारवादी उत्पीडनमा कुनै कमी आउने छैन । आउने दिनमा नेपालले स्वतन्त्र र सफल कुटनीतिको अभ्यास गर्नका लागि असमान सन्धिहरूको खारेजी र समानताको आधारमा नयाँ सन्धिहरूको निर्माण नै पहिलो शर्त हो । नेपालको कुटनीतिक सफलता वा बिफलताको मूल कारण अमूक नेताहरूको क्षमता वा अक्षमतामा भन्दा पनि राष्ट्रिय दृष्टिकोण र नीतिमा हेर्नु पर्दछ ।

**अल्पज्ञान र अनिर्णयको बन्दी हुनुका कारणले नेपालका शासकहरू विदेशी कुटनीतिको शिकार हुने गरेको भनिन्छ । यस सन्दर्भमा दुई ठूला छिमेकी देशहरू भारत र चीनको नेपालमाथि कुटनीतिक छायाँ कत्तिको देख्नु हुन्छ ?**

नेपालका शासकहरू विदेशी कुटनीतिको शिकार हुनुका पछाडिको मूलकारण अल्पज्ञान भन्दा पनि साम्राज्यवाद र विस्तारवादपरस्त मानसिकता नै हो । यसबारे धेरै कुरा माथि नै गैसकेको छ । जहाँसम्म छिमेकी देशहरू चीन र भारतसँगको नेपालको कुटनीतिक सम्बन्धको प्रश्न हो, यसमा आधारभूत फरक देखिन्छ । चीनले नेपालको राष्ट्रिय स्वाधिनतामाथि आँच आउने गरी हस्तक्षेपकारी काम आजसम्म गरेको छैन, बरु छिमेकी चीनको बलियो उपस्थिति नेपालको राष्ट्रिय स्वाधीनताका पक्षमा सहयोगी साबित भएको छ । नेपालको भू-राजनीतिक अवस्थिति यसको एउटा कारण हो । भारतको विस्तारवादी नीति र नेपालका शासकहरूको लम्पसारवादी चरित्रका कारण नेपालमाथि भारतको कुटनीतिक छायाँ कति कालो छ भन्ने कुरा बारम्बारका नाकाबन्दी, आर्थिक, राजनीति तथा सांस्कृतिक हस्तक्षेप र सीमा अतिक्रमण लगायतका गतिविधिले स्पष्ट गर्दछन् ।

**विश्व अहिले बहुध्रुवीय बन्दैगएको राजनीतिक वृत्तमा चर्चा चलिरहेको छ। तपाईको अध्ययनमा विश्वमा कस्तोखाले कित्ताबन्दी वा ध्रुवीकरण हुँदै गएको जस्तो लाग्छ ?**

सामान्यतः अघिल्लो शताब्दीको अन्तिम दशकदेखि र विशेषतः २००८को आर्थिक सङ्कटपछि विश्वको अर्थ-राजनीतिक तथा कुटनीतिक क्षेत्रमा नयाँ-नयाँ फेरबदलहरू देखिन थालेका छन् । विश्व अहिले बहुध्रुवीय बन्दै गइराखेको छ। पछिल्लो स्थितिमा आउँदा, नवउदारवादको नाइके अमेरिका संरक्षणवादको पक्षमा र हिजोको समाजवादी चीन आज नवउदारवादको पक्षमा खडा हुने जुन स्थिति देखापरेको छ, यो विश्वको अर्थ-राजनीतिक रङ्गमञ्चमा दूरगामी महत्व राख्ने परिघटना हुन् । यतिबेला विश्वमा मुख्यतः दुई ध्रुवहरू अगाडि आएका छन् । ती मध्ये रुस-चीन लगायतका देशहरू सम्मिलित ध्रुव बढि आक्रामक र अर्को ध्रुवको नाइके अमेरिका निकै रक्षात्मक बन्दै गैराखेको देखिन्छ ।

**साङ्गठनिक रूपमा अस्तित्वमा रहेका नेटो, ब्रिक्स र सार्क जस्ता अन्तर्राष्ट्रिय सङ्गठनहरू कत्तिको प्रभावकारी अस्तित्वमा छन् ?**

दोस्रो विश्वयुद्धपछि समाजवादी रुसको बढ्दो प्रभाव र चीनमा नयाँ जनवादी क्रान्तिको विजयले विश्वभरि नै समाजवादी क्रान्तिको लहर चलेको थियो । क्रान्तिको त्यो लहरलाई रोक्न अमेरिकी साम्राज्यवादको नेतृत्वमा अप्रिल ४, १९४९ का दिन २९ देश सम्मिलित रहेको उत्तर एटलान्टिक सन्धि सङ्गठन NATO (नेटो)को गठन भएको थियो । हालमा आएर अमेरिकी साम्राज्यवाद नै नेटो अन्तरगतका देशहरूको कठोर आलोचक बनेर प्रस्तुत हुन थालेपछि युरोपका २३ वटा देशले युरोपियन युनियनको मातहतमा रहने गरी एउटा स्थायी संरचित सहयोग (Permanent Structured Cooperation) अर्थात PESCO (पेस्को) नामको साझा सैन्य सङ्गठन निर्माण गर्न युरोपेली सङ्घीय परिषद् (Council of the European Union) लाई संयुक्त सुझाव दिएका छन् । यसले आउने दिनमा नेटोको भौतिक अस्तित्वमाथि नै प्रश्न चिन्ह उठाएको छ ।

पछिल्लो स्थितिमा, रुस, चीन, भारत, ब्राजिल र दक्षिण अफ्रिका सम्मिलित ब्रिक्स (BRICS) नामको एउटा नयाँ गठबन्धन निर्माण भएको छ । यद्यपि यसलाई सैन्य गठबन्धन भनिएको छैन, तर चीन तथा रुस जस्ता शक्ति सम्पन्न मूलुकहरूका बीचमा बनेको यो गठबन्धन अमेरिकी साम्राज्यवाद र त्यसले नेतृत्व गरेको ध्रुवका विरुद्ध परिलक्षित छ । स्पष्ट छ, (BRICS) आक्रामक बन्दै गैराखेको छ र अमेरिकी ध्रुव रक्षात्मक । जहाँसम्म सार्कको प्रश्न हो, त्यो पनि निस्प्रभावी बन्दै गएको छ। हिजो भारतीय प्रभावमा रहेका दक्षिण एशियाई मुलुकहरू आज चिनियाँ प्रभावतिर ढल्किँदै गएका कारण सार्क कमजोर बन्न गएको हो । यो भारतका लागि एउटा टाउको दुखाइको विषय बनेको छ ।

**यस्तो स्थितिमा एउटा क्रान्तिकारी पार्टीले आमूल परिवर्तन मार्फत् नेपाल र नेपाली समाज रूपान्तरका लागि के कस्ता पहलकदमीहरू उठाइए बढि अनुकुल हुनसक्छ ?**

यतिबेला विश्व साम्राज्यवाद गहिरिंदो आर्थिक सङ्कटका बीचबाट गुज्रिरहेको छ । विश्वमा श्रम र पुँजीका बीचको अन्तरविरोध, अन्तर-साम्राज्यवादी अन्तरविरोध र उत्पीडित राष्ट्र तथा जनता र साम्राज्यवादका बीचको अन्तरविरोध सबै चर्किरहेका छन् । क्षेत्रीय हिसाबले दक्षिण एशियामा भारतीय प्रभाव कमजोर बन्दै गएको छ। यो बाह्य परिस्थिति नेपालमा क्रान्तिकारी आन्दोलनको विकासका लागि अनुकुल स्थिति हो। अर्कोतिर, भारतीय विस्तारवादले नेपालमा आफ्नो प्रभावको रक्षा र विस्तार गर्न विशेष जोड दिएर अगाडि आइराखेको छ । त्यस अभियानमा कम्युनिस्ट नामका प्रतिक्रियावादीहरू विस्तारवादका सामु लम्पसार परेर भारतीय शासकवर्गका मतियारा बनिरहेका छन् । नेपाली क्रान्तिका निमित्त यो गम्भीर चुनौतीको विषय हो ।

उपरोक्त स्थितिमा अन्तर-साम्राज्यवादी तथा क्षेत्रीय अन्तरविरोधलाई क्रान्तिको हितमा उपयोग गर्दै मुख्यतः भारतीय विस्तारवादको हस्तक्षेप र कम्युनिस्ट नामधारी प्रतिक्रियावादीहरूको जनविरोधी र राष्ट्रघाती चरित्रको भण्डाफोर गरेर जनतालाई ओली सरकारको "समृद्ध नेपाल र सुखी नेपाली"को भ्रमबाट मुक्त गर्नु क्रान्तिको विकासका लागि यति बेलाको पहिलो शर्त हो । यसका निमित्त देशी तथा विदेशी प्रतिक्रियावादीको भण्डाफोरलाई अगाडि बढाएर र वर्गसङ्घर्षको विकास गरेर नयाँ जनवादी क्रान्तिका पक्षमा पार्टीको पहलकदमीलाई गुणात्मक ढङ्गले बढाउनु पर्दछ ।

# अमेरिका र उत्तर कोरिया वार्ताले अन्तर्राष्ट्रिय आयाम लिंदै



काठमाडौं । उत्तर कोरियाली नेता किम योङ चोल विहीवार वासिङ्गटन पुगेर अमेरिकी विदेशमन्त्री माइक पम्पेओसँग सौहार्द्रपूर्ण रूपमा वार्ता सकेर फर्किएको अमेरिकी सञ्चार माध्यमहरूले जनाएका छन् । यो सौहार्द्रपूर्ण वार्तापछि अब पहिले तोकेकै जुन १२ मा कोरिया-अमेरिका शिखर वार्ता हुने पक्कापक्की भएको छ ।

यस अघि अमेरिकी राष्ट्रपति ट्रम्पले एकतर्फी कोरिया-अमेरिका वार्ता भङ्ग गरेको केही समयपछि अन्तर्राष्ट्रिय दबाबका कारण शिखर वार्ताका लागि यो वार्ता भएको हो । यो वार्तापछि शिखर वार्ता पनि पहिले तोकिएको स्थान सिङ्गापुरमा नै हुने भनिएको छ । यसलाई अमेरिकी राष्ट्रपति ट्रम्प आफैले दोहोऱ्याएर सार्वजनिक गरेका छन् ।

किम योङ चोल अमेरिका प्रस्थान गर्दा चीन पुगी त्यहाँका उच्च तहका नेताहरूसँग भेट गरेका थिए । चोल आफै उत्तरकोरियाका सर्वोच्च नेता किम जोङ उन पछिका वरिष्ठ नेता हुन् । चोल र पम्पेओबीच वार्ता हुनु पूर्व उत्तर तथा दक्षिण कोरियाली उच्च तहका नेताहरूबीच दुवै देशको सीमानामा लामा-लामा वार्ता भएका थिए ।

इतिहासमा संयुक्त राज्य अमेरिका र उत्तर कोरिया बीच हुन थालेको द्वीपक्षीय वा द्वीदेशीय वार्ताले अन्तर्राष्ट्रिय आयाम लिंदै अघि बढिरहेको छ । अमेरिकी राष्ट्रति डोनाल्ड ट्रम्पले उत्तरकोरियाको विषयलाई लिएर युरोपीय युनियन तथा दक्षिण कोरिया अनि जापानको चासोसमेत् समेट्ने गरेका छन् । दक्षिण कोरियाका उच्चस्तरका नेताहरूले अमेरिकी दूतका रूपमा उत्तर कोरियासँग वार्ता गर्दै बिग्रिएका र बिग्रिदै गएका सम्बन्धहरूलाई सुधार्ने प्रयत्नमा देखिन्छन् । किनकि दक्षिण कोरियालाई आणविक शक्तिसम्पन्न राष्ट्र उत्तर कोरियाको निकै डर छ ।

अर्कोतिर उत्तरकोरिया चीनको सहयोगमा अघि बढ्न चाहन्छ । ऊ रुसजस्ता अन्य शक्तिराष्ट्रहरूको चासोलाई पनि अमेरिकासँग वार्तामा जोड्न तयारी गरिरहेको बुझिन्छ । उत्तर आफू र दक्षिण कोरियाबीचको आपसी अन्तरविरोध कतै विश्वयुद्धको कारण नबनोस् भन्ने कुरामा निकै सचेत देखिन्छ ।

विश्वमा पछिल्लो चरणमा हुँदै गइरहेको अन्तरदेशीय राजनीतिक ध्रुवीकरण र सहकार्यले अन्तरदेशीय शान्ति वार्ता पनि अब कतै क्षेत्रीय, कतै महादेशीय त कतै अन्तरमहादेशीय वा ध्रुवीकरणको आयाम लिन थालेको राजनीतिक विश्लेषकहरूले बताउन थालेका छन् ।

# 'स्टिल र आल्मुनियममा कर' : ट्रम्प 'त्यसको बदला लिइने छ' : *साझेदार जी ७*

काठमाडौं । अमेरिकाले मेक्सिको तथा क्यानडाबाट आयात हुने आल्मुनियममा १० देखि २५ प्रतिशतसम्म कर बढाउने निर्णय गरेपछि करको विषयलाई लिएर मेक्सिको, क्यानडा र अमेरीकाबीच तनाब उत्पन्न भएको छ । उत्पन्न तनाबका बीचमा क्यानडामा हालै जी ७ को बैठक बस्न पुगेको छ। बैठकमा अमेरिकाको चर्को आलोचना कायमै छ। फ्रान्सले त अब व्यापार युद्ध टाढा छैन भन्दै आफ्नो मत जाहेर गरेका थिए । अमेरिकी राष्ट्रपति ट्रम्पले लगातार ट्विट गर्दै आफ्नो निर्णयको बचाउ गरिरहेका छन् ।

साझेदार तथा छिमेकी देशहरूसँग कुनै पनि वार्ता र सहमति नगरी ट्रम्प सरकारले यी देशहरूबाट आयात गरिने आल्मुनियममा चर्को कर बढाउने गरी गरिएको एकतर्फी निर्णयले अमेरिका र उसका विश्व व्यापारका साझेदारहरूलाई निकै आक्रोशित गराएको छ। उनीहरूले यसको बदला लिइने भनी सार्वजनिक रूपमै आक्रोशपूर्ण अभिव्यक्ति पनि दिएका छन् ।

युरोपीय व्यापार साझेदार देशहरूले अमेरिकाको यो निर्णयलाई तानाशाही नीति र निर्णय भन्दै अमेरिकाले विगतको लामो इतिहासमा यस्ता खाले निर्देशनमुखी निर्णयहरू गर्दै आएको तीतो यथार्थतालाई पुनः स्मरणसमेत गर्न पुगेका छन्। प्रतिकूल अवस्थामा आफूसँग व्यापारमा साझेदारी गरौं भनी साझेदारहरू खोज्दै हिंड्ने र मौका पाउनासाथ एकलौटी र मनोमानी रूपमा निर्णय लिएर साझेदारहरूलाई लाद्ने गर्दै आएकाले यसपाला भने अमेरिकाको यो निर्णयविरुद्ध कदम उठाई छाड्ने बताएका छन् ।

निकै आक्रोशित र उत्तेजित अभिव्यक्ति दिंदै अमेरिकाका साझेदारहरूले ट्रम्पको यो निर्णयले विश्व बजारमा खलल उत्पन्न हुने र यसले विश्वका करोडौं उपभोक्ताहरूलाई ठूलो नोक्सानी पुऱ्याउने चेतावनी समेत् दिएका छन् । यसले विश्व बजारमा द्वन्द्व पैदा गराउने चेतावनी पनि दिइएको छ ।

उनीहरूले विश्वमा चल्दै आएको स्तन्त्र अर्थबजारमा निकै धरमराहट ल्याउने समेत बताएका छन्। तर स्मरणीय कुरा के हो भने अमेरिका र यसका साझेदारहरूले विश्व व्यापार र विश्व बजारमा मनोमानी सिण्डिकेटहरू खडा गरेर ब्रह्मलूट मच्चाउँदै आएका छन्। स्वतन्त्र व्यापारको कतै पनि गुञ्जायस रहेको छैन ।

राजनीतिक धारका हिसाबले हेर्दा यो अन्तर साम्राज्यवादी व्यापारिक अन्तर विरोध हो । यो मूलतः विश्वमा एकलौटी आर्थिक दोहन गर्दै आएका ठूला देशहरूबीचको व्यापारिक खिचातानी हो । तर आम रूपमा यसले सबै जनता र उपभोक्तालाई विश्वभर नै प्रभाव पार्ने देखिन्छ ।

ट्रम्प प्रशासनले गरेको निर्णयका बारेमा वार्तामा बसेर निर्णय लिन सकिने बताइए पनि त्यो त्यति विश्वसनीय नभएको उसका व्यापार साझेदारहरूले बताइरहेका छन् । ट्रम्प प्रशासनले संरक्षणवादी नीति अख्तियार गरेपछि अमेरिकाले आफूलाई फाइदा हुने गरी एकपछि अर्को गर्दै व्यापार तथा पारबाहनमा एकतर्फी निर्णय लिने गरिरहेको छ ।

# कामदार फिर्ता गर्छौं– *मलेसिया*

काठमाडौं । गैरकानुनी रूपमा देशमा पसेका कामदारहरूलाई त्यहाँबाट जुन महिनाको अन्त्यसम्म फिर्ता नपठाएमा सम्बन्धित म्यानपावर कम्पनीहरूलाई कार्वाही गरिने भनी मलेसियाली सरकारले घोषणा गरेको छ । नेपाली मजदूरहरूलाई आफ्नो देशमा काम गर्न जानबाट लगाएको 'इमिग्रेशन' रोक लगाइएको केही समयपछि मलेसियाले यो उर्दी सरकारी तहबाटै जारी गरेको हो । माथि पुनर्विचार गरेको छैन । बरु थप मौनता साँधेर यो प्रक्रिया अरु बढि लम्बिन सक्ने सङ्केत दिएको छ ।

नेपाली मजदूरहरू प्रत्येक महिना १० हजारका दरले मलेसियामा काम गर्नजाने गरेका छन् । मध्यपूर्वमा साउदी अरब, कतार, कुबेत र दुबईले नेपाली कामदारहरूलाई ढोका खुल्ला गर्नुपूर्व नेपालीहरू विदेशमा कमाइ गर्न जाने ठाउँ मलेसशया नै थियो । एकताका युरोप पछिको कमाइ हुने र सर्वसाधरणको पहुँच हुने कमाइको राम्रो ठाउँ भनेर मलेसियालाई लिइन्थ्यो ।

मध्यपूर्व अर्थात् खमडी मुलुमा रोजगारीको बाटो खुलेपछि पनि नेपालीहरू मलेसिया जाने लहर र कहरमा भने त्यति साह्रो कमी आएको छैन । तथापि 'इमिग्रेशन' रोकिएपछि भने नेपालीहरूमा अन्यौलता छाएको छ ।

नेपाल सरकार यसका अधिकारीहरूले भने मलेसियाली सरकारसँग कूटनीतिक तहमा वार्ता संवाद चलिरहेको बताएका छन् । तर पनि यदि मलेसियाले नेपाली कामदारका लागि 'इमिग्रेशन' खुल्ला गरेन भने नेपालमा भएको बेरोजगारीमा थप समस्या आउन सक्ने, रेमिटेन्समा ह्रास आउने र नेपाली जनजीवनमा पनि यसले प्रभाव पार्नसक्ने अर्थविद तथा विश्लेषकहरूको राय छ ।

# चित्रास्मृतिमा प्रतिरोध कविता अभियान



● हिरामणि दुःखी

'प्रतिरोध कविता अभियान' सञ्चालन गर्ने भनेर केही दिन पहिलादेखि छलफल गरेका थियौँ । बैशाख २८ गते बसेको इच्छुक सांस्कृतिक प्रतिष्ठानको कार्यसमितिको बैठकले त्यसलाई ठोस रूप दियौँ । प्रतिष्ठानकै ब्यानरमा देशका विभिन्न स्थानहरूमा 'प्रतिरोध कविता अभियान-२०७५' चलाउने योजना बनाएर हामीले त्यसको सुरुआत चितवनबाट गर्ने निधो गर्‍यौँ । त्यसपछि प्रगतिवादी धाराका केही स्थापित कवि तथा समालोचकहरूको टीम बनाएर हामी चितवनको यात्रामा जेठ तीन गते काठमाडौंबाट हिड्यौँ ।

काठमाडौंबाट हिँडेको टोलीमा ईश्वरचन्द्र ज्ञवाली, जगदीशचन्द्र भण्डारी, ताराकान्त पाण्ड्ेय, मित्रलाल पंज्ञानी, केशव सिलवाल, शोभा दुलाल, पञ्चकुमारी परियार, छायादत्त न्यौपाने, विदूर वस्ती र म थियौँ । हिँड्ने दिनमै विरामी परेका कारण शीला योगी छुट्नुभयो । सीता शर्माले तयारीका बेला प्रतिष्ठानबाट धेरै पटक फोन गर्दा पनि उठाउनु भएन । कलब्याक पनि गर्न भुल्नुभयो होला सायद, छुट्नुभयो । राजबहादुर कुँवर र इस्मालीजीले कार्य व्यस्तताले जान नभ्याउने सूचना दिनु भएको थियो । यो लटमा यति नै जाने भनेर बैठकमा निर्णय गरिएको थियो । यसरी हामी दस जनाको टोली चितवन हानियौँ । गौरी जी भोलिपल्ट बिहानै आफ्नै गाडीमा जानु भयो ।

चितवनको हाकिमचोक नजिकै रहेको 'चेतना भिलेज'मा चार गते कार्यक्रम गरियो । यताबाट गएको टोलीको बसाइको व्यवस्था पनि साथीहरूले त्यसै होटेलमा मिलाउनु भएको थियो । त्यसको व्यवस्था क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा चितवन जिल्ला पार्टीका इन्चार्ज कमरेड अम्बिका मुठभडी र प्रतिष्ठानका प्राज्ञ सदस्य मोदनाथ मरहट्टाले गर्नुभएको थियो । एकान्त, शान्त र रिसोर्ट स्टाइलमा भएको होटेलमा हाम्रो बसाई भने अत्यन्तै सस्तो थियो । सादा खाना सहित एक रात बसेको प्रति व्यक्ति तीन सय पचास रूपैयाँ मात्रै तिर्‍यौँ । चिया खाजा पनि हामीले व्यक्तिगत रूपमा आआफ्नै तरिकाले बाहिर खायौँ । निकै सस्तो यात्रा भयो यसपाली चितवन र पोखराको ।

चितवनमा तेत्तीस जना कविहरूले प्रतिरोधी कविता वाचन गरे । राधानीबाट गएका ताराकान्त पाण्ड्येय बाहेक हामी सबैले कविता वाचन गर्‍यौँ । ताराकान्त जीको भूमिका प्रतिरोध कविता अभियानको औचित्य, आवश्यकता, भूमिका र समय सन्दर्भका बारेमा कार्यक्रमको सुरुआतमै विषय प्रवेश गराउने थियो । वाचित कविताहरूको सारसङ्क्षेपको समीक्षा गर्ने जिम्मेवारी जगदीशचन्द्र भण्डारीलाई तोकिएको थियो । उहाँहरू दुबैले आआफ्नो भूमिका निकै सशक्त रूपमा निभाउनु पनि भयो । दुबै ठाउँको कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीले गर्नुभएको थियो भने सदस्यसचिव भएकोले मैले सञ्चालन गरेको थिएँ । चितवनमा रविकिरण निर्जिव र पोखरामा सुशीला थापाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

चितवनमा कविता वाचन गर्ने तेत्तीस जना थियौँ । काठमाडौंबाट गएका ताराकान्त बाहेकका हामी दस जनाले वाचन गरेका थियौँ । हामी बाहेक चितवन र हेटौँडाका गरी तेइस जना थिए । हेटौँडाबाट उमाकान्त आचार्य मात्रै आएका थिए । चितवनका मोदनाथ मरहट्टा, सरिता तिवारी, रविकिरण निर्जिव, प्रकाश चापागाइँ, प्रकाशबाबु खनाल, हरीहर सविता, ईश्वरी ओझा, कृष्णप्रसाद पण्डित, पूर्णबहादुर अधिकारी, नारायण शर्मा (विपिन), किरण पाठक, बाबुराम बैरागी, तेजराज सुवेदी, अशोक शर्मा, गोविन्द बहादुर कुँवर, खनाल रेवतीरमण, तारानाथ सुवेदी, रामहरी श्रेष्ठ, राममणि नेपाल, प्रज्ज्वल अनुग्रह, सुरेश गौतम र केसव सुवेदी थिए ।

४ गते दिउँसो १२ बजे कार्यक्रम सुरु गरेर अपरान्ह करिब साढे ३ बजे हाम्रो कार्यक्रम सकियो । कार्यक्रम सकिएपछि हामीले त्यहाँ खाजा खायौँ र पोखरा जानका लागि नारायणघाटको 'पोखरा बसपार्क'सम्म म्याजिक रिजर्व गरेर हिड्यौँ । काठमाडौंबाट गएको दस जनाको टोलीमा चितवनबाट मोदनाथ मरहट्टा, ईश्वरी ओझा, प्रकाशबाबु खनाल र हेटौँडाका उमाकान्त आचार्य थपिनु भयो र हाम्रो टोली चौध जनाको भयो । गौरी जी चितवनमै माइतीघर भएकाले त्यहीँ बस्नु भयो । पाँच गते मात्रै रविकिरण निर्जिवलाई साथै लिएर पोखरा जानु भयो ।

पोखरामा हामी धौलागिरी होटेल र अशोक होटेलमा बास बस्यौँ । त्यहाँको व्यवस्थापनको जिम्मा पर्शुराम कोइराला, सुशीला थापा र काजी गाउँलेले मिलाउनु भएको थियो । पोखरा महङ्गो र टुरिस्ट एरियाको सहर भए पनि हाम्रो बसाई खासै महङ्गो भएन । त्यहाँ पनि चितवनकै रेटमा हाम्रो खर्च आयो । महान् सहिदको नाममा स्थापना भएको प्रतिष्ठानको व्यवस्थापन र हामी क्रान्तिकारी धाराका कम्युनिस्ट स्रस्टाहरू भएकाले पनि खर्चमा सकेसम्म मितव्ययिता अपनाएका थियौँ । नभै नहुने आवश्यकताको खर्च मात्र गरेका थियौँ । कतिपय खाजा खर्च त आआफ्नै गोजीबाट गरेका थियौँ । कुनै सरकारी वा एनजिओ आइएनजिओको खर्चमा गरिएको कार्यक्रम थिएन । औपचारिकता पूरा गरेर लाखौँको बील पास गरेर पुँजीवादी विकासे संस्कृति निर्माण गर्नु पनि थिएन । बरू त्यो संस्कृतिको विरुद्धमा थियौँ । नेपाली कम्युनिस्ट आन्दोलनले पारेको प्रभाव र यसमा आएको विकृति, राज्यसत्ताको दमनकारी चरित्रको भण्डाफोर गर्दै जनतालाई क्रान्तिको कार्यभार बाँकी रहेको र त्यसलाई पूरा गर्न फेरी एकपटक उठ्नु पर्ने सन्देश दिन यो कार्यक्रम आयोजना गरिएको थियो ।

पोखरामा हाम्रो टोलीबाट १२ जना र बाँकी पोखरेली भेकका स्रस्टाहरू गरेर जम्मा छत्तीस जनाले कविता बाचन गरे । पोखरेली भेकका स्रस्टाहरूमा अनिल श्रेष्ठ, पर्शुराम कोइराला, देवेन्द्र लम्साल, लक्ष्मी थापा, यमबहादुर राना, चुडामणि बराल, ज्वति सुनार, मदन भण्डारी, कल्पना चिलुवाल, भोजराज त्रिपाठी, निर्मला न्यौपाने, अर्जुन ढकाल, विकास लुङ्गेली, स्ट्रगल राना, नारायण परिश्रमी, लिला पण्डित, शिव क्षेत्री, नारायण मरासिनी, विजया सुवेदी, लक्ष्मण गौतम 'हिमाली', अर्जुन सुवेदी, काजी गाउँले, ओमविक्रम ओझा र रोशन लामा थिए ।

काजी गाउँलेको नेतृत्वमा 'संगम सांस्कृतिक मञ्च, पोखरा' नामको एउटा सशक्त प्रकारको साङ्गीतिक टोली रहेछ । १५/१६ जना सङ्गठित र अरू आवश्यकताअनुसार जोडिन सक्ने साथीहरू गरी २०/२२ जनाको टिम छ भनेर काजी गाउँले र ओमविक्रम ओझाले कार्यक्रम समापनपछिको कुराकानीमा हामीसँग भन्दै थिए । साँच्चिकै धारिलो टीम रहेछ । पोखराको कार्यक्रममा निकै जोसिला शब्द र स्वरमा, सुमधुर र कर्णपृय सङ्गीत र लयमा ४/५ वटा गीत प्रस्तुत गरेको थियो यो सांस्कृतिक टिमले । साङ्गीतिक प्रस्तुतिका साथमा कविता गोष्ठी गर्दा यसले निकै रौनकता ल्याएको थियो । 'पोखरा पार्टी प्यालेस'को हलमा भएको कार्यक्रम उत्साही र वैचारिक रूपले पनि राम्रो रह्यो । कवितामा कला र विचारको संयोजन राम्रो थियो । एकादुई कविता बाहेक सबै कविता उत्कृष्ट थिए । यी दुवै ठाउँका कविता गोष्ठीले एउटा राम्रो सन्देश के दियो भने क्रान्ति अधुरो छ, जनताका दिन आएका छैनन्, केही मुठीभरका शासकहरूको स्वेच्छाचारी सत्ताका विरुद्ध जनताले फेरि आँधी बेहरीको सिर्जना गर्नुपर्छ भन्ने रह्यो । यो हाम्रो अभियानको उपलब्धि हो ।

अर्को कुरा अहिलेको कथित वाम सरकार तथा एमाले र माकेको एकताप्रति स्रस्टाहरू उत्साहित देखिएनन् । स्वयम् त्यस पार्टी सम्बद्ध कवि साहित्यकारहरू पनि सन्तुष्ट भएको पाइएन । अहिलेको राज्य व्यवस्थालाई हेर्ने मामिलामा पनि उनीहरू र हाम्रा बिचमा समानता रह्यो । वर्तमान सरकार फासिवादी तरिकाले चल्न खोजेको, उनीहरूले भन्ने समाजवाद उत्पीडित वर्गको नहुने, यो पुँजीवादी गणतन्त्र विगतका सत्ताको तुलनामा एक कदम प्रगतिशील रहे पनि वास्तविक जनताको गणतन्त्र हुन नसकेको भाव सहितका कविता यी दुवै गोष्ठीमा प्रस्तुत भए ।

कविता सुन्दर समाज बनाउने र सुन्दर मनुष्य निर्माण गर्ने कला हो । कविता आफैमा एउटा आन्दोलन हो । कविता आफैमा प्रतिरोध हो र यो आफैमा विद्रोह पनि हो । र, त प्रतिक्रियावादी सत्ता कवितादेखि आतङ्कित हुन्छ र कविताको हत्या गरेर आफ्नो लुटको 'स्वर्ग' बचाउने धृष्टता गर्छ । प्रतिक्रियावादी सत्ताका लागि कविता शक्तिशाली हतियार पनि हो । तर आम शोषित उत्पीडित वर्गका जनताका लागि कविता एउटा मीठो सुस्वादु सपना हो । लक्ष्य हो र उत्पीडनरहित समाज निर्माण गर्ने माहाअभियान हो । त्यसैले हामीले यो कविता अभियान सञ्चालन गरेर उत्पीडित वर्गका जनतालाई विचार र कलाका माध्यमबाट सचेत, जागरुक र आन्दोलित बनाउने सङ्कल्पका साथ कार्यक्रमलाई देशव्यापी बनाउने ठहर गर्‍यौँ । कविता सुतेकालाई ब्युँझाउने र ब्युँझेकालाई उत्पीडिन र उत्पीडनकारी समाज एवम् सत्ताका विरुद्ध प्रतिरोध गर्न उत्प्रेरणा दिने अभियान हो ।

आज सुन्दर सपनाहरूको हत्या भएको छ । सपनाहरूको बिसर्जन गराइएको छ । यसलाई विद्रुपिकरण गरिएको छ र आदर्शहरूको स्खलनता तर्फ मुलुकलाई धकेलिएको छ । एउटा निकै ठूलो युगान्तकारी परिघटना थियो दसवर्षे महान् जनयुद्ध । जनयुद्धलाई त्यसका मुख्य नायकबाटै सचेततापूर्वक विसर्जन गराएपछि आम जनतामा भएङ्कर डरलाग्दो तरिकाले निरासा, पलायनता, कुण्ठा र वितृष्णा पैदा गराइएको छ । त्यसैले जनतामा आसा जगाउन, क्रान्तिप्रति भरोसा जगाउन र नयाँ नायकहरू निर्माण गर्ने अभियानमा लगाउन जरुरी भएको छ । त्यसका लागि परिपक्व विचार निर्माणको आवश्यकता हुन्छ । त्यसमा साहित्य, कला, गीत सङ्गीतको महत्वपूर्ण भूमिका रहन्छ । यसले सभ्य संस्कृति निर्माणमा टेवा पुर्‍याउँछ । सभ्य संस्कृतिले सुन्दर विचार निर्माण गर्छ । त्यसैको खाँचो पूर्ति गर्न हामीले प्रतिरोध कविता अभियान चलाएका थियौँ ।

आज सरकार एकातिर फतफताइरहेको छ । जनता अर्कै तरिकाले सरकार र सत्ताधारी दललाई हेरिरहेका छन् । सरकार भन्छ एउटा, गर्छ अर्को । सत्तारुढ दलको कथित कम्युनिस्ट एकताको अभियानले आम जनातामा उत्साह दिन सकेको छैन बरू उसको क्रियाकलापले कतै यो फासिवादतिर जान खोजेको त हैन भनेर सशङ्कित बनाएको छ । राष्ट्रवाद र कम्युनिस्टका नाममा पपुलारिटी कमाएर भोट बटुलेको सरकार र नेता माहाविनासकारी भूकम्पले थङथिलो हुनेगरी चुटिएका बेला नाकाबन्दी लगाएर विस्तरामा परेको विरामीलाई घाँटी थिचेर मार्न खोजेजस्तो व्यवहार गरेको भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदरण मोदीलाई नेपाली जनताले विर्सन नपाउँदै उसैको भक्तिगान गाएर राष्ट्रघाती काम गरेको कुनै पनि स्वाभिमानी जनतालाई मन परेकै छैन । यो भाव पनि दुवै ठाउँमा कविता वाचन गर्ने कविहरूले पोखे ।





सिटामोल नपाएर मरिरहेका जनता, वर्षेनी झाडा पखालाको महामारी फैलिएर आक्रान्त बनेका जनता, दिनहुँ हजारौँको सङ्ख्यामा विदेशिन बाध्य युवाहरू, जातीय विभेदको जाँतोमा पिसिइरहेका दमित जातिका नागरिक, असाहाय महिलाहरूलाई बोक्सीका आरोपमा दिनहुँ कुटिने, मारिने र पाषाण युग बिर्साउने बर्बरता, छाउपडीका कारण अकालमा ज्यान गुमाइरहेका समाजका किसोरीहरू, स्कूल, कलेज, खेतखलियान, गोठ, घरमा एक्लै अवस्थामा सामुहिक बलात्कारका शिकार भइरहेका युवतीहरू सबै सबै वर्तमान सत्ता र सरकारबाट सुरक्षित हुने कुनै आशा देख्दैनन् । स्वयम् सत्ताधारी दलका नेता कार्यकर्ता र स्थानीय सरकारका जनप्रतिनिधि भनिएकाहरूबाटै प्रताडित भइरहेका छन् जनता । यस्ता घटनाप्रति प्रतिरोध अभियानमा वाचित कविताहरूले आक्रोस पोखे, व्यंग्य गरे र प्रतिरोध गर्नका निम्ति जनतालाई आह्वान गरे । सत्ताधारी पार्टीका कविहरू नै आफ्नो पार्टी र सरकारप्रति सन्तुष्ट नभएको भाव स्पष्ट रूपमा प्रकट गरे ।

यसरी यी दुई वटा साहित्यका मलिला भूमिमा भएका कार्यक्रमहरूबाट निकै राम्रो उर्जा प्राप्त भएको महसुस भयो । दुवै ठाउँको कार्यक्रमपछि पोखराको अशोक होटेलमा आयोजकहरूले संक्षिप्त समीक्षा गर्दा यो अभियान निकै फलदायी भएको निष्कर्ष निकाल्यौँ । यसलाई हामीले सकेसम्म देशैभरी सञ्चालन गर्न आवश्यक भएको बोध गर्दै यो कार्यक्रमलाई आगामी दिनमा देशका अन्य साहित्यिक जमघट हुने सहरहरूमा पनि सञ्चालन गर्ने योजना बुनेर भोलिपल्ट काठमाडौं फर्कने तयारीका साथ आ-आफ्ना कोठातिर गएर सुत्यौँ । भोलिपल्ट ज्ञवाली, ताराकान्त, जगदीशचन्द्र, मित्रलाल, छायादत्त, केशव सिलवाल र मसहितको ७ जनाको टोली माइक्रोमा चढेर काठमाडौं फर्कियौँ ।

## कविता


### शक्तिशाली र शक्तिहीन



*कृष्णभक्त महर्जन 'कगेन्द्र'*

*बोकोहरामको कुरा चल्दा*
*मुल गेट नै बन्द हुन्छ*
*जेबाट परिचालन भए पनि*
*धेरै नै शक्तिशाली रहेछ*
*शक्तिशाली र शक्तिहीनमा*
*शक्तिशाली कहाँबाट उत्पन्न हुन्छ ?*
*शक्तिहीन कहाँबाट जन्मिन्छ*
*यी सबै भर र डरका चौतारी हुन्*
*न त शक्तिशालीले काम गर्न दिन्छ*
*न त शक्तिहीनले काम गर्न दिन्छ*
*नगरौ भने बात लाग्ने डर*
*गरौ भने पाप लाग्ने डर*
*शक्तिशाली र शक्तिहीनको*
*कुन्डलीमा राजयोग छ*
*छोरी कुटी बुहारी तह लगाउन*
*न त सासु शक्तिशाली छे*
*न त बुहारी नै शक्तिहीन छे*
*शासु प्रशासनको कार्यकारिणी छे*
*बुहारी जहिले पनि प्रतिपक्षमा छे*
*जब बुहारी सासू बन्छे*
*तबआँसुमा डुबल्की मार्छे*
*थाह छैन समस्या कहाँ छ ?*
*मुटुमा हो कि मनमा हो*
*शक्तिशालीको  शक्तिहीनतिर*
*शक्तिहीनको शक्तिशालीतिर*
*हारेको छैन बारेको छैन*
*कमाए के भो,जमाए के भो*
*त्यसैले बिश्वास छैन*
*शक्तिशाली र शक्तिहीनहरूको*

### "अर्थात् ऊ"



विष्णु नेम्वाङ

*ऊ, लोग्ने भएदेखि*
*बच्चा उमार्ने- ट्युब*
*भोक मार्ने- मीठो भोजन*
*तिर्खा मेट्ने-चिसो कोकाकोला*
*अर्थात्,*
*स्वास्नी मिष्ठान्न स्वाद ठान्छ स्वाद*
*ऊ, मालिक भएदेखि*
*भुइँ खन्ने-गैंती*
*घाँस फाड्ने-हसियाँ*
*भारी बोक्ने-ट्र्याक्टर*
*अर्थात्,*
*मजदुरलाई मेसिन ठान्छ मेसिन*
*ऊ, धनवान भएदेखि*
*कखग-अक्षर हुँदैन*
*एक, दुई, तीन-अङ्क बन्दैन*
*देव नागरी कुनै-लिपि, भाषा होईन*
*त्यसैले,*
*एबिसिडिकै देशमा*
*छोरा छोरी पढ्न पठाउँछ*
*र, आफू पनि*
*उतै जान्छ-रुघाखोकिको उपचार गर्न*
*अनि*
*अनि*
*उसैले,*
*महिला मुक्तिको*
*लामो... भाषणपूर्व*
*महिला दिवसको उद्घाटन गर्छ*
*मजदुरवादको*
*चर्को सम्बोधन गर्दै*
*मजदुर दिवस सिध्याउँछ*
*साथै,*
*स्वस्थ्य सुधारमा व्यापत्ता*
*जनवादी शिक्षाको अपरिहार्यता*
*आशायुक्त भाषणद्वारा*
*शिक्षा, स्वस्थ्य दिवसहरू सकाउँछ*
*र,*
*सालिन्दा यसरी नै*
*कृषि दिवस*
*सहिद दिवस*
*गणतन्त्र दिवस*
*प्रजातन्त्र दिवस*
*लोकतन्त्र दिवस*
*अपाङ्गता दिवस*
*आदिवासी दिवस*
*छुवाछूत उन्मुलन दिवस*
*लगायत,*
*जनयुद्ध दिवस पनि*
*उसैको प्रमुख अतिथिमा समापन हुन्छ*
*हो,*
*देवनारायण*
*युद्धकालदेखि नै*
*प्रसिध्दी कमाएको, युवा नेता हो ।*

## बजेट...

वृद्धिदर बढ्ने गरेको छ । गत आ.ब.मा उक्त वृद्धिदर ७.४ प्रतिशत पुगेको थियो, तर चालु आ.व.मा कृषिक्षेत्रको उत्पादनमा २१ प्रतिशत हिस्सा ओगटेको धानबालीको उत्पादनमा मौसमी प्रतिकुलता र तराईमा आएको बाढी र डुबानका कारण समग्र कृषिक्षेत्रको वृद्धिदर २.८ प्रतिशतमा सीमित हुँन जाँदा अर्थतन्त्र ५.९ प्रतिशत रहने अनुमान छ । आ.व. २०७५/०७६ को बजेटमा कृषिक्षेत्रमा गत वर्षको तुलनामा रकम कम छुट्याएको छ र प्रधानमन्त्री कृषि कार्यक्रमभन्दा अन्य भरपर्दा कृषि उत्पादन वृद्धिको कार्यक्रम नभएको अवस्थामा वृद्धिदर थपिने अवस्था छैन ।

आउँदो ५ वर्षमा प्रतिव्यक्ति आय दोब्बर बनाउने कुरो पनि असम्भव छ । विगत ४६ वर्षको १.७ प्रतिशत औसत वृद्धिदर हेर्दा के देखिन्छ भने प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन दोब्बर बनाउन थप ४१ वर्ष लाग्नेछ । डलर ६८५ को नेपालको प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन (स्थिर मूल्य) आगामी ५ वर्षमा दोब्बर पार्न औसत १३ प्रतिशतले वृद्धि हुनु पर्ने हुन्छ । त्यसप्रकारले वृद्धि हुनसक्ने बजेटले कार्यक्रम दिन सकेको छैन । त्यसरी नै १० वर्षमा नेपाललाई मध्यमस्तरको आय भएको मुलुकमा स्तरोन्नति गर्ने कुरो छ, त्यसको पनि आधार बन्ने देखिदैन । मध्यमस्तरको आय भएको मुलुकमा पर्नका लागि विश्व बैंकको अनुसार प्रतिव्यक्ति आय डलरमा ४०००/- हुनु पर्दछ । अहिले नेपालीको प्रतिव्यक्ति आय डलरमा १०००/- जति पुगेको छ । आगामी ५ वर्षमा के का आधारमा ४००० डलर पुर्‍याउला ? त्यसरी नै ५ वर्षभित्र रोजगारीका लागि विदेश जान नपर्ने कार्यक्रम छ । त्यो हेर्दा के लाग्छ भने विदेशमा गएका ४० लाखभन्दा माथिका युवा शक्ति र प्रतिवर्ष श्रमबजारमा प्रवेश गर्ने ५ लाख जनशक्तिलाई रोजगारी दिने भनिएको कार्यक्रम परिकल्पित छ, यथार्थपरक छैन ।

**सङ्घीयता विरोधी :**

नेपालको संविधान २०७२ ले प्रदेशलाई समन्वयकारी भूमिकामा राखेको छ, जिल्लाको सि.डि.ओ. को अनुमति विना पुलिस पनि सन्चालन गर्न सक्दैन । प्रदेशहरू र स्थानीय तहलाई जम्मा बजेट १ खर्ब ३५ अर्ब रुपैया छुट्याएको छ । जुन रकमले प्रशासनिक खर्च पनि धान्न सक्ने छैन । प्रदेश र स्थानीय तहलाई राजस्व समेत उठाउन सक्ने अधिकार दिइएको छैन । केन्द्रले सबै राजस्व (अर्थात् ८ खर्व ३१ अर्ब ३२ करोड राजस्व) उठाउने र त्यसमध्ये प्रदेश र स्थानीय निकायहरूलाई १ खर्ब १४ अर्ब २४ करोड (१३ प्रतिशत) बाँडफाँड गर्ने भनिएको छ ।

नेपालको संविधानले (२०७२) बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक "नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्" भनेको छ, तर खस-राष्ट्रभाषा बाहेकका (अन्य) भाषाका विकासका लागि बजेट त के नामन्सफ पनि उच्चारण गरिएको छैन । तसर्थ यो ओली सरकारको बजेट बहुभाषा विरोधी छ ।

**६) सांसद कोषको दुरुपयोग**

राज्यको आम्दानी-खर्च एउटो योजना, कार्यक्रम मार्फत संस्थागत भएर कार्यान्वयनमा जाने गर्दछ । तर प्रतिवर्ष सांसदहरूलाई दिइने रकमको दुरूपयोग हुने गरेको छ । जनताको करबाट उठेको राज्यको ढुकुटी "एक्लै जतविजले खर्च गर्न नपाउने" भएकोले संसदमा हङ्गामा गरेका छन् सांसदले । प्रति सांसद ४ करोड रकमको दुरुपयोगले राज्यको विकासमा कति सहयोग पुर्‍याएको छ ? ओली सरकारले यो कोषको निरन्तरता दिएर राजनीतिक भ्रष्टचारीलाई प्रश्रय दिएको छ ।

**विकासका चुनौतीहरू**

कुल लगानीको तुलनामा कुल गार्हस्थ्य बचत न्यून भएकोले बचत र लगानीको अन्तर उच्च रहेको छ । आ.व. २०७४/०७५ मा कुल गार्हस्थ्य उत्पादनको तुलनामा कुल आन्तरिक बचत १५.० प्रतिशत र कुल लगानी ५१.७ प्रतिशत रहेकोले बचत र लगानी बीचको फरक ३६.७ प्रतिशत देखिन्छ । बचत र लगानीको समदुरी (अर्थात् ४०.० प्रतिशतभन्दा माथिको) नभई विकासको कुरा मनोरञ्जनका लागि मै हुने गर्दछ । अहिलेको अर्थतन्त्रमा अकारीदो ब्यापार घाटा अर्को ठूलो चुनौती हो । रेमिट्यान्सले कुल गार्हस्थ्य उत्पादनको करिब २५-३० प्रतिशत आय धानेको छ । रेमिट्यान्स घट्ने सक्ने देखिदैछ । यो १०-१५ प्रतिशतले मात्र घट्न गयो भने नेपालको वित्तीय सन्तुलन नै बिग्रने छ ।

**बजेटको दिशानिर्देश**

वास्तवमा नेपालको विकासको रणनीति प्रथमतः नेपाल अर्ध-सामन्ती अवस्थामा रहेको मुलुक भएको हुनाले कृषिक्षेत्रमा विद्यमान प्रतिगामी उत्पादन सम्बन्धलाई भत्काएर किसानको स्वामित्व स्थापित गर्ने र कृषिक्षेत्रमा सहकारीको बाटोबाट उत्पादक शक्तिको विकासको बाटो खोल्ने हुनु पर्दछ । दोस्रो, हाम्रो देश अर्धउपनिवेशिक तथा नवउपनिवेशिक अवस्था भोगिरहेको मुलुक भएकोले यहाँको उद्योग-धन्दा तथा ब्यापार व्यवसायको विकासमा मुख्य बाधक रहेको विदेशी एकाधिकार पुँजीको हस्तक्षेप रोकेर मात्र देशको अर्थतन्त्रलाई स्वावलम्बी बनाई राष्ट्रिय पुँजीको विकासतर्फ लैजान सकिन्छ । नेपालको किसानमुखी, स्वाधीन र आत्मनिर्भर अर्थनीतिको मूल आधार यिनै हुन । उक्त कुरा गर्ने साहसिलो आर्थिक नीति यो सरकारसँग छैन भने उसको सामान्य एकवर्षे बजेट कार्यक्रम त्यसदिशातर्फ निर्देशित हुन सक्ने कुरै भएन । यो नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सरकारको बजेटले गर्न सक्ने भनेको विद्यमान अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामा हुनसक्ने केही सुधारका कुरा मात्र हुन् । त्यसबाट कुनै आर्थिक समृद्धि र समाजवादोन्मुख नभएर दलाल पुँजीवादोन्मुख अर्थतन्त्र मुलुक जकडिदै जाने छ । यस अर्थमा यो बजेट कार्यक्रम नयाँ होइन, पुरानोकै निरन्तरतामा आएको छ र सङ्घीयता विरोधी छ । के कुरा चाहिं पक्का हो भने यो बजेट पञ्चायत, राजासहितको संसदीय र राजाविनाको संसदीय सरकारहरूकै कार्यक्रमको निरन्तरतामा छ, यसले पराधीनता अरु बढाउने छ, मुद्रास्फिति अरु बढ्ने छ र अन्ततः धनी-गरिब बीचको खाडल अझ बढ्ने छ ।

## यसरी...

नेपालका राजनीतिक दलहरूको कस्तो खालको कुटनीतिक र राजनीतिक उपस्थिति दुवै छिमेकी देशका लागि उपयुक्त होला भन्ने निष्कर्षमा पुग्ने सकेका छैनन् । यस्तो अवस्थामा 'जेजे गर्न दिल्ली भन्छ, उही उही स्वाहा' गर्ने नेपालका राजनीतिक दलहरूको हविगत देखिन्छ । बरु मोदीले चीनसँगको सम्बन्ध सुधार गरेर नेपाललाई आफ्नो छायाँमुनि पारिसकेका छन् ।

**श्रीपेच सार्वजनिकीकरणको नाटक**

यी माथिका वैचारिक, राजनीतिक, कूटनीतिक तथा मनोवैज्ञानिक भावभूमिमा नेपालको 'ऐतिहासिक वाम सरकार'ले राजमुकुट वा श्रीपेच गर्वका साथ सार्वजनिक गर्ने तयारी गरिरहेको छ ।

आम जनमानसमा राजतन्त्र पुनर्स्थापनाको भौतिक प्रेरणका रूपमा श्रीपेच प्रदर्शनीको 'महायज्ञ'मा कहिं नभएको ऐतिहासिक वाम सरकार ज्यान छाडेर लागि परिरहेको छ ।

यसले तयार गर्ने मनोवैज्ञानिक वातावरण राजा पुनर्स्थापनाका लागि निकै बलियो बन्ने देखिन्छ । जनतालाई 'बेला न कुबेलाको बिहे' जस्तो लागे पनि यो प्रक्रियालाई सिलसिलाबद्ध रूपमा अघि बढाइएको छ । विडम्वनाको कुरा त के छ भने माथि उल्लेख गरिएका यी सबै कुराहरूले राजा पुनर्स्थापनाका लागि आधार तयार पारिरहका छन् । वाम पार्टी भनिने नेकपा र यसको सरकार स्वयम् राजा पुनर्स्थापना गर्ने तयारीको क्रममा अस्तित्वमा ल्याइएको हो ।

## पत्रकारसँगको...

पत्रकारहरूको सहभागिता रहेको थियो । सदनको प्रतिपक्षी कांग्रेसको भूमिका कमजोर भएको भन्दै पत्रकारहरूले सडकको प्रतिपक्षको रूपमा रहेको क्रान्तिकारी माओवादी तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई सशक्त रूपमा उठाउनुपर्ने सुझाव दिएका थिए । ओली नेतृत्वको सरकारले वाम, कम्युनिस्ट भन्दै जनतामा समाजवादको भ्रम छरिरहेको र सदनमा प्रस्तुत बजेट तथा नीति कार्यक्रमले पनि सरकारले दावी गरेजस्तो स्थायित्व र समृद्धि सम्भव नदेखिएको भन्दै देजमोले आफूलाई वैकल्पिक शक्तिको रूपमा अगाडि आउन निरन्तर राजनीति जागरण ल्याउने खालका रचनात्मक काममा जोडदिनु पर्ने उनीहरूले सुझाव दिएका थिए ।

पत्रकारहरूले राखेको सुझावप्रति धन्यवादज्ञापन गर्दै देजमो अध्यक्ष सीपी गजुरेलले वर्तमान ओली सरकारले राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायतका विकराल समस्याहरू समाधान नगर्ने भन्दै यी समस्याहरूको वास्तविक समाधानका लागि मुलुकमा अर्को नयाँ क्रान्तिको आवश्यकता रहेको र त्यो अभियानमा मिडियाको महत्वपूर्ण साथको आवश्यकता रहेको कुरामाथि जोड दिनुभयो । सरकारको सयदिन, नीति तथा कार्यक्रमलगायतका घटनाक्रम र सरकारको शैली हेर्दा मुलुकमा सामाजिक फासिवादी कदमहरू बढेर जाने र त्यसको असर मिडियामा पनि पर्ने दावी अध्यक्ष गजुरेलले गर्नुभयो । उहाँले भन्नुभयो, "प्रधानमन्त्री ओली र उनी नेतृत्वको सरकारका मन्त्रीहरूको दम्भ, घमण्ड र नोकरशाही कार्यशैली हेर्दा यो सरकार सामाजिक फासीवादतर्फ अगाडि बढ्न थालेको देखिन्छ । आलोचना सहनै नसक्ने ओली सरकारको पहिलो निशानामा मिडियाहरू पर्ने देखिन्छ । मिडिया र मिडियाकर्मीहरू यस विषयमा सचेत रहन जरुरी छ ।"

उहाँले सरकारले प्रस्तुत गरेको बजेटले उनीहरूले जनतामा बाँडेको समाजवाद, स्थायित्व र समृद्धिको सपना कति झुठ र हावादारी रहेछ भन्ने पुष्टि गरेको भन्दै भन्नुभयो, "विकासका लागि २३ प्रतिशत र नियमित तथा साधारण खर्चका लागि ७७ प्रतिशत बजेट छुट्याएर सरकारले आफै समृद्धि र स्थायित्व सम्भव छैन भन्ने पुष्टि गरेको छ । यो बजेट समाजवादी त के पुँजीवादी चरित्रको पनि छैन ।"

पत्रकारहरूको प्रश्नमा अध्यक्ष गजुरेलले भन्नुभयो, "शिक्षा र स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा सत्तारुढ पार्टीका नेता कार्यकर्ताहरूकै लगानी रहेकोले बजेटले शिक्षा र स्वास्थ्य क्षेत्रमा निजीकरण र व्यापारीकरणलाई प्रश्रय दिएको छ । शिक्षा र स्वास्थ्यजस्तो क्षेत्रको दायित्व नलिने सरकारले समाजवादको कुरा गर्नु भनेको जनतालाई बेवकुफ बनाउनु मात्र हो ।"

पत्रकार भेटघाट कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का सचिव तथा राष्ट्रिय सदस्य तथा प्रकाशन विभाग प्रमुख रामसिंह श्रीस, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, देजमोका केन्द्रीय सचिवालय सदस्य तथा कार्यालय सचिव हरिकृष्ण गजुरेल, मोर्चाका केन्द्रीय सदस्य गोर्की श्रेष्ठलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

यसैबीच, शनिवार मोर्चा अध्यक्ष सीपी गजुरेलले पार्टी निकटका पत्रकारहरूसँग पार्टी कार्यालय बुद्धनगरमा भेटघाट तथा अन्तर्क्रिया गर्नुभएको थियो । पछिल्लो समय विकसित राजनीतिक परिस्थिति क्रान्तिकारीहरूको पक्षमा विस्तारै अनुकूल बन्दै गएको भन्दै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा पत्रकारहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनु भएको थियो । क्रान्तिकारी पत्रकार महासंघमा आबद्धसमेत रहेका पत्रकारहरूले पार्टी तथा मोर्चाले फरक शैलीमा आन्दोलन तथा संघर्षका कार्यक्रमहरूलाई संगठित गर्दै लैजानुपर्ने सुझाव दिएका थिए ।

## चिनियाँ...

**करोड उपहार !**

'निर्वाचन क्षेत्र विकास'का नाममा सांसदहरूलाई राज्य कोश वितरण गर्ने कार्यक्रमको सर्वत्र विरोध भैरहेको थियो । त्यसो हुनु नितान्त स्वभाविक पनि थियो । बजेट वक्तव्यमा भनिएको छ , यो कार्यक्रम अन्तर्गत एउटा निर्वाचन क्षेत्रमा तीन वर्ष भित्र सम्पन्न हुने गरी सडक, खानेपानी, सिंचाई र नदी नियन्त्रण सम्बन्धी बढीमा पाँचवटा आयोजना संचालन गर्न सकिने छ ।' जबकि सडक, खानेपानी, सिंचाई र नदी नियन्त्रणका लागि सम्पूर्ण बजेटको एउटा ठूलै हिस्सा छुट्टयाइएको छ भने फेरी त्यसै प्रयोजनका लागि समानान्तर रूपमा सांसदहरूलाई चार करोड छुट्ट्याउने कुरा कतैबाट विचार गर्दा पनि सही देखिँदैन ।

त्यसकारण यो शीर्षक अन्तर्गत विगतमा दिँदै आइएको भए पनि यसलाई यस पटकको बजेटमा खारिज गरिनु पर्छ मागलाई सम्मान गर्दै लागु गर्नुको सट्टा अझ पोहोर सालको तीन करोड रकममा अझै एक करोड थप गरी चार करोड दिने निर्णय सरासर अनुचित हो । यसलाई खारेज गरिने किसिमको अभिव्यक्ति अर्थ मन्त्रीले बजेट प्रस्तुत गर्नु भन्दा पहिले दिइएको भए पनि अन्तमा यसलाई बजेटमा यस प्रकार सामेल गरिनुको उद्देश्य सांसदहरूलाई आर्थिक प्रलोभनमा पारेर उनीहरूलाई आफ्नो पक्षमा पार्ने सरकारको नियत स्पष्ट हुन्छ । यसबाट ६ अर्ब ६० करोडको व्ययभार थपिन जान्छ ।

वृद्ध भत्ता, शिक्षा, स्वास्थ्य जस्ता अत्यावश्यक ठाउँबाट कटौती गरेर सांसदहरूलाई खुसी पार्नकालागि यो रकम विनियोजन गरेर सरकारले आफ्नो जन विरोधी र सांसदहरूको चाप्लुसी गर्ने चरित्र स्पष्ट पारेको छ । यसबाट एकातिर सांसदहरूको एउटा नव धनाढ्य वर्ग जन्मिने र आगामी निर्वाचनमा मतदाता खरिद गर्ने प्रकृया झन् तीव्र रूपमा बढ्ने देखिन्छ । केही समय पहिले मात्र मलेशियाका सुधारवादी नेता महाथिर मोहमदले आफ्नो पार्टीलाई निर्वाचनमा जिताएर ९२ वर्षको उमेरमा पुनः प्रधान मन्त्री चुनिए । उनको सरकारले पहिलो काम नै मन्त्रीहरूको तलब भत्ता घटाएको थियो । कमसेकम यस प्रकारका कामबाट सिक्ने त प्रयास गर्नुसम्म् महाशयहरू हो ।

**बृद्धबृद्धाको विचल्लीको खतरा**

पश्चिमी संस्कृतिको बढ्दो प्रभाव र रोजगारीका निम्ति युवाहरूको विदेश पलायनको समस्या आदि कारणले गर्दा बृद्धबृद्धाको आफ्ना सन्ततिबाट हेरचाह नभएर उनीहरूको अन्तिम कालको जीवन ज्यादै कष्टकर भएका विभिन्न प्रकारका घटनाका विषयमा सञ्चार माध्यममा दिनदिनै पढ्न र सुन्न पाइन्छ । यो विषय अहिले नेपाली साहित्यको विभिन्न विधाहरूको एउटा महत्वपूर्ण विषय पनि बनेको छ ।

देशमा भरपर्दो र न्युनतम सुविधा भएका बृद्धाश्रम नभएको अवस्थामा विशेषतः विपन्न वर्गका जनताको लागि बृद्ध भत्ता ठूलो राहत भएको थियो । कमसेकम जाउलो खाएर जीवन धान्ने साधन बनेको थियो । बजेटमा एक लाख रूपैयाँको बिमा गर्ने जुन प्रस्ताव आएको छ, त्यो मूल रूपमा उपचारको सन्दर्भमा आएको देखिन्छ । थप सुविधाको रूपमा यसको व्यवस्था हुनु राम्रो कुरा हो । तर बृद्ध भत्ताको सट्टा, त्यसलाई विस्थापित गरेर बिमा लागु गर्दा त्यसको प्रयोजन नै पूरा हुँदैन । रोग लाग्दा उपचारको प्रयोजनका लागि गरिने बिमाले भोक जस्तो रोगको उपचारका लागि काम दिँदैन । दुबै सुविधा आवश्यक छन् ।

सांसदहरूलाई वार्षिक ४ करोड बजेटमा विनिमय गर्न सक्ने सरकारले बृद्धभत्ता खोस्नु उनीहरू माथिको एउटा अन्याय हो । प्रधान मन्त्री के पी शर्मा ओलीको "राजनीतिक कारणले गर्दा बृद्ध भत्ता थप गर्न सकिएन" भन्ने भनाइ सार्वजनिक भएको छ । यो अत्यन्त गैरजिम्मेवारपूर्ण भनाइ हो ।

**शिक्षाको अवस्था झन् दयनीय हुने**

केही वर्ष यता प्रायः शिक्षामा २० प्रतिशत रकम विनिमय गर्ने गरिएको पाइन्छ । त्यो हुँदा पनि सरकारी विद्यालय, क्याम्पस र विश्व विद्यालयहरूमा पढाइको स्तर तल झर्दै गएर विद्यार्थी नै त्यहाँ भर्ना नहुने र पढ्ने नजाने अवस्था थियो । कतिपय विद्यालयमा त विद्यार्थी भन्दा शिक्षकको सङ्ख्या बढि भएको पनि पाइयो । यो परिस्थितिबाट फाइदा उठाउँदै निजी विद्यालय, क्याम्पस र विश्व विद्यालयमा लाखौं तिरेर भर्ना गर्नुपर्ने र अविभावकको सर्वश्व नै सकिने गरी अन्य खर्च बेहोर्न बाध्य हुने अवस्था सिर्जना भएको छ ।

शिक्षा क्षेत्रमा माफियाकरण भएको छ । नेपाली समाजमा प्रचलित शिक्षा प्रणाली समुन्नतिको आधार होइन कि बोझ र विकृतिको कारण बन्न पुगेको छ । पुँजीवादमा समेत् नपाइने यस प्रकारको शिक्षाको निजीकरण अर्धसामन्ती नेपाली समाजमा हावी भैरहेको स्थितिको अन्त्य होस् भन्ने नेपाली जनताको चाहना थियो । तर, यस पटकको बजेटमा केवल १० प्रतिशत मात्र रकम विनियोजन हुनु अनौठो विषय हो । यो बजेटले शिक्षा क्षेत्रलाई पूरै निरुत्साहित बनाएको छ ।

**स्वास्थ्य क्षेत्रमा भयावह अवस्था**

"कहिँ नभएको जात्रा हाँडीगाउँमा" भन्ने उखानलाई चरितार्थ गर्दै नेपालमा शिक्षा र स्वास्थ्यमा पूरै निजीकरण हावी छ । उपचार यति धेरै महङगो छ कि गरीब र विपन्न वर्गको त कुरै छाडौं, मध्यम वर्गले राम्रो उपचार सेवा लिन सक्ने अवस्था छैन । स्वास्थ्य क्षेत्रमा माफियाकरण भएको कुरा अब सामान्य जस्तै भएको छ । खपि नसक्नु महङ्गो हुँदाहुँदै पनि उपचारमा चरम लापरवाहीका थुप्रै घटना सार्वजनिक हुने गरेका छन् । एउटा रोगमा प्रयोग गरिने औषधि अर्को रोगमा प्रयोग गर्दा ज्यानै जोखिममा परेको, सुत्केरी व्यथाको अपरेसन गराउन जाँदा गलगाँडको अप्रेसन गरेको, देब्रे खुट्टाको अप्रेसन गर्न जाँदा दाहिने खुट्टा काटिदिएको जस्ता घटनाहरू सार्वजनिक हुने गरेका छन् । यो बजेटले यो भयावह स्थितिबाट नेपाली बिरामीहरूलाई र उनका परिवारलाई केही राहत दिन सक्छ कि भन्ने आशा गरेर बसेका नेपालीलाई निराश बनाउने काम गरेको छ । ०७५/२/७

## क्रान्तिकारी...

मौसम सुरु भएकोले जिल्लाका पार्टी नेता कार्यकर्ताहरू जनताकोमा गएर सामूहिक श्रम गर्ने लगायतका निर्णय समेत गरेको सेक्रेटरी लोकेशले जानकारी दिनुभयो ।

पार्टी पिविएम भीषणको प्रमुख आतिथ्यता रहेको अधिवेशनमा पार्टी केसहरू शिशिर, संकुललगायतका नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको उद्घाटन सत्र सभापतित्व लोकेशले गर्नुभएको थियो भने सञ्चलन युवा नेता भुक्त्पले गर्नुभएको थियो । अधिवेशनमा महान जनयुद्धका सहिद तथा बेपत्ता परिवारका सदस्यहरू मोती कलिकली, पुष्पा भण्डारी, गंगाराम थारु, बाँके सेक्रेटरी अर्जुनलगायतको उपस्थिति रहेको थियो । करिब २ सय जना प्रतिनिधि पर्यवेक्षकको सहभागिता रहेको अधिवेशन गुलरियाको भृकुटी महिला सामुदायिक वनको प्राङ्गणमा आयोजना गरिएको थियो ।

दुर्वाच्य | रामचन्द्र हुमागाई



# बजेटः जेट कि कछुवा !

यो हप्ताको दुर्वाच्यमा आगामी आर्थिक वर्ष २०७५/७६ को चर्चा गर्न मनलाग्यो । प्रथमतः बजेटको विशेषता भनेकै निजामती कर्मचारीको तलव नबढाउँनु, भत्ता र महँगी बढाउनु नै रह्यो, यसमा कर्मचारीले सरकारलाई स्यावासी दिनैपर्छ । पञ्चायतको पतनपछि युनियनको नाममा पृष्ठपोषित कर्मचारीलाई आफ्नै सरकार आएका बेला यतिपनि नगरे के गर्ने ? यसलाई नराम्रो भन्न मिल्दैन । सँधियताका लागि राजनीतक दलभन्दा १० हात अगाडि उफ्रने तर सँधियता स्थापना पछि खटाएको ठाउँमा नजाने कर्मचारीलाई यो भन्दा ठूलो सजायँ के हुन सक्छ, अन्यथा यो भन्दा अगाडि भएको सम्झौता अनुसार यो वर्ष कर्मचारीको तलव बढाउँनैपर्थ्यो । तर सरकारी तलव नबढेर के भयो त दुला मुनि हात छिराउँन सजिलो छँदै छ । यताउति गर्न नपाए सुन, गाँजा र ब्राउनसुगर तस्करी गरेर अकुत सम्पत्ती कुम्ल्याल्याउँन सरकारले लाइसेन्स दिएकै छ ।

राजनीति पनि त्यस्तै छ, लोकतन्त्रका नाममा विश्वविख्यात नाम कमाएको एतिहास पनि निमिट्यान हुँदै गैहेका बेला नेपालमा यो सँसदीय लोकतन्त्र किन फाष्यो । पहिले पहिले बजेट ल्याउने पार्टीका सँसदहरूले विरोध गर्दैनथे, अहिले आन्तरिक लोकतन्त्रले पनि प्राथमिकता पाएर हो वा अन्य हुनै कारणले हो, सदन भित्रै विरोधका स्वरहरू सुनियो । राजनीतिक दिवालियापनले हो वा अर्थ शास्त्रीहरूको उपस्थिति नभएर हो, विपक्षी दलको स्वर निकै मसिनो सुन्नमा आयो । सबै भन्दा घिनलाग्दो बजेट भित्रको विशेषता भनेको निर्वाचन क्षेत्र विकास कोष हो । यो कोष कसलाई चाहिएको हो र किन चाहिएको हो ? हामीले बुझेअनुसार साँसदस्वयं विकास निर्माणका काममा लाग्ने होइन, उनीहरूलाई जनताले जिताएर पठाएको त नीतिनिर्माणका लागि मात्रै हो, आआफ्नो क्षेत्रमा विकासका योजना ल्याउँनमात्रै जनतालाई जनताले चुनेका हुन, त्यसैले उनीहरूलाई जनप्रतिनिधि भनिएको हो । रकम आफैं कुम्याएर परिवार पाल्न पठाइएको होइन । काँग्रेसले ल्याएको नीतिमै अल्मलिने हो भने किन अर्को व्यवस्था चाहियो ? २०४८ सालको निर्वाचनपछि पजेरोकाण्डले बद्नामी कमाएका सँसद पनि अहिलेको सँसद्मा पुगेका छन्, समयमै ख्याल पुर्‍याउँन सकिएन भने आफू त खाल्टोमा पुग्यो पुग्यो पार्टी पनि पुछ, अहिलेका जनता २०४८ सालका जस्ता छैनन्, अन्त नवोले पनि निर्वाचनमा धुलो चटाउँछन् । बजेटपछि आएका प्रतिकृयाहरूको जवाफ दिँदै अर्थमन्त्री युवराज अतिवडाले भनेछन्, 'यो बजेट सुपर विमान पनि होइन र कछुवा पनि होइन !'

भन्न सबैलाई सजिलो हुन्छ तर गर्न निकै गाह्रो । समग्रमा कुरा बुझ्दा निर्वाचनमा छ्यास्छ्यस्ती छरिएका घोषणापत्र र यो बजेटको तादम्यता नमिलेको हो कि भन्ने बुझिन्छ, आखिर हो पनि त्यही । घोषणा पत्र तयारगर्दा जोस आउँछ, बजेट निर्माण गडर्दा होस पनि गुम्छ, त्यसैले त्यो सँग यसले मेल खाने त कुरै आउँदैन । चुनावी सपना देख्ता र चुवाव जितिसकेपछिको फेज भनेको आकाश र पातालको दूरी हुन्छ । म यो जिम्वेवारी लिन्छु भन्नु र जिम्मेवारी आफ्नो थाप्लोमा आइसकेपछि पूरा गर्नु पनि एउटा युद्ध लड्नु नै हो । त्यसैले आरोप लगाउने र आरोप सहने शक्ति दुवैमा धैर्यता हुनु आवश्यक छ । तर, डाडुपन्यौं आफैं लिने, चोक्टा जति आफैं खाने नीतिलिनुलाई दरिद्रता भनिन्छ, सर्वसाधारण देखि धनाढ्यसम्म यही दरिद्रताका कारण नेपालीले दुःख पाएका छन् र नेपाल पनि गरिबको गरिब नै रहेको छ । यदि आम नेपालीले पहिले देश बनाउँ अनि आफू बनौंला भन्ने सोचिदिएको भए आज देश धनीको सूचिमा परिसक्ने थियो ।

एक युगमा एक दिन अवश्य आउँछ, त्यो दिन नेपालीको नसिवमा आइसकेको छ । त्यो दिनले एउटा समूहको नेतृत्व गर्नेलाई गलहत्याउँनु पर्‍यो भने अर्को दिन नआउँन पनि सक्छ । यसलाई त्यो दिन पनि यस्तो अवस्थामा आएको छ, सन्सारमा परम्परावादी सोचमा परिवर्तन ल्याउँनुपर्छ भन्ने सोचको विकास भरहेको छ । हामी नेपाली अहिलेसम्म सन्सारको विपरित सोचमा बाँचेका थियौं, त्यो सोचाइमा केही परिवर्तन आएको छ । ल्याइएको छ । यसलाई मलजल गरेर फस्टाउँन सक्यौं भने नेपाल र नेपालीको भविष्य छ, होइनभने सुक्ते गएको हिमायलयको मरुभूमि र हामी नेपालीको भविष्यमा कुनै फरक पर्नेछैन ।

बजेट के हो ? यसको व्याख्या कसैले गरिरहनु पर्दैन । सरकारको ढुकुटीमा पैसा छ, खर्च हुन्छ । सायद कसैलाई पनि सरकारी ढुकुटी भरेर राखि राख्न रहर हुँदैन । निर्वाचन हारेका शेरबहादुर देउवाले त आँखा चिम्लिएर आर्थिक सहायता, चन्दा, पुरस्कार बाँडे । यो सरकारले त पाँच पाँच वर्षसम्म कानमा तेल हालेर खर्चगर्ने क्षमता राख्छ, उधारोमै भएपनि आफ्ना सँसदहरूलाई चन्दा, पुरस्कार आर्थिक सहायता बाँड्न सक्छ । माननीय साँसदहरू पाँचवर्षमा चन्दलोकमा घडेरी किन्ने हैसियतमा पुग्छन् तर जिम्मेवार सरकारले त्यसोगर्न मिल्दैन, सक्तैन र पाउँदैन पनि । यस्तो अवस्थामा माननीय सदस्यहरू किन छट्पटाएर ४/४ करोडको लोभमा रमाउँन खोजेका हुन ? यिनीहरूको सूची तयार पारे पो राख्नुपर्ला है, अर्को निर्वाचनमा टिकटका लागि शक्तिकेन्द्र धाउने पनि त यिनै हुनसक्छन् ।

राजनीति निकै उतारचढावको हुन्छ, कहिले राजनीतिलाई छुन सकिन्न, तात्तातो भिर जस्तो हुन्छ, कहिले सेलाएर बरफको सियो जस्तो हुन्छ । कतिवेला यसलाई प्रयोग गर्ने भन्ने कुरा राजनीतिक खेलाडीले मात्रै जानेको हुन्छ । औंशीमा जाग्ने, पूर्णिमामा निदाउने कार्यकर्ताले राजनीतिको मियो बुझ्ने सकेको हुँदैन । त्यसैले ऊँटकँटमा हिड्ने राजनीतिक गुटहरू कहिले कसले पल्टा खाएको देखिन्छ, कहिले कसले । तपाईं हाम्रा अगाडि देखापरिरहेका दुइगुट खनाल र नेपालका गुटहरू तेश्रो र चौथोमा पुगुको कारण नै यही हो । चतुर खेलाडि इश्वर पोखेल र विष्णु पौडेल कसरि अगाडि आए त्यो पनि हामी देखिरहेकै छौं । निश्कलैकित युवाराज खतिवडा त विरालाको साक्षी मात्रै बसेका हुन् ।

...र अन्त्यमा, हाम्रा माननीयहरू सिधासाधा जनतालाई भुक्याएर, हजार, पन्द्रसय रूपैयाँ बाँडेर र सस्तासस्ता सपना बाँडेर संसद बनेका हुन्छन्, दुइचार लाख खर्च गरेर दुइचार करोड कमाउने ध्याउन्नमा हुन्छन् तर सँसद् पद भनेको त्यति सस्तो पद होइन । यो पदले विश्वमा निकै मान्यता पाउँछ । यो मान्यताको कदर गर्न नसकेकै कारण साँसदलाई साँसदको मर्यादा दिन नेपालीले पनि जानेका हुँदैनन् । यो मर्यादा राख्ने बाँनी बसाल्ने हो भने मात्रै देश बन्छ, होइन, साँसद भनेको एउटा दलाल मात्रै हो भन्ने मान्यतामा हिड्ने हो भने आज एउटा आएको छ, भोलि अर्कै आउँछ । यो क्रम चलिरहन्छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्री शर्मा गुरुगाईं (९८५११९५८८९)
तेह्थुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
**टाटा सुमो सेवा**
काठमाडौंबाट- हेटौंडा, बीरगंज, बन्दीपुर, सिमरा, रातमाटे
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**रोयल बुईपा A/C जम्बो हाईस**
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८७७७९१
- ९८१७७११९९७
ईन्द्र कट्टेल - ९८१९४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१९४३
पुरुषोत्तम खनाल - ९८५२८१५६१०
- ९८१५७७८६७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यासकु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, ढकाहासम्मको टिकट पाइन्छ ।
**टाटासुमो बोलेरो**
काठमाडौं फोन
१-५१००४९४
९८४१०६९६७
(सञ्जीव भण्डारी)
९८४४०३९५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४५२३८५
९८२०७५६९८
९८६०१०२७३७
९८४४०७४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोगाईं फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५३५
९८४४०७६२६१, ९८३१२४४३०

## आलोपालो

# यसरी जागृत गराइँदैछ 'राजा'मोह



● कुमार शाह

देशमा अहिले राज्यसत्ताका प्रमुखहरूका मुखबाट राजाको पुनर्स्थापनाको कुरा फेरि उठाउन थालिएको छ । आमजनतामा राजा र राजतन्त्रका कुरा बहसमा छैनन्, तथापि सत्तासीन बुज्रुकहरूबाट नै ती कुराहरू सार्वजनिक हुने गरेका छन् । प्रधानमन्त्री ओलीले विनाप्रसँग राजाले अस्तित्वमा आउने हर्कत नगरे हुन्छ भनिरहने गरेका छन् । देशका गृहमन्त्री रामबहादुर थापा 'बादल'ले राजावादी गतिविधि बढ्दै गएको भनी समाचार दिने गरिरहेका छन् । तर सत्ताधारीहरू नै यो कुरा बताउन आँट गरिरहेका छैनन् कि राजाका गतिविधि स्वदेश या विदेशमा कहाँ बढिरहेका छन् । कसले पुनर्स्थापना गर्न खोज्दै छ राजा ? वा, त्यस्तोखाले पश्चगामी हर्कत वा प्रतिगमनका विरुद्ध सरकारले के गर्ने सोचिरहेको छ ?

राज्यका हर्ताकर्ताहरूको मुखारविन्दबाट आइरहेको राजा पुनर्स्थापनाको गन्ध नियोजित छ या स्वाभाविक ? यसको जवाफ जनताले चाहिरहेका छन् । 'आकाशमा चील आयो' भनेर कराउने अनि जब जनताले आकाशतिर हेर्छन् तब आँगनबाट कुखुराको भाले मुखमा च्यापेर दौडिने स्यालको कथा झैं त छैन राजा पुनर्स्थापनाको हौवा ?

अर्कोतिर जनताले राजा र राजतन्त्र भन्दा यही नाम मात्रको भए पनि गणतन्त्र संस्थागत भएको हेर्न चाहिरहेका छन् । तर देशका हर्ताकर्ता नै नालायक सिद्धहुँदै जान थालेकाले यो वा त्यो नाममा राजा फेरि ल्याउन खोजेका त होइनन् भन्ने आशङ्का उब्जिन थालेको छ । भनिन्छ, कागले आफ्नो नाम आफै काढ्छ । राज्यका प्रमुखहरूले राजा पुनर्स्थापनाका कुरा जनतामा छरिदिएपछि प्रतिक्रिया के कस्ता आउँछन् भनेर सार्वजनिक रूपमा मत सर्वेक्षणका लागि यो 'इस्यु' बाहिर ल्याएका त होइनन् । होइन भने आफैले एकमना सत्ताको बागडोर सम्हालिरहेका छन्, अनि आफैले राजा पुनर्स्थापना हुन खोज्दै छ भनी सार्वजनिक गरिरहेका छन्, किन ?

**ओलीको लचकता**

प्रधानमन्त्री ओलीको राजनीतिक व्यवहार निकै बिराला चालको छ । हिंडेको पनि देखिने तर दाउँ खेल्दै र खेद्दै । उनले मार्क्सवादी विचार, भावना र अग्रगमनका कुरा भन्दा पनि धर्मशास्त्र र विगत इतिहासका कुरा बढि गर्छन् । आगतका कुरालाई मोदीको परिकल्पनाका कुरासँग बढि जोड्न लैजान्छन् ।

राष्ट्रपति कार्यकारी बनाउने कुरामा ओली एक नम्बर विरोधी पनि छन् । र, चाहन्छन् राष्ट्रपति आलङ्कारिक र नाम मात्रको होस् । त्यसो भएमा राष्ट्रपति पदमा जो आसिन भए पनि त भयो भन्ने जनभावनाको विकास होस् भन्ने उनी चाहन्छन् । यो खेल राजा पुनर्स्थापनाको रणनीतिक खेलसँग धेरै नजिक छ । थप उनी 'भारत वर्ष'का कुरा पनि निकै उठाउने गर्छन् । यसले दुईवटा कुराको प्रष्ट सङ्केत गर्छ : एउटा हो, राजा पुनर्स्थापना र अर्को हो, हिन्दुत्वको संरक्षण । यी दुई कुरा मोदीको हिन्दुइज्म र राजाको पुनर्स्थापनासँग ठ्याक्क मेल खान पुग्छन् र ती कुराहरू कहिं कतैबाट निर्देशित भएको व्यवहारमा समेत् प्रष्ट देखिन्छ ।

**थापाको एकोहोरो रटाइ**

गृहमन्त्री रामबहादुर थापा 'बादल'ले राजावादीहरू सल्बलाइरहेका भनिरहेका छन् । गृहमन्त्री थापा आफू सत्तासिन रहेको र आफूले निर्देशन दिने संस्था बलियो र कामकाजी बनाउनु भन्दा पनि सञ्चारमन्त्री झैं हल्ला र प्रचार गर्न अघि सरेका छन् । खासखास भनाइ र प्रमाणहरू पनि दिन सक्दैनन् राजाका बढ्दो गतिविधिका बारेमा । यो देशभित्र भएको छ वा विदेशमा ? तर उनी बेलाबखत चिच्याइरहन्छन्- गणतन्त्र सिध्याइँदै छ, राजा ल्याइँदै छ । जनता प्रश्न गरिरहेका छन्- त्यसोभए देशका शक्तिशाली गृहमन्त्री क्यान्सरग्रस्त बिरामी जस्तै दिन गनेर कुर्सीमा किन छटपटाइरहेका छन् ? तिमी शक्तिमा छौ, सकिन्छ राजा पुनर्स्थापना गर्नबाट रोक । सकिँदैन भने किन बसिराख्ने कुर्सीमा बिलौना गर्दै ? साच्ची नै राजा पुनर्स्थापना हुँदैं छन् भने मतियार बनेर किन बसिराख्ने ? जनताका बीचमा आऊ । तर कुर्सीमा बसेर नभट्टयाऊ ।

**मोदीको संरक्षकत्व**

देशमा वाम सरकार बन्यो, त्यो पनि एकमना वा दुईतिहाइ बहुमतको । राज्यका हर्ताकर्ताहरू छानिए, सरकार गठन भयो । तर ती सबै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको रणनीतिक चाल र दाउँपेचमा ।

नेपालमा वाम गठबन्धन कसले निर्माण गरिदियो ? चुनावमा कसले पैसाको खोलो बगाइदियो ? कसले बधाइ दियो र सरकार निर्माण गरिदियो ? भर्खरै बोल्न सिकेको एउटा बालकको पनि जवाफ छ- 'मोदीले' । मोदीले यसो किन गरे त ? चीनसँगको बिग्रिएको सम्बन्धलाई सुधार गर्न ।

केपी ओलीको पहिलो सरकार गिराएपछि भुटानको दोक्लाममा चीनले भारतलाई चखाएको सैन्य स्वाद मोदीका लागि ननिकै नूनिलो भयो । ओली र उनको नेतृत्वको सरकार ढालिनु एउटा निमित्त कारण मात्र थियो । तर वास्तविक कूटयुद्ध भने चीन र भारत बीचमा नै थियो । नेपालमा सिल्करोड ल्याउने भन्ने चीन र सिल्क रोड रोक्ने भन्ने भारत । तर चीन र भारतबीच कूटयुद्धको अल्पविराम नेपालमा मोदीले वाम सरकार गठन गरिदिएपछि हुन गएको छ । वाम सरकार नेपालमा गठन भएपछि चीन भारतसँग झस्कने कुरामा कमी आएको छ ।

चीनसँगको कुटनीतिक सम्बन्ध सुधारका लागि यी सबै त्याग मोदीले गरे । नेपालमा वाम सरकार बनाइदिए वापत् भारत र पश्चिमा राष्ट्रहरूमा मोदीको ठूलो विरोध भयो पनि । उनले नेपाल मामलाका भारतीय जानकार अशोक मेहतालाई बीबीसी नेपाली सेवामा अन्तवार्ता दिन लगाए । अन्तरवार्ता मार्फत् मेहताले भारतका मोदी आलोचकहरू र पश्चिमा राष्ट्रहरूलाई प्रष्ट पार्न प्रयास गरे कि नेपालमा भनिएको 'वाम गठबन्धन कम्युनिस्ट नभएर नवराष्ट्रवादीहरू'को हो ।

**प्रचण्डको दिल्ली सम्झौता**

शान्ति सम्झौतामा आउँदा बखत तात्कालीन माओवादीका अध्यक्ष प्रचण्डको दिल्लीसँगको गोप्य सम्झौता निकै खतरनाक र रहस्यमयी रहँदै आएको छ । आजका दिनसम्म आइपुग्दा प्रचण्ड दिल्लीको डिजाइनमा यात्रारत छन् ।

यो यात्रामा उनी निकै रहस्यमयी रहँदै आएका छन् । उनी जे बोल्छन्, बोलेको क्षणभरमा कुनै शक्तिले फोनमा त्यसो नगर्न भनेपछि तुरन्त कुरा फेर्छन् । कहाँ जाने के गर्ने भन्ने कुरा उनको सामान्य योजनामा हुँदैन । उनी क्षणभरमा काङ्ग्रेससँग एकताका कुरा गर्छन् र क्षणभरमा नै फेरि एमालेमा बिलय हुन पुग्छन् । कार्यकर्तालाई भनिदिन्छन् 'चमत्कार भइछाड्यो' ।

के साच्चै नै चमत्कार भएको भए भगवानले गराइदिएका हुन् त यी सबै कुरा ? एउटा मार्क्सवादी र भौतिकवादीका लागि छन् भगवान ? यथार्थमा यो चमत्कार दिल्लीले गरिदिएको हो । मोदी हिन्दूवादी हुन् । नेपालमा धर्मनिरपेक्ष राज्यसत्ता स्थापना भएको उनलाई मन परेको छैन । उनी हिन्दू राज्य र राजा ब्युँताउन चाहन्छन्, त्यो पनि नेपाली शासकहरूको हातबाट । दिल्ली सम्झौता बखत प्रचण्डले गरेका बाचामा माओवादी पार्टी पूरै सिध्याएर २०५२ भन्दा अघिको अवस्थामा पुऱ्याउने वाचा गरेका थिए । हेक्का रहोस्, त्यो बेला नेपाल सम्वैधानिक राजतन्त्रको अवस्थामा थियो ।

**कर्मकाण्डी व्यवहार**

नेपालका वामपन्थीहरूको कर्मकाण्डी व्यवहार छ । उनीहरू भौतिकवादी कम छन् । हिन्दूधर्मको आचरण र जीवनशैली र संस्कारसंस्कृतिमा मनोवैज्ञानिक तथा सांस्कृतिक प्रभाव यति बलशाली छ कि वाम कम्युनिस्ट भन्नेहरू पनि यसमा टुपीदेखि पैतलासम्म चुर्लुम्म डुबेका छन् । यो कर्मकाण्डी जीवन व्यवहारले राजा र राजतन्त्रको मनो विज्ञानलाई सिधै टेवा पुऱ्याइरहेको छ ।

**चीन-भारतको सम्बन्धमा सुधार**

पछिल्लो चरणमा चीनभारत सम्बन्धमा सुधार आएको छ । तथापि चीन र भारत एकअर्कामा निकै सतर्क र सशङ्कित छन् । नेपालको रणनीतिक भूराजनीतिक अवस्थितिका कारणले यी दुई देश आफ्नो पक्षधर शक्तिको उदय र पकड भएको देख्न चाहन्छन् ।

बाहिरी रूपमा झट्ट हेर्दा संसदमा रहेकाहरूमध्ये वाम भनिने एमाले-माओवादी केन्द्रले बनाएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) चीनको पक्षधरजस्तो (हाँसोलाग्दो कुरा त यो गठबन्धन र एकता चीनले बनाइदिएको पनि भने कतिपयले) र काङ्ग्रेस र मधेशवादी दलहरू भारत पक्षधरजस्तो देखिने अवस्था पनि छ ।

तर वाम भनिनेहरू मोदीको सेवामा हाजिरहुन मधुमालतीको कथामा जस्तै 'स्फटिकको खम्बा'बाट चमचमाउँदै निस्किएको घोडोको अवतारको रूपमा देखा परेपछि चीन त्यति विश्वस्त देखिदैन । यसले राजतन्त्र वा संवैधानिक राजतन्त्रको बेला आफूसँगको भएको नेपालको सम्बन्धलाई आदर्श मान्दछ । उता मोदी नेपालमा राजा पुनर्स्थापना गर्ने दाउँमा छन् र अहिलेका सत्तासिन पार्टीहरूलाई भनिरहेका छन्- 'तिमीहरू संरक्षकविहीन भएका छौ' ।

चीन र भारतको यो कूट र मनोवैज्ञानिक लडाइँको उचाइमा ...बाँकी ७ पेजमा

# आदिवासी जनजाति महासंघको २ नम्बर प्रदेश समिति गठन

काठमाडौं । महोत्तरी बर्दिवासको हात्तिलेट गाउँमा शनिवार आयोजना गरिएको अखिल नेपाल आदिवासी जनजाति महासङ्घको २ नम्बर प्रदेशको प्रदेश समितिको एक भेलाले चार सदस्य पछि थप्ने गरी कूल १३ सदस्यीय प्रदेश समितिको निर्माण गरेको छ ।

सूर्यनारायण चौधरीको अध्यक्षतामा गठन भएको उक्त प्रदेश समितिमा सदस्यहरूमा तुल बहादुर बलम्पाकी, हरिभक्त लामा, अछमित चौधरी, देवानन्द चौधरी, ब्रह्मदेव चौधरी, प्रेम भुजेल, बाबुराम मगर, जयराम श्रेष्ठ रहनुभएको छ । भेलालाई क्रान्तिकारी माओवादीका पीबीएम् तथा अतिथि कृष्णदेव सिंहका साथै अर्का अतिथि तथा अखिल नेपाल आदिवासी जनजाति महासङ्घका केन्द्रीय अध्यक्ष कमल चौधरीले सम्बोधन गर्नु भएको थियो । भेलामा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय सदस्य मोहन सिंह तामाङले शुभकामना मन्तव्य दिनुभएको थियो ।

यसैगरी सप्तरीको खड्क नगरपालिका वडा नम्बर ८ मा अखिल नेपाल आदिवासी जनजाति महासङ्घको वडा समिति गठन भएको छ । उक्त वडा समितिमा नन्दीलाल चौधरी संयोजक र विजुलीप्रसाद चौधरी र आशालाल चौधरी सदस्य रहनु भएको बताइएको छ ।

## दलाल...

पुँजीपतिवर्गको संरक्षक भएको भन्दै अध्यक्ष गजुरेलले समृद्धि नेपाली र सुखी नेपालीको नारा दिएर 'वाम सरकार'ले हावादारी कुरा गरेको प्रस्तुत बजेटले पुष्टि गरेको टिप्पणी गर्नुभएको छ ।

क्रान्तिकारी माओवादीका पिविएम तथा राजनीतिक अर्थशास्त्रका ज्ञाता सीताराम तामाङले 'बजेटः पुरानोको निरन्तरता र सघीयता विरोधी' शीर्षकको लेखमा लेख्नुभएको छ, "बजेटको कार्यदिशा लोककल्याणकारी राज्यव्यवस्था स्थापना गर्ने, आर्थिक असमानता अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्ने समाजवादी सिद्धान्त र निजीकरणको सिद्धान्तसँगसँगै कार्यान्वयन गर्दै जाने देखिन्छ, जुन कार्यदिशाबाट शोषणरहित समाज बनाउन सकिन्छ भनेर महेन्द्र, वी.पी., मनमोहन अघि बढेका थिए, पूर्णतः असफल भए । त्यही कार्यदिशा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले अपनाएको छ, त्यो कमरेडहरूको "गोरु गाढा चढेर अमेरिकाको यात्रा" हो, पुरा हुन असम्भव छ । बुर्जुवा पुँजीवादी संसदीय व्यवस्थाको पक्षपाती "बहुदलीय जनवाद"लाई बलियो बनाउन ल्याईएको याये बजेटको बैचारिक धरातल खिचडीवाद हो, भ्रममा पुर्न आवश्यक छैन ।"

नेता तामाङ लेख्नुहुन्छ, "पञ्चायतीकालदेखि गणतान्त्रिककालसम्म विकासखर्च (पुँजीगत खर्च) २०-२५ प्रतिशत रहेको छ । विकासतर्फको यति थोरै पुँजीले राष्ट्रपतिको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने कुरा भन्न लागि भन्दिएको हो, कार्यान्वयन हुने कुरो होइन । विकासले गति लिनका लागि विकासको कुल बजेटको ४० प्रतिशतभन्दा माथि जरुरी छ भन्ने कुरा अर्थमन्त्रीले बुझेको हुनुपर्दछ । यसरी नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को २०७५/०७६ को बजेटको आय-व्यय दुबैको संरचना पञ्चायती सरकारको, राजसहितको संसदीय सरकारको र हालको गणतान्त्रिक सरकारको बीच तात्विक रूपले एउटै हुनुको अर्थ यिनका वर्गीय आधार मूलतः एउटै हुनु हो र स्वार्थ पनि एउटै रहनु हो ।"

बजेटले आगामी दिनमा पार्नसक्ने असरबारे विश्लेषण गर्दै तामाङ लेख्नुहुन्छ, "यो नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सरकारको बजेटले गर्न सक्ने भनेको विद्यमान अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामा हुनसक्ने केही सुधारका कुरामात्र हुन । त्यसबाट कुनै आर्थिक समृद्धि र समाजवादोन्मुख नभएर दलाल पुँजीवादोन्मुख अर्थतन्त्रमा मुलुक जकडिंदै जानेछ । यस अर्थमा यो बजेट कार्यक्रम नयाँ होइन, पुरानोकै निरन्तरतामा आएको छ र संघीयता विरोधी छ । के कुरा चाहि पक्का हो भने यो बजेट पञ्चायत, राजासहितको संसदीय र राजाविनाको संसदीय सरकारहरूकै कार्यक्रमको निरन्तरतामा छ, यसले पराधीनता अरु बढाउनेछ, मुद्रास्फिति अरु बढ्नेछ र अन्ततः धनी-गरिब बीचको खाडल अझ बढाउनेछ ।"

कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व अर्थमन्त्री डा. रामशरण महतले सरकारले ल्याएको बजेट बायुपंखी लक्ष्यले मात्रै भरिएको टिप्पणी गर्नुभएको छ । महतले सरकारले सस्तो लोकप्रियताका लागि मिठा मिठा शब्द जाल भरेर बजेट बनाएको दाबी गर्नुभएको छ ।

पूर्वअर्थमन्त्री समेत रहनुभएका सत्तारुढ पार्टी (नेकपा)का नेता सुरेन्द्र पाण्डेले बजेटप्रति टिप्पणी गर्दै भन्नुभएको छ, "कुल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आयलाई पनि केही सांकेतिक कुरा गरेको छ । १० वर्षभित्रमा दोहोरो अंकमा जाने र ५ वर्षभित्र ८ प्रतिशत कटाउने भनेर आर्थिक बृद्धिको कुरा गरिएको छ । प्रतिव्यक्ति आय करीव एक लाखबाट दोब्बर गर्ने कुरा आएको हो । यसका लागि उत्पादन बढाउनुपर्छ । उत्पादन नबढी प्रतिव्यक्ति आय पनि बढ्दैन र आर्थिक बृद्धि पनि हुँदैन । उत्पादन बृद्धि गर्नका लागि ठूला योजनाहरूमा कति लगानी छ ? यो प्रश्न अहिले उठेको छ । बजेटले यसको जवाफ दिन सकेको छैन ।"

यस्तै सत्तारुढ पार्टीकै नेता भरतमोहन अधिकारीले पनि बजेट विगतकै निरन्तरता भएको भन्दै सरकारले भनेजस्तो यो सरकारले आर्थिक समृद्धि र स्थायित्व ल्याउन नसक्ने दावी गर्नुभएको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा सत्तारुढ पार्टीकै नेता कार्यकर्ताको ठूलो लगानी रहेकोले संविधानले मौलिक हकको रूपमा परिभाषित गरेको शिक्षा र स्वास्थ्य जस्तो क्षेत्रमा समेत निजीकरण र व्यापारीकरणलाई बजेटले बढवा दिएको भन्दै सत्तारुढ पार्टीभित्रै पनि तीव्र आलोचना भइरहेको छ ।

सरकारको नीति तथा कार्यक्रम, बजेट, सत्ता समीकरण, सत्तास्वार्थ र बढ्दो आपसी स्वार्थपूर्ण अन्तर्विरोधले दुईतिहाई बहुमतको सरकार भएपनि यसले लक्षित उद्देश्य हासिल गर्न नसक्ने र जनअसन्तोष र जनआक्रोश चुलिदै जाने विश्लेषणहरू सर्वत्र हुन थालेको छ । कांग्रेसले समेत सदनमा प्रभावकारी भूमिका खेल्न नसकिरहेको अवस्थामा जनताले सडकको प्रतिपक्षीलाई वैकिल्पक शक्तिको रूपमा हेर्न थालेको र सडकको प्रतिपक्षीको रूपमा रहेको क्रान्तिकारी माओवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले आफ्नो प्रभावकारी भूमिका बढाउनुपर्ने माग जनस्तरमा समेत बढ्दै जान थालेको छ ।

## महँगी...

समायोजनको नाममा पछिल्लो ३ महिनामै ५ पटक मूल्यवृद्धि गरेको छ ।

आयल निगमको सञ्चालक समिति बैठकले शनिबार राति १२ बजेबाट लागू हुनेगरी पेट्रोल, डिजेल र मट्टीतेलमा ३/३ रूपैयाँ मूल्य बढाएको हो । मूल्य बढेसँगै अब पेट्रोल प्रतिलिटर ११३ रूपैयाँ पुगेको छ । डिजेल र मट्टीतेलको मूल्य भने ९५ रूपैयाँ पर्छ ।

नयाँ मूल्यअनुसार झापा, विराटनगर, महेन्द्रनगर (धनुषा), वीरगञ्ज, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज र धनगढीमा पेट्रोलको मूल्य प्रति लिटर एक सय ११ रूपैयाँ ५० पैसा र डिजेल तथा मट्टीतेलको मूल्य ९३ रूपैयाँ ५० पैसा कायम गरिएको छ। पोखरा र दाङमा भने पेट्रोलको प्रति लिटर एक सय १२ रूपैयाँ ५० पैसा र डिजेल तथा मट्टितेलको मूल्य ९४ रूपैयाँ ५० पैसा कायम भएको छ ।

## कर्मचारी...

आयोगले पनि तीनतहको संरचनामा काम गर्ने निश्चित छ । यसले देशका लागि तीन तहका सरकारी कर्मचारी निर्माण गर्ने छ । उसै त पदसोपानको लालफित्ताशाही रहने कर्मचारी झन् राणकालीन 'ए', 'बी' र 'सी' श्रेणीमा विभाजित हुन पुगेपछि कर्मचारीको मनोबल र कार्यसम्पादन कति गुणस्तरीय होला ? । यसबारे गम्भीरतापूर्वक सोचिनु पर्छ ।

स्वेच्छिक अवकासको कुरा उठ्दा धेरै कर्मचारीले अबकाशको बाटो रोज्नुका पछाडि मूलतः यिनै अप्ठ्याराहरूले काम गरेका छन् ।

# ललितपुरमा क्रान्तिकारी माओवादीका नगर अधिवेशन सम्पन्न

ललितपुर । नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरको महानगरपालिका, महालक्ष्मी नगरपालिका र गोदावारी नगरपालिकामा अधिवेशन सम्पन्न भएको छ । प्राप्त जानकारी अनुसार जेठ १६ मा महालक्ष्मी नगरपालकाको नगर अधिवेशन सम्पन्न भयो । पार्टी स्थायी समिति सदस्य गौरवको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त अधिवेशनले २ सदस्य पछि थप्ने गरी १७ सदस्सीय नगर कमिटि निर्वाचित गरेको छ । उक्त अधिवेशनमा पार्टी स्थायी समिति राजवीर, पिविएम प्रभाकिरण, जिल्ला इन्चार्ज भरत, सेक्रेटरी श्याम, इन्दिरालगायतका नेताहरूको उपस्थिति रहेको थियो । जिल्ला सचिवालय सदस्य कुमारले सञ्चालन गरेको उक्त अधिवशेनको अध्यक्षता अर्जुनले गर्नुभएको थियो ।

भेलाले भिमसेनलाई कमिटिको सेक्रेटरीमा चयन गरेको छ भने ललितपुर महानगरको सेक्रेटरीमा नगेन्द्र र गोदावारी नगरपालिका सेक्रेटरीमा रोशनलाई चयन गरेको छ । महानगरमा ११ र गोदावारी नगरमा ९ सदस्यीय कमिटि निर्माण गरिएको छ ।

# देजमो धरानको अध्यक्षमा निर्मल बज्राचार्य

धरान । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल धरान नगर भेला सम्पन्न भएको छ । भेलाले निर्मल वज्रचार्यको अध्यक्षतामा १३ सदस्सीय नगर समिति चयन गरेको छ । मोर्चाका १ नं. प्रदेश संयोजक नगेन्द्र राईको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले समितिको सचिवमा गोपी पाण्डे र सदस्यहरुमा कपुर गुरुङ्ग, राम कुमार शाहा, प्रेम राई, सुरेन्द्र देवान, ज्ञानु लिम्वु, उपेन्द्र झा, र ञ्जिता तामाङ्ग, वाल कुमारी तामाङ्ग, शुसीला थापा, धिरेन लिम्वुलाई चयन गरेको छ । नव निर्वाचित समितिलाई सुनसरी जिल्ला पार्टी सचिव पेमा लामा, केन्द्रीय सदस्य गणेश कट्वाल, देजमोका जिल्ला अध्यक्ष टिका राईले शुभकामना मन्तव्य राख्नुभएको थियो । भेलामा पार्टी जिल्ला ईन्चार्ज मनोज श्रेष्ठ, पूर्व केन्द्रीय सल्लाहकार पारस लिम्वु र मोर्चाका उदयपुर संयोजक लालवहादुर को समेत उपस्थिती रहेको थियो । भेला पूर्व नगर संयोजक गौरव राईको अध्यक्षतामा तथा शुक्र तामाङ्गको सञ्चालनमा समपन्न भएको थियो ।

## पूर्वजनमुक्तिसेना....

माझमा गर्ने अवस्थासम्म ल्याइपुऱ्याउने क्रान्तिका बाहक भने अलपत्र परेका छन् । यी नेताका मानसपटलमा यी योद्धाहरूको स्मरण कतै पनि छैन आज ।

दिल्लीमा गोप्य संझौतापछि तात्कालीन एकीकृत माओवादीका अध्यक्ष तथा जनमुक्ति सेनाका सुप्रिम कमाण्डर प्रचण्डले जनमुक्ति सेनालाई मुक्ति यात्राबाट अलग्याएर 'लाल छाउनी' हरूमा कैद गरेका थिए । तात्कालीन सात/सात डिभिजनका छाउनीहरू बनाइए । हतियार सबै कन्टेनरमा थन्क्याइए । ती हतियारको साँचो राख्ने र त्यसको सुपरिवेक्षण गर्ने जिम्मा नेपालस्थित अन्तर्राट्रिय संस्था 'अनमिन'लाई दिइयो ।

त्यतिबेला यी जनमुक्ति सेनामा आएको विद्रोहको भावनालाई थामथुम पार्न प्रचण्डले उनीहरूलाई 'वार भेटेरान' को प्रमाणपत्र दिलाउने समेत् सार्वजनिक रूपमा वाचा गरेका थिए ।

तर दिल्लीको निर्देशनमा पाएको गोप्य सुलहबमोजिम प्रचण्ड जनमुक्ति सेनाको क्याम्पमा आत्मगत र अन्तर भेदनको अस्त्र चलाउन अघि बढे । उनले रातारात झुठको पुलिन्दा कोरेर अनेकन नाटक मञ्चन गर्दै गए । क्याम्पमा ७ डिभिजन र बाहिर १४ डिभिजन जनमुक्ति सेना बनाउने ढोल पिटे । यो 'लाल छाउनी' भित्ररहेका जनमुक्ति सेनाबीच घनिभूत प्रशिक्षणका रूपमा लगियो ।

यही निहुँमा ती क्याम्प वा 'लाल छाउनी' हरूबाट छानीछानी कमाण्डरहरूलाई बाहिर निकालियो, अरु थप १४ डिभिजन जनमुक्ति सेना निर्माण गरिने आश्वासनमा । यहीबाट सुरु भएको थियो जनमुक्ति सेनाको बहिर्गमनको यात्रा ।

एकाध बाहेक जनमुक्ति सेनाका कमाण्डरहरूले विश्वासका साथ आदेश पालना गरे त्यतिबेला । उनीहरूले स्वाभाविक सोंचका साथ 'लाल छाउनी' छाडे । उनीहरूलाई भनिएको थियो- 'अब यो सात डिभिजनबाट एक्काईस डिभिजन जनमुक्ति सेना बनाइने छ ।' कमाण्डरहरूले आदेशको पालना गरे । बरु अन्तरमनले गमे- 'जनयुद्धको जगमा जनविद्रोह गर्न खुल्ला खालको अरु चौध डिभिजन त चाहियो नै ।' जनमुक्ति सेनाका कमाण्डरहरू सजिलै बहिर्गमित भए ।

जनमुक्ति सेना बिघटन गर्नु थियो । यत्तिले अझैं पनि पुगेन । तात्कालीन अन्तरष्ट्रिय सुपरीवेक्षण गर्ने संस्था 'अनमिन' बाँकी रहेका जनमुक्ति सेनाको कटौती र घटौती गर्ने मापदण्ड निर्धारण गरी ज्यान फालेर अघि बढ्यो । हात रित्ता बनायो । छातीमा फित्ता लगायो । उचाइमा बित्ता लगायो । अन्तिममा त भित्ता लगायो । कुरा आयो- 'अयोग्य माओवादी लडाकु !' यो थियो दोस्रो चरणको बहिर्गमन ।

कुरा त कतिसम्म पनि आयो भने 'ती त नेपाली समाजबाट विद्रोह गरी भागेका भगौडाहरू हुन्' भनेजस्तो गरी तिनलाई घरसमाजमा फर्काएर 'पुनर्स्थापना' गर्नुपर्छ । उनीहरूलाई गाउँमा पुनर्स्थापनाका नाममा 'राहत' दिएर घर पठाइयो । यो बहिर्गमनको चरणबाट धेरैलाई लाखापाखा लगाइयो । हाल यी अधिकांश पूर्व जनसेना जीवनको उत्तरार्धमा बाध्यताको जञ्जीरले बेरिएर विदेशी भूमिमा हाड र छाला घोटिरहेका छन् ।

आज विभिन्न चरणमा योजनाबद्ध रूपमा बहिर्गमित बनाइएका जनसेनाहरूको विचल्ली छ । विपत्ति आइपरेको छ जीवनमा । मुक्तिका लागि बन्दुक बोकेका हातहरूले ज्ञापनपत्र बोकेर सहारा मागिरहेका छन् । ज्ञापनपत्रमा उनीहरूले 'वाम' भनिने सरकारको राज्यसत्ता भने मागेका थिएनन् र छैनन् पनि ।

## आइकोरको...

चलेको भेटवार्तामा नेपालको कम्युनिस्ट आन्दोलन, एमाले माकेको एकता, ओली नेतृत्वको सरकार, कम्युनिस्ट क्रान्तिकारीहरूको स्थिति लगायतका विषयमा उनीहरूले राखेको जिज्ञासामा पार्टी महासचिव किरणले सविस्तार चर्चा गर्नुभएको थियो । महासचिव किरणले सरकार वाम वा कम्युनिस्ट नभएको, नीति कार्यक्रम र बजेटले सरकार प्रतिक्रियावादी भएको पुष्टि भएको कुरा राख्नुभएको थियो । भेटवार्ताको क्रममा जर्मनीको कम्युनिस्ट आन्दोलन, अहिलेको विश्व परिस्थिति, आइकोर (इन्टरनेशनल कमिटि अफ रेभ्युलुसनरिज) लगायतको विषयमा पनि छलफल भएको देजमो अध्यक्ष गजुरेलले दिएको जानकारी दिनुभयो ।

आइकोर अन्तर्राष्ट्रिय स्तरमा साम्राज्यवाद र फासिवादका विरुद्ध क्रान्तिकारीहरूले चलाउने अभियान तथा मोर्चावन्दी गर्ने प्लेटफर्म हो । पार्टी तथा मोर्चाको निर्णय र उक्त छलफलमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल पनि आइकोरको सदस्य बन्ने सहमति भएको अध्यक्ष गजुरेलले जानकारी दिनुभयो ।




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।